COVID-19 CORONA VIRUS कोरोना भाइरस

जनहितमा जारी जनचेतनामूलक सन्देश

कोरोना भाइरसका मुख्य लक्षणहरू



ज्वरो
(१००.४° F भन्दा माथि)



श्वासप्रश्वासमा अत्यधिक समस्या



रुघा र खोकी

नोबेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसमा दुई हप्ताभित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्यधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।

कसरी आफू र अरूलाई बचाउने ?



नियमित रूपमा साबुन पानीले हात धुने ।



खोक्दा र हाच्छ्युँ गर्दा नाक र मुख छोप्ने ।



फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।



फ्लू जस्तो लक्षण देखिने जो कोहीको सम्पर्कबाट टाढा रहने ।



जङ्गली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।



पशुजन्य मासु, दूध तथा अण्डा राम्रोसँग पकाएर खाने ।

वर्ष ३६, अङ्क २, २०८० साल साउन

July-August 2023

Twitter: @YuvamanchGps | yubamanchmonthly

यस भित्र







४६

चर्चामा टाइटानिक

टाइटानिक आयरल्यान्डको बेलफास्टमा निर्मित तत्कालीन समयको निकै सुविधासम्पन्न विशाल पानीजहाज थियो ।

५१

बाटो चिनाउने 'बाटो म्याप्स'

गुगल म्याप प्रयोग गरे पनि ठेगाना बताउने नेपालीको ठेट शैलीका कारण भनेको ठाउँमा ठ्याक्कै पुग्न पनि सकिने अवस्था छैन ।

६५

मिर्गौलाको क्यान्सर

पिसाबमा रगत देखा पर्नु पहिलो र प्रमुख लक्षण हो ।

५५

नेटोमा फिनल्यान्ड

युवामञ्चमा लेखरचना तथा चिठीपत्र पठाउँदा निम्न ठेगानामा पठाउनु होला-

yubmanch@gmail.com
सम्पर्क- सम्पादकीय- ५३५७०३१
गोरखापत्र संस्थान, धर्मपथ, काठमाडौं, पो.ब.नं. २३

अनलाइनमा युवामञ्च

https://gorkhapatraonline.com/yuba-manch
http://www.gorkhapatraonline.com/epaper

युवामञ्च

कार्यकारी अध्यक्ष
विष्णुप्रसाद सुवेदी तथा महाप्रबन्धक
लालबहादुर ऐरीद्वारा
गोरखापत्र संस्थानका लागि
संस्थानको छापाखानामा मुद्रित
तथा प्रकाशित

सम्पादक
उमेशकुमार ओझा

नायब कार्यकारी सम्पादक
भवानी सुवेदी

सह–सम्पादक
शरदराज सुवेदी

वितरण विभाग
भगीरथ बस्नेत

उत्पादन विभाग
रेखादेवी श्रेष्ठ

शुद्धाशुद्धि
बोमबहादुर रायमाझी

लेआउट तथा डिजाइन
रोशनप्रकाश दनुवार

गोरखापत्र संस्थान
पो.ब.नं. २३, धर्मपथ, काठमाडौँ, नेपाल।
इमेल : yubmanch@gmail.com
फोन – सम्पादकीय : ५३५७९३१
विज्ञापन : ५३२७४९३, वितरण : ४२२०६३८,
पूर्व क्षेत्र प्रदेश स्तरीय प्रकाशन कार्यालय,
विराटनगर : ०२१–४७१७४६
पश्चिम क्षेत्र प्रदेश स्तरीय प्रकाशन कार्यालय,
कोहलपुर : ०८१–५३१६२२/२३
प्रदेश स्तरीय कार्यालयहरू,
जनकपुर : ०४१–५९०४२९
हेटौँडा : ०५७–५९०६५१
पोखरा : ०६१–५३८५२२
बुटवल : ०७१–५४१४३८
सुर्खेत : ०८३–५९००६०
धनगढी : ०९१–४१२०४३

एकप्रतिको मूल्य रु.२५/–
वार्षिक मूल्य रु.२५०/–

सम्पादकीय

साइबर सचेतना

विकास र विनाश दुवैको उत्तिकै सम्भावना बोकेको क्षेत्र हो सूचना प्रविधि। सूचना प्रविधिको वस्तुनिष्ठ सदुपयोगद्वारा कतिपय व्यक्ति उन्नतिको शिखरमा पुगेका छन् भने कतिपय कारावासलगायतका कानुनी दण्डको भागिदार तथा सामाजिक अपमान र लान्छनाको सिकार भएका प्रशस्त उदाहरण हामीबीच उपलब्ध छन्। अहिलेको प्रविधिको युग भनेकै मानव जीवनलाई सरल र सहज बनाउनका लागि हो भन्दा अन्यथा हुँदैन।

हातहातमा मोबाइल फोन तथा साथमा ल्यापटप नहुने विरलै मानिस हुन्छन्। जतासुकै जुनसुकै ठाउँमा उपलब्ध हुने इन्टरनेटको सुविधाले त विद्यमान विश्व समुदायलाई सानो गाउँमा सीमित गरिदिएको छ। यो परिदृश्यलाई सूचना प्रविधिको क्षेत्रमा विश्वमा भएको ठूलै फड्कोका रूपमा पनि बुझ्न सकिन्छ। सहज उपलब्धता र पहुँचका कारण संसारमा सूचना प्रविधिको बढीभन्दा बढी प्रयोग भइरहेको छ, यो स्वाभाविक पनि हो। यस अर्थमा यो शताब्दीलाई सूचना प्रविधिको युग भनिन्छ।

वास्तवमा भन्ने हो भने सूचना प्रविधिको बढीभन्दा बढी प्रयोग गर्ने भनेको युवाले नै हो। आजका युवामा देखिएको प्रविधिप्रतिको बढ्दो मोह र आशक्तिलाई सकारात्मक रूपमा लिइए पनि कहिलेकाहीँ यसले निकै ठूलो समस्या उत्पन्न गराउने गरेको यथार्थलाई हामीले भुल्न हुँदैन। सूचना प्रविधिको सुसञ्चालन गर्न नजान्दा जानेर वा नजानेर साइबर अपराधको सिकार हुनेमा युवा नै बढी देखिएका छन्।

प्रविधिमैत्री बन्दै गएको मानिसको जीवनलाई थप सहज र प्रभावकारी बनाउन साइबर क्राइमका बारेमा सचेतना आवश्यक छ।

सूचना प्रविधिको दुरूपयोग बढेकाले साइबर कानुन नै लगाएर त्यस्तालाई राज्यले कानुनी कारबाही गर्ने गरेको छ। कानुनमा जेल हाल्नेसम्मको व्यवस्था छ।

त्यसैले सूचना प्रविधिको सदुपयोग कसरी गर्ने भन्ने विषयमा जनचेतना जगाउनु अहिलेको आवश्यकता बनेको छ। युवामा साइबर क्राइमका बारेमा शिक्षा र चेतनाकै कमी छ। नजानेरै फस्नेहरू पनि छन्। त्यसैले हाम्रा पाठ्यपुस्तकमा नै साइबर शिक्षा समावेश गराउन सके त्यसले नैतिक शिक्षाका रूपमा समाजमा सकारात्मक परिणाम दिने छ भन्ने विश्वास गर्न सकिन्छ। साइबर क्राइम भनेको के हो ? कसरी हुन्छ ? भन्ने बारेमा दिइने शिक्षाले सूचना प्रविधिको सही सदुपयोग मात्र नभई समग्र समाज र राष्ट्रकै उन्नति र प्रगतिमा उल्लेख्य योगदान पुग्ने भएकाले राज्यका सम्बन्धित निकायहरू यस विषयमा गम्भीर बन्नु वाञ्छनीय छ। ■

रोचक लेखलाई स्थान

२०८० साल असारको युवामञ्चमा प्रकाशित प्रायःजसो लेख रचना रोचक एवं पठनीय छन् । त्यसमा पनि पहिचानको खोजीमा नटुवा, बर्मुडा ट्राएङ्गलको कुचक्र, तन्त्र सिद्दिका लागि तान्त्रिक साधना, इन्टरनेटको कालो दुनिया डार्क वेब, प्रसारण आतङ्कको एउटा अध्याय, उहिलेका शस्त्रास्त्र, हवाई यसरी बन्यो अमेरिकाको प्रान्त र चार्ल्सको राज्यभिषेक लेख निकै राम्रा छन् । त्यस्तै दुई ऐतिहासिक लेख साहसी महिला लक्ष्मीबाइ र क्लियोपेट्रा रहस्यमय रानी पनि रोचक छन् ।

प्राडा सुमनराज ताम्राकारको स्वास्थ्यसम्बन्धी लेख मुखको क्यान्सर सबैका लागि अति उपयोगी छ । आगामी अङ्कमा पनि यस्तै स्वास्थ्यसम्बन्धी लेख प्रकाशित होस् ।

त्यस्तै महिनाको खेलाडी स्तम्भमा अन्तर्राष्ट्रिय भलिबल खेलाडी निरुता ठगुन्नाका बारेमा जान्न पाउँदा खुसी लाग्यो । युवामञ्चका आगामी अङ्कमा पनि यस्तै रोचक एवं पठनीय लेखलाई विशेष स्थान दिइयोस् ।

अच्युतमान सिंह प्रधान 'उत्सुक'
बालुवाटार, काठमाडौँ



मिस नेपाललाई 'फलो' गरौं

युवामञ्चले सधैं युवालाई महत्त्व दिने गरेको छ । असार अङ्कमा त झनै महत्त्व दिएको पाइयो एकदमै खुसी लाग्यो । मिस नेपाल बनेकी एक जना नेपाली चेलीको ठूलो तस्बिर कभर फोटोसहित छापिएको रहेछ । उनका विषयमा पनि पढ्न पाइयो साह्रै राम्रो लागेको छ । उनी त वातावरण अभियन्ता पनि रहिछन् ।

एक पटक मात्र उनको विषयमा प्रकाशित गर्दैमा पुग्दैन है । उनी अब के गर्छिन्, उनका योजना के के रहेछन् आदि सबै विषयको जानकारी युवामञ्चले बेलाबेलामा गराए राम्रो हुने छ भन्ने मेरो सुझाव छ । यो पटकको युवामञ्चमा अरू विषय पनि पढ्नयोग्य नै छन् । डिजाइन र साजसज्जामा अलि मेहनत गर्ने हो भने अझ राम्रो हुने थियो कि भन्ने लागेको छ । युवामञ्चलाई थप शुभकामना ।

राधा अधिकारी
शनिश्चरे, झापा

नयाँलाई प्राथमिकता

वास्तवमा भन्नुपर्दा युवामञ्चले केही न केही नवीनतम र नयाँ खुराक दिने गरेका कारणले गर्दा नै म जस्ता पाठक यो पत्रिकाको शुभचिन्तक बनेका हौं । यो प्रतिक्रिया दिइरहँदा के पनि भन्न मन लागेको छ भने जुन नयाँ नयाँ विषय युवामञ्चमार्फत पढ्न पाइन्छ त्यसले नियमितता पाइरहोस् । असारको युवामञ्चको कुरा गर्नुपर्दा शस्त्रास्त्र के हुन् र प्राचीनकालका युद्ध र देवताकालका युद्धका बेलामा के कस्ता हतियार प्रयोग गरिन्थ्यो भन्ने जानकारी उहिलेका शस्त्रास्त्र भन्ने लेखले गराएको छ । सुन्दै अचम्म लाग्नेखालका युद्ध सामग्री साँच्चै सुन्न लायक हुँदा रहेछन् । यस्ता रोचक र ज्ञानवर्द्धक विषयको जानकारी दिने भएकाले नै यो पत्रिकासँग मजस्ता पाठकको प्रेम बसेको हो भन्ने लाग्छ । लभ यु युवामञ्च आई लभ यु ।

मदन भुजेल
बेलबारी, मोरङ

सबै राम्रा छन्

२०८० साल असारको युवामञ्च समयमै पढ्ने अवसर मिल्यो। २०४५ साल असारदेखि युवामञ्च नियिमित रूपमा नछुटाई पढ्दै आइरहेको छु। युवामञ्चले सधैँ केही न केही नयाँ, रोचक र ऐतिहासिक घटनालाई उजागर गर्दै आइरहेकोमा हामी पाठक खुसी छौँ। विमानमा कोलाहल मच्चाउने आन्द्रे शीर्षकको सामग्री निकै राम्रो लाग्यो। पहिचानको खोजीमा नटुवा जातिको बारेमा पढ्न पाइयो। शीतल गिरीले लेखेको तन्त्र सिद्धिका लागि तान्त्रिक साधना शीर्षकको लेख ज्यादै रोचक र ज्ञानवर्द्धक लाग्यो। काफल पाक्यो शीर्षकको लेख पढेपछि काफल पाक्यो भनेर चराले भन्ने गरेको याद आयो।

अजय शर्माले लेखेको इन्टरनेटको कालो दुनियाँ डार्क वेब शीर्षकको सामग्री पढ्न पाउँदा खुसी लाग्यो। प्रसारण आतङ्कको एउटा अध्याय शीर्षकको लेख ज्यादै रोचक छ। निर्मलकुमार आचार्यले लेखेको उहिलेका शस्त्रास्त्र शीर्षकको लेख निकै राम्रो लाग्यो। साहित्यकार प्राडा ज्ञानु पाण्डेका बारेमा जान्ने अवसर मिल्यो। रतन भण्डारीले लेखेको क्लियोपेट्रा रहस्यमय रानी शीर्षकको सामग्री पढ्ने अवसर मिल्यो। समग्रमा भन्नु पर्दा युवामञ्चको असार अङ्क पठनीय र रोचक छ।


DARK WEB
इन्टरनेटको कालो दुनियाँ
डार्क वेब

अरुणबहादुर खत्री 'नदी'
बूढानीलकण्ठ–४, पासिकोट, उज्यालो बस्ती, काठमाडौँ

खुराक राम्रो

युवामञ्चले स्वास्थ्यसम्बन्धी सामग्री सधैँ प्रकाशित गर्दै आइरहेकै छ तर यो पटक भने तान्त्रिक विधिसम्बन्धी लेख सामग्री प्रकाशित गरेको रहेछ। वास्तवमा यो लेखले एउटा राम्रै खुराक पस्किएको अनुभूति भएको छ। परापूर्वकालदेखि नै तन्त्रमन्त्रको मानव जीवनमा धेरै ठूलो महत्त्व रहँदै आएकाले पनि यो लेखको निकै महत्त्व छ । असारको युवामञ्च विशिष्ट खालको पाएँ। प्रायः सबै सामग्री पढ्न मन लाग्यो। पाठकको मन छुने मानवतासम्बन्धी लेखले आगामी अङ्कमा अझ प्राथमिकता पाउन सकोस् भन्ने सुझाव दिन चाहन्छु।

श्याम अधिकारी
ठमेल, काठमाडौँ

दिमागी प्रयोग चाहियो

युवामञ्चको एउटा स्तभमा हामी युवाले साह्रै दिमाग लगाउने पर्ने रहेछ। ब्रेन गेम नामको स्तम्भमा। दिमाग नलगाई र दिमाग नखियाई यसमा कुनै उपाय नै रहेन छ। युवाका लागि योभन्दा राम्रो केही हुन सक्दैन भन्ने लगेर यो पाठकपत्र खुसी साट्नका लागि लेखेको हुँ।

आजका युवा हिजोका भन्दा धेरै फरक भइसकेको बुझेर नै होला यो पत्रिकाले पनि आफूलाई निकै परिस्कृत र परिमार्जित गर्दै लगेको। युवाका लागि दिमागको अझ बढी प्रयोग गर्ने खालका लेख र स्तम्भ अपेक्षित छन्। सुझाव राख्ने अवसरका लागि आभारी छु।

शान्ता श्रेष्ठ
बोडे, भक्तपुर

डबली

विमानस्थलमै १८ वर्ष कैद !



इरानका एक जना १८ वर्षसम्म एउटा विमानस्थलमा फसेका छन् । सन् १९४६ मा जन्मिएका मेहरन करिमी नासर सर अल्फ्रेड मेहरन नामबाट समेत परिचित थिए । उनी इरानबाट भागेर युरोपमा जीवन जिउने प्रयासमा पेरिसको चार्ल्स दे गाल विमानस्थलको टर्मिनल एकमा १८ वर्षसम्म फस्न पुगे, सन् १९८८ अगस्त २६ देखि सन् २००६ जुलाईसम्म । बिरामी परेर अस्पताल भर्ना भएपछि मात्र उनले बाहिरको संसार देख्न पाएका थिए ।

सन् २००४ मा उनको आत्मवृत्तान्त 'द टर्मिनल म्यान' प्रकाशित गरिएको थियो । उनको जीवनगाथामा आधारित रहेर सन् २००४ मै 'द टर्मिनल' चलचित्रसमेत बनाइएको थियो ।

इरानका शासकविरुद्ध प्रदर्शन गरेका कारण आफूलाई सन् १९७७ मा इरानबाट निष्कासित गरिएको नासिरको भनाइ थियो । लामो सङ्घर्ष र कैयौँ देशमा आवेदन गरेपछि युनाइटेड नेसन्स हाई कमिस्नर फर रिफ्युजीद्वारा उनलाई बेल्जियममा शरणार्थी मान्यता प्रदान

समय नाशक

चिन्ता गर्नु ।
गुनासो गर्नु ।
टेलिभिजन हेर्नु ।
बढी सोच्नु ।
आलटाल गर्नु ।
असफलताको भय ।
दोषरहित बन्ने कोसिस ।
प्रेरित हुने प्रतीक्षा ।
अरुले के भन्लान् सोच्नु ।
एउटै गल्ती दोहोऱ्याउनु ।

गरियो। यस मान्यताका आधारमा युरोपका कतिपय अन्य देशमा उनलाई बस्ने अनुमति मिल्यो तर अनुसन्धानले के देखायो भने नासिरलाई इरानबाट कहिल्यै देश निकाला गरिएको थिएन, अनि सुरु भयो नयाँ विवाद।

आमा स्कटल्यान्डकी भएका नाताले नासिरले सन् १९८६ मा बेलायतमा बसाइँ सर्ने निर्णय लिए तर सन् १९८८ मा बेलायत जानेक्रममा उनको सुटकेस चोरियो र उनका कागजात सबै कथित चोरको हातमा पुगे।

केही स्रोतको दाबी के छ भने बेलायत जान पानीजहाज चढ्नु पहिले नासिरले वास्तवमा आफ्नो कागजात ब्रसेल्स मेल गरेका थिए र कागजात चोरिएको भनी उनले झुटो बोले। नासिरले पानीजहाजमा यात्रा गर्न पाएनन्। त्यसपछि नासिरले लन्डन जान विमान चढे तर बेलायती अध्यागमन अधिकारीलाई आफ्नो पासपोर्ट देखाउन नसकेपछि उनलाई फ्रान्स नै फर्काइयो।

नासिरलाई तत्काल फ्रान्सका प्रहरीले पक्राउ गरे तर लगत्तै रिहा



गरियो किनभने विमानस्थलमा उनको प्रवेश गैरकानुनी थिएन। नासिरसँग आफ्नो परिचय दिने कुनै पनि कागजात नभएका कारण उनी राज्यविहीन थिए। यस कारण उनी विमानस्थलको टर्मिनल एकमा दिन बिताउन थाले।

एक दुई दिन होइन, हप्ता वा महिना होइन, उनले पूरै १८ वर्ष राज्यविहीन नागरिकका रूपमा टर्मिनल एकमा जीवन बिताए। ■

-युवामञ्च

भासिँदै छ मेक्सिको सिटी



अमेरिकाद्वारा भिसा अस्वीकृत दर- २०२२

मोनाको	० %	अस्ट्रेलिया	१३ %	रुस	२६ %
इजरायल	२ %	कतार	१३ %	बङ्गलादेश	३० %
अर्जेन्टिना	४ %	चिली	१४ %	चीन	३० %
हङकङ	५ %	साउदी अरब	१४ %	पाकिस्तान	३१ %
जापान	६ %	ब्राजिल	१४ %	कोलम्बिया	३३ %
मेक्सिको	६ %	भियतनाम	१५ %	भेनेजुयला	३४ %
भारत	७ %	बेलायत	१६ %	युक्रेन	४१ %
चेक	८ %	नेदरल्याड्स	१७ %	केन्या	४२ %
पोर्चुगल	९ %	नर्वे	१७ %	सिरिया	४३ %
दक्षिण अफ्रिका	१० %	स्विडेन	१७ %	इराक	४५ %
युएई	१० %	साउथ कोरिया	१७ %	अफगानिस्तान	५३ %
सिङ्गापुर	१० %	टर्की	२० %	इरान	५४ %
स्पेन	११ %	आयरल्यान्ड	२१ %	क्युबा	५७ %
फिलिपिन्स	१२ %	श्रीलङ्का	२२ %	क्यानडा	५८ %
जर्मनी	१२ %	इजिप्ट	२३ %	रुवान्डा	६३ %
फिनल्यान्ड	१३ %	थाइल्यान्ड	२४ %	सोमालिया	७४ %
फ्रान्स	१३ %	इथियोपिया	२५ %	मौरितानिया	९० %
न्युजिल्यान्ड	१३ %	नाइजेरिया	२६ %	माइक्रोनेसिया	१०० %



मेक्सिको सिटी सुरुमा सन् १३२५ मा एउटा तालमा बसाइएको थियो । यही भएर अचेल हामीले देखेको मेक्सिको सिटी हरेक प्रतिवर्ष करिब ३.२ फिटले भासिँदै गएको छ ।

युरोपेलीहरु आइपुग्नुपहिले एज्टेकहरुले कृत्रिम टापु बनाउने प्रयासमा लागेको डी टेक्सकोको ताल पुरेका थिए । सन् १५२१ मा स्पेनीले त्यहाँ आएर आफ्नो बस्ती बसाउन सुरु गरे ।

मेक्सिको सिटीका स्थानीय जमिनमुनिको पानीमा भर पर्दा यो सहर भासिँदै गएको छ । एक रिपोर्ट अनुसार यो सहर ६० वर्षयता ३२ फिट भासिएको छ ।

राजखलक 'ताजपुरिया'

आदिवासी, जनजाति ताजपुरियाले झापा, मोरङ, सुनसरीका घनाजङ्गल फाँडेर मलेरियाजस्ता रोगसँग लड्दै पूर्वी नेपालको तराई क्षेत्रलाई कृषिको केन्द्र बनाएका छन् । भारतको तेजपुरबाट नेपाल भित्रिएकाले उनीहरू 'ताजपुरिया' भएका हुन् भन्ने कतिपयले तर्क गर्छन् । भारतको बिहार, पश्चिम बङ्गाल, आसाम, सिक्किम, मेघालयमा ताजपुरियाको बाक्लो बसोबास छ ।

अर्कोतिर विवाहमा बेहुला र बेहुलीले विशेष प्रकारका ताज लगाउने भएकाले यिनीहरू 'ताजपुरिया' बनेका हुन सक्ने अनुमान गरिन्छ । कतिपय ताजपुरियाले आफूलाई कोच राजाका सन्तान भन्दै 'कोच' हौँ भन्ने गर्छन् । कोचिला राज्यका राजसन्तान भएकाले यिनीहरूले ताज (श्रीपेच) लगाएका हुन सक्छन् । एसएल शर्माले 'विराट पर्वको भूमि नेपालः ताजपुरिया समाज ऐतिहासिक परिचय' नामक पुस्तकमा ताजपुरिया राजा शुसेनको सन्तान हुन् भनी उल्लेख गरेका छन् । राजा शुसेन तृगत राज्य (हालको झापा र आसपास) का राजा थिए ।

तृगत राज्यको राजधानी झापाको तोपगाँछीमा पर्ने विकिपिडियामा उल्लेख छ । यिनीहरूको शारीरिक बनोट र कतिपय सामाजिक, सांस्कृतिक विशेषता राजवंशीसँग मिल्दोजुल्दो छ । एकै क्षेत्रमा बसोबास गर्ने यिनीहरूको निरन्तरको सामाजिक अन्तर्क्रियाले पनि केही विशेषतामा समानता देखिएका हुन सक्छन् । राजवंशीलाई पनि कोचका सन्तान भन्दै कोच भनिने भएकाले यी दुई जातिको समान अस्तित्व हुन सक्नेमा थप मानवशास्त्रीय अध्ययनको आवश्यकता छ ।

ताजपुरियाको मातृभाषालाई ताजपुरी भनिन्छ । यो भाषा भारोपेली भाषा परिवार अन्तर्गत पर्छ तर ताजपुरीको आफ्नै लिपि छैन, देवनागरी नै हो । २०६८ सालको राष्ट्रिय जनगणना अनुसार ताजपुरियाको जनसङ्ख्या १९ हजार २१३ छ । राजवंशी र ताजपुरियामा केही सामाजिक सांस्कृतिक समानता देखिए पनि यिनीहरूको भाषा, संस्कार, परम्परा, मूल्य मान्यतालगायत सामाजिक जीवनशैलीमा भिन्नता छ । ताजपुरियाहरू आफूलाई भगवान् शिव र माता गङ्गा वंशीय सन्तान भन्छन् । ज्येष्ठ ताजपुरिया नागरिकका अनुसार उनीहरूले ठाकुर (शिव) लाई कुल देवता मान्छन् ।

ताजपुरिया समुदायमा मूर्ति पूजा गर्ने चलन छैन । यिनीहरू नदी, पहाड, जनावरलाई शक्तिको प्रतीक मानेर पूजा गर्छन् । हनुमानलाई हलुमान र ब्रह्माणीलाई देवी वा नाग भनेर विशेष अवसरमा पूजा गर्छन् उनीहरू । स्थानीय (ग्राम) देवतामा महाराज थानको पनि पूजा हुन्छ । भूमि, पानी अन्नको पनि पूजा गरिन्छ । धेरै रहनसहन हिन्दु परम्परामा आधारित छन्, बाहुन क्षेत्री कै समान छ । दसैं, तिहार फागुपूर्णिमा मनाउँछन् तर चैत मसान्तदेखि वैशाख २ गतेसम्म मनाइने सिरुवा यिनीहरूको विशेष पर्व हो । तीनदिने यो सिरुवामा क्रमशः पानी सिरुवा, काद सिरुवा, रङ सिरुवा मनाइन्छ ।

सिरुवाको पहिलो दिन अर्थात् पानी सिरुवामा एकआपसमा पानी छ्यापाछ्याप गर्दै उत्सव मनाइन्छ भने दोस्रो दिन हिलो खेलेर काद सिरुवा र



तेस्रो दिन रङ खेलेर रङ सिरुवा मनाउने चलन छ। यस अवसरमा छोरीचेली, इष्टमित्र बोलाएर विभिन्न परिकार खाने र नाचगान गरिन्छ। राजवंशी, गनगाई, थारू, माझीलगायतका जातिले पनि सिरुवा मनाउने गर्छन्। ताजपुरियाले औंसिया (तिहार), फगुवा, जेत्रा (दसैँ), कृष्णाष्टमी, शिवरात्रि पनि मनाउँछन्।

ग्राम र कुलदेवताको पूजा गर्दा भुइँमै गर्छन्। ग्रामपूजा सामूहिक तथा व्यक्तिगत रूपले गरिन्छ भने कुलपूजा परिवारको मुलीले गर्ने चलन छ। ग्राम र कुलदेवताको पूजा विवाह तथा मृत्यु संस्कार सम्पन्न गर्न अनिवार्य छ। कुल देवतालाई शिवको अवतारका रूपमा पूजा गर्ने चलन छ। प्रत्येक ताजपुरिया बस्तीमा ग्राम देवतालाई पूजा गर्न एउटा महाराजाथान निर्माण गरिएको हुन्छ।

जन्ममृत्यु संस्कार हिन्दु (बाहुन, क्षेत्री) सरह कै छन्। बच्चा जन्मिने बेला र सुँढेनी (मेभ्यानी) धामीझाँक्रीको सुविधा लिनेदिने गरिन्छ। बच्चा जन्मेको तीन दिनमै चोखिने चलन छ। हजामको खुर कैँचीको पानी घरको भित्र, बाहिर छर्केर लिपपोत गरेमा सुत्केरो परेको घर चोखिन्छ। मागी र प्रेम विवाह (विदभाडा) गर्ने चलन छ। दामदुम, घनजिया, डङुवा चलनचल्तीमा रहेको बताइन्छ।

विवाह लमीले मिलाउँछन्। केटा पक्षले करुह्वा (लमी) का साथ केटीको घरमा अनौपचारिक रूपमा कन्या माग्न गई विवाहको प्रस्ताव राख्छन्। सहमति भएमा केटी पक्षका केही व्यक्ति औपचारिक रूपमा केटा हेर्न (दुल्हा देखी) केटाको घरमा जान्छन्। यसपछि केटा पक्ष केटी पक्षकहाँ गएर मगनी (टीकाटालो) गर्छन्। जसलाई सुब-मनचुक्ति अर्थात् डालिखरा (फूलमाला) भनिन्छ। ताजपुरिया समुदायमा विवाह तीन दिनसम्म चल्थ्यो तर क्रमशः यस्तो प्रचलनमा परिवर्तन आई एकदिने विवाह पनि हुने गरेको छ।



विवाहको पहिलो दिन बेहुला, बेहुलीलाई आआफ्ना घरमा हल्दी (मेहदी) लगाइने भएकाले यसलाई 'हल्दी' भनिन्छ। यस दिन विवाहको घरमा सत्यनारायणको पूजा लगाइन्छ। दोस्रो दिन कासाकुटा हो, जसमा दिदीबहिनीलाई रातो वस्त्र उपहार दिइन्छ। दिदीबहिनीले कासा (जडीबुटी तथा औषधी, अत्तर) भुट्ने र ओखलमा कुटिएको धुलो तोरीको तेलमा मिसाई बनाइएको लेप कुल, इष्ट तथा ग्राम देवतालाई पूजा गरिसकेपछि बेहुला र बेहुलीको गाला तथा जिउमा लगाइन्छ। त्यसपछि बरिया (माटोको भुड्की) ले पालैपालो बेहुला र बेहुलीको टाउकोमा पानी खन्याई जलढाल्ला गरिन्छ। तेस्रो दिन विवाहको मुख्य दिनलाई सम्भर वा कुमरमर भनिन्छ। त्यस दिन बेहुलाले देवताको पूजाअर्चना गरी र आँपको फेदमा पाँच पटक परिक्रमा गर्दै सो रुखमा टाउको जुधाउनु पर्छ। जन्ती, बेहुला तथा करुह्वालाई बेहुलीका दिदीबहिनीले पान, सुपारीले स्वागत गर्छन्।

बेहुला लिएर गएको डोलीमा राखी बेहुलीलाई पनि आँपको बोटमा पुऱ्याई पाँच पटक घुम्दै टाउको जुधाउन भनिन्छ। विवाहको विद (मण्डप/जग्गे) मा बस्ने बेलामा बेहुलीलाई कोहोबर (बेहुली बस्ने घर) बाट रुँदै, एक हातमा दहीको लदिया (माटोको भाँडो) लिएर दिदीबहिनीको साथ जग्गेमा ल्याइन्छ। पुरोहित र हजामले कर्मकाण्ड गर्छन्। बेहुलीको अभिभावकबाट कन्यादान र बेहुलाबाट सिन्दुर दान गरी विद सकिन्छ।

बेहुली ल्याइसकेपछि बेहुलाको घरमा पनि विद हुन्छ। भोलिपल्ट बेहुली पक्षका केही मानिस आउँछन् र सम्धी लगाउने काम हुन्छ। त्यसै दिन बेहुली लिई माइती पक्ष घर फर्कन्छन्। त्यस दिनलाई आठवारी भनिन्छ। त्यसको भोलिपल्ट फेरि बेहुलासहित केही मान्छे बेहुलीकहाँ गई बेहुली ल्याउने गर्छन्। त्यस दिनलाई बसौनी भनिन्छ। यसरी विवाह सकिन्छ।

ताजपुरिया समुदायमा घुँगी, सिपी, गँगटा, माछा खानालाई महत्त्व दिइन्छ। अन्य खानामा रस्सा, फेद्गो, कान्जी, घोटोल, पेल्का विशेष तरकारीजन्य परिकार हुन्। जाडोयाममा बासी भातको खरखरा (भुटेर) र गर्मीयाममा पान्ता खाने गर्छन्। लाफ साग, पोइ साग, सुक्ता (सुकाती) पनि ताजपुरिया समुदायको विशेष परिकार मानिन्छ।


विगतमा पुरुष ताजपुरियाले लङ्गोटी धोती, खराउ, फेटा (गलबन्दी) गम्छा लगाउँथे, अचेल सर्ट प्यान्ट लगाउन थालेका छन्। चाडपर्वमा भने जातीय पहिरन लगाइन्छ। महिलाले पेटानी छिट (पछ्यौरी) सारी, चोलो लगाउँछन्। साना नानीले घाँघरी, जामा लगाउँथे र यो चलन पनि हराउँदै छ। महिलामा खरुवा, पाउजु, छर्रा, बाँक, सिप्टितार, चुरी, दुइनरिया, चारनरिया, बिच्छा, सना आदि गहना लगाउँछन्। ताजपुरिया महिलाले नाक छेड्दैनन्। ■

-त्रिभुवनचन्द्र वाग्ले

RIPLEY'S Believe It or Not!


अन्तिम 'ग्रेट अक', **ब्रिटिस द्वीप** समूहबाट **लोप भएको चरा**, लाई बोक्सी भएको आरोपमा मारिएको थियो ।





सर्कस रोङ्काली

यो जर्मनीको एउटा सर्कस हो जसले **पशु कल्याण**को वकालत गर्न आफ्ना प्रदर्शनमा **पशु** होइन कि **पशुका होलोग्राम** प्रयोग गर्दछ ।



जापानको **नागासाकीको कोनागी**मा रहेको नेसनल रूट २०७ मा फलको आकारमा बनाइएका **बस बिसौनी**मा बस रोकिन्छन् ।

 7-4

लिटिल ब्वाय पड्कनु अघि ट्रुम्यानको छटपटी

सुदूर समुद्रमा रहेको एउटा टापुमा घातक बम प्रहार अभियान सुरु गरिँद त्यस सम्पूर्ण प्रक्रियाबाट उद्विग्न राष्ट्रपति ह्यारी ट्रुम्यान आन्ध्र महासागरमा सूचनाको प्रतीक्षामा थिए ।

सन् १९४५ अगस्त ६ मा पहिलो पटक जब परमाणु बम हिरोसिमामा पड्काइयो तबदेखि मानव जाति परमाणु विध्वंसको भयमा बाँचिरहेको छ। ट्रुम्यानले राष्ट्रपति निर्वाचित भएको चार महिना नबित्दै परमाणु बम प्रहारका लागि आफ्नो सेनालाई आदेश दिनु परेको थियो। यस कारण यस परमाणु बमसँग ट्रुम्यानको जति ऐतिहासिक सम्बन्ध अरूको छैन। अमेरिकी विमानले हिरोसिमामा बम पड्काउँदा राष्ट्रपति ट्रुम्यान सोभियत सङ्घ अधीनस्थ जर्मन क्षेत्रमा

> ट्रुम्यानले आन्ध्रमहासागर हुँदै स्वदेश फर्किन अगस्तामा यात्रा सुरु गरेकै दिन अगस्त २ मा मेजर जर्नल कर्टिस लिमेको कमान्डमा रहेको २१ औँ बम्बर टुकुडीले शत्रुमाथि प्रहार गरेको थियो ।

बम पड्केपछिको हिरोसिमा।



एक पटक त अगस्ताको 'एड्भान्स म्याप रुम' ले ह्वाइट हाउसलाई 'म्यानहटन प्रोजेक्ट' का बारेमा कुनै खबर छ भनी सोध्यो पनि।

आयोजित पोट्सड्याम सम्मेलनमा सहभागी भई स्वदेश फर्कने क्रममा युएसएस अगस्ता पानीजहाजमा सवार थिए।

समुद्रमा पहिलो रात ट्रुम्यानको टोली राति ८:३० बजे विदेशमन्त्री जेम्स एफ बायर्न्सको क्याबिनमा भेला भयो। सन्दर्भ थियो– वन्डर म्यान चलचित्र हेर्ने। चलचित्र हेर्न ट्रुम्यान गएनन् र आफ्नै क्याबिनमा बसे। अघिल्लो दिन उनले आफ्नो डायरीमा लेखेका थिए, "सैन्य अखाडा, सैनिक र जलसैनिक लक्षित छन्, महिला र बालबालिका होइन।" पक्कै पनि उनलाई थाहा थियो त्यतिबेला उन्नत प्रविधिको त्यस बमले सैनिक र आमजनमानसलाई छुट्याउने छैन, त्यो भावना नै छैन।

धेरै टाढा पूर्वमा अमेरिकी सेनाको बी–२९ द्वारा मिटो, फुकुयामा र ओट्सुमा जस्ता सहरमा खसालिएका अग्निवर्षा गर्ने बमले जापान निरन्तर जलिरहेको थियो। ट्रुम्यानले आन्ध्रमहासागर हुँदै स्वदेश फर्किन अगस्तामा यात्रा सुरु गरेकै दिन अगस्त २ मा मेजर जर्नल कर्टिस लिमेको कमान्डमा रहेको २१ औँ बम्बर टुकुडीले शत्रुमाथि प्रहार गरेको थियो, जसलाई न्युयोर्क टाइम्सले भन्यो, "विश्वको इतिहासमा एकै पटकमा गरिएको सबैभन्दा ठूलो हवाई हमला।" त्यस हमलामा लगभग नौ सय बी–२९ विमान सहभागी थिए र तिनले करिब छ हजार ६३२ टन अग्निवर्षा गर्ने बम जापानका विभिन्न स्थानमा पड्काएका थिए। ती बमले जापानी सहरहरू कैयौँ किलोमिटरसम्म धुँधुँ गरेर जले।



उता आन्ध्र महासागरमा अगस्ता जसै जसै अगाडि बढ्दै गयो परमाणु बमलाई लिएर ट्रुम्यानको धड्कन पनि बढेर गयो । अभियानको गोपनीयताका कारण उनले पलपलको जानकारी पाइरहेका थिएनन् । एक पटक त अगस्ताको 'एड्भान्स म्याप रुम' ले ह्वाइट हाउसलाई 'म्यानहटन प्रोजेक्ट' का बारेमा कुनै खबर छ भनी सोध्यो पनि । ह्वाइट हाउसको 'म्याप रुम' सञ्चालकहरूले यस्तो कुनै प्रोजेक्टका बारेमा कुनै प्रमाण नभेटिएको जनाउ दिएको थियो ।

दक्षिण प्रशान्त महासागरमा अवस्थित गुआम टापुमा चहलपहल बढेको थियो । त्यहाँ रहेको आफ्नो मुख्यालयबाट अगस्त ५ का दिन दिउँसो २ बजे जनरल लिमेले अगस्त ६ मा सम्पन्न गर्ने गरी अत्यन्त गोप्य अभियानलाई अगाडि बढाउन ५०९ औँ हवाई दस्तालाई आदेश दिए ।

लिमेले समेत परमाणु बमका बारेमा जानकारी पाएको धेरै समय भएको थिएन । गुआम आएका विशेष दूतले उनलाई त्यस बमका बारेमा बताएका थिए । लिमेलाई आदेश थियो पहिलो बम पड्काउने प्राथमिक लक्ष्य हिरोसिमा हो । गुप्तचरबाट प्राप्त सूचना अनुसार हिरोसिमा सैन्य सहर थियो । फौजलाई रसदपानीको बन्दोबस्त गर्न त्यहाँ ठूलो भण्डार गृह मात्र थिएन हिरोसिमामा युद्धबन्दीसमेत नराखिएकाले परमाणु बमको निसानामा अमेरिकीहरू पर्ने सम्भावना पनि लिमेले देखेका थिएनन् ।

गुप्तचरबाट प्राप्त सूचना अनुसार हिरोसिमा सैन्य सहर थियो । फौजलाई रसदपानीको बन्दोबस्त गर्न त्यहाँ ठूलो भण्डार गृह मात्र थिएन हिरोसिमामा युद्धबन्दीसमेत नराखिएकाले परमाणु बमको निसानामा अमेरिकीहरू पर्ने सम्भावना पनि लिमेले देखेका थिएनन् ।



लिमेको आदेशमा हिरोसिमामा अहिलेसम्म हमला गरिएको पनि थिएन । यो एक सम्पन्न र हमलाबाट अछुतो सहर थियो । अमेरिकी गुप्तचर निकायको रिपोर्टमा उल्लेख गरिए अनुसार यहाँ तीन लाख १८ मानिस बसोबास गर्दथे ।

अगस्त ५, दिउँसो टिनिअन टापुमा सैन्य अधिकारीहरूले शस्त्रागारबाट परमाणु बम 'लिटिल ब्वाय' लाई बाहिर निकालेर हवाई मैदानमा ल्याए । हल्का अन्डाकार तथा स्टिलको आवरणमा राखिएको यस बमको एक कुनामा बमलाई लक्ष्योन्मुख गराउने उपकरण जडित थियो ।

त्यस समय यस बमका बारेमा सबैलाई त्यति धेरै जानकारी थिएन । 'म्यानहटन प्रोजेक्ट' का सबै कुरा परीक्षणात्मक र गोप्य थिए । मुस्किलले दुई हप्ता पहिले न्यु मेक्सिकोमा सम्पन्न गरिएको 'ट्रिनिटी एटोमिक टेस्ट' मा प्रयुक्त बमभन्दा 'लिटिल ब्वाय' पड्काउने विधि फरक भएकाले यस हतियारले काम गर्नेमा


परमाणु बम लिटिल ब्वाय ।

शङ्का थियो ।

टिनिअन 'एयरबेस' आफैँमा एक श्रम शिल्पको चमत्कार नै थियो, अमेरिकी प्रतिभाको प्रतीक । एक वर्ष पहिलेसम्म यस टापुको अधिकांश भाग उखु खेतीले ढाकिएको हुन्थ्यो । यो अब विश्वको सर्वाधिक ठूलो हवाई मैदानमा परिणत भयो । विमानस्थल बनाइनुका अनेक कारण थिए तर सबैभन्दा महत्त्वपूर्ण थियो 'लिटिल ब्वाय' को परिचालन ।

अगस्त ५ मा दिउँसो सैनिक अधिकारीहरूले बी–२९ सुपरफोट्रेस विमानमा परमाणु बम लादे । त्यसै दिन बी–२९ का पायलट पल डब्ल्यु टिबेट्सले आफ्नो आमाको नामबाट विमानको नाम 'एनोला गे' राखेका थिए । पक्कै पनि श्रीमती टिबेट्सले कहिल्यै सोचेकी थिइनन् होली आफ्नो नाम यस्तो ऐतिहासिक घटनासँग जोडिने छ । 'एनोला गे' इतिहासमा निकै आलोच्य सैन्य विमान बन्न पुग्यो ।

पक्कै पनि श्रीमती टिबेट्सले कहिल्यै सोचेकी थिइनन् होली आफ्नो नाम यस्तो ऐतिहासिक घटनासँग जोडिने छ । 'एनोला गे' इतिहासमा निकै आलोच्य सैन्य विमान बन्न पुग्यो ।

'एनोला गे' सहित सात विमानले साथै उडान भरेका थिए, सबै बी–२९ थिए । जसमा तीन विमान मौसमको जानकारी लिने, विस्फोटको मापन गर्ने उपकरण राखिएको एक, एउटा चाहिँ क्यामरा उपकरण र अवलोकनका लागि, एउटा अतिरिक्त विमान थियो भने 'एनोला गे' त भई नै हाल्यो ।

सातवटै विमानको चालक दलका सदस्यलाई मध्यरातमा वस्तुस्थितिको अन्तिम जानकारी दिइएको थियो । उनीहरूले पहिलो पटक परमाणु बमका बारेमा जानकारी पाएको ४८ घण्टा पनि भएको थिएन तर त्यस अभियानका लागि उनीहरू महिनौँदेखि तालिम लिइरहेका थिए । चालक दलका सबै सदस्यलाई प्राथमिक लक्ष्य हिरोसिमासहित वैकल्पिक लक्ष्यको कुरा र नागासाकीको हवाई तस्बिरहरू देखाइएको थियो । उनीहरूलाई ट्रिनिटी विस्फोट गराइँदाको विस्तृत जानकारी पनि दिइयो, तस्बिरहरू देखाइयो । उनीहरूले ट्रिनिटीको श्रव्यदृश्य देख्न चाहिँ पाएनन् किनभने त्यसको मेसिन बिग्रियो । यस कारण बमको दृश्य प्रभाव उनीहरूका लागि रहस्य नै रह्यो ।

विस्फोटबाट आफ्नो आँखा जोगाउन अन्तिम 'ब्रिफिङ' का बेला चालक दलका सदस्यलाई कालो चस्मा दिइयो । उनीहरूलाई भनिएको थियो, त्यहाँ नयाँ सूर्य जन्मिएको जस्तो हुने छ । त्यसपछि एक जना पादरीले शत्रुसँग लड्न जान लागेको

टोलीका लागि प्रार्थना गरेका थिए ।

हजारौँ किलोमिटर टाढा अगस्तामा सवार राष्ट्रपति ट्रुम्यानसमेत सोही समयमा जहाजमै प्रार्थना गर्दै थिए, त्यस दिन अगस्त ५ आइतबार नै थियो । विदेशमन्त्री बायर्न्स र जहाजका कप्तान जेम्स फस्केट पनि राष्ट्रपतिसँगै प्रार्थना सभामा सहभागी थिए । उता टिनिअनमा बिहानको २:२७ बजे टिबेट्सले 'एनोला गे' का चारै 'राइट साइक्लोन' इन्जिन चालु गरे र विमान धावन मार्गमा अगाडि बढ्न थाल्यो । यस अभियानलाई 'डिम्पल ८२' कोड नाम दिइएको थियो ।

बिहान २:४५ बजे 'एनोला गे' ले हिरोसिमालाई गन्तव्य बनाएर उडान भऱ्यो । ट्रुम्यान अगस्त ५ को साँझ ६ बजे रातिको खाना खाँदै गर्दा 'एनोला गे' पूर्वनिर्धारित समय र स्थान अनुसार नौ हजार फिटको उचाइमा रहेर इवो जिमा टापुमाथि थियो ।

दक्षिण प्रशान्त महासागर क्षेत्रमा अगस्त छका दिन सूर्योदय हुँदै थियो । लस अलामसमा परमाणु बमको अनुभव सँगालेका हतियार विशेषज्ञ तथा हतियार सञ्चालकका रूपमा 'एनोला गे' मा सवार विलियम स्टर्लिङ पार्सन्स बिहान ७:३० बजे बम राखिएको स्थानमा गए र उनले 'लिटिल ब्वाय' लाई पड्काउन तयार पारे । उनले पहिले हरियो रङका 'प्लग' झिके र त्यसपछि तिनमा रातो रङका 'प्लग' हाले ।

मौसम सफा थियो । यस कारण टिबेट्सले प्राथमिक लक्ष्य हिरोसिमामै बम पड्काउने निर्णय लिए । "यो हिरोसिमा हो," उनले इन्टरकममा घोषणा गरे र तुरुन्तै 'एनोला गे' लाई ३१ हजार फिटमा लगेर गए । चालक दलका सदस्यले सुरक्षाका लागि विशेष पोसाक लगाएर बम पड्कने बेला कालो चस्मा लगाउन टिबेट्सले उनीहरूलाई सम्झाए ।

अगस्त ५, रातिको ८ बजे अगस्तामा साँझको चलचित्र 'द थिन म्यान गोज होम' देखाउन सुरु गरियो । फेरि पनि ट्रुम्यान चलचित्र हेर्न गएनन् । जति बेला चलचित्र सुरु भयो 'लिटिल ब्वाय' को निसाना ठिक तल थियो ।


मेजर जर्नल कर्टिस लिमे (बीचमा) ।

मौसम सफा थियो । यस कारण टिबेट्सले प्राथमिक लक्ष्य हिरोसिमामै बम पड्काउने निर्णय लिए । "यो हिरोसिमा हो," उनले इन्टरकममा घोषणा गरे र तुरुन्तै 'एनोला गे' लाई ३१ हजार फिटमा लगेर गए ।

३१ हजार फिट उचाइमा रहेर पाँच सय २७ किलोमिटर प्रतिघण्टाको गतिमा अटोमेटिक पाइलटका भरमा विमान उडिरहेका बेला बम पड्काउने जिम्मेवारी पाएका थोमस फेरेबीले तल हिरोसिमामा निसाना निर्धारण गरे । कोपाइलट रोबर्ट लुइसले लगबुकमा टिपोट गरिरहेका थिए । तल हिरोसिमा हेरेर उनले लेखे– पूर्णतया खुला लक्ष्य । त्यससँगै फेरेबीले बम तल खसाले । लुइसले फेरि लेखे, "के हुने हो कसैलाई थाहा छैन ।"

त्यतिबेलाको घटना सम्झँदै टिबेट्सले पछि लेखे, "मैले अटोमेटिक पाइलट हटाएर विमानलाई आफैँ चलाउन थालेँ र 'एनोला गे' लाई मोडेँ । मैले आफ्ना आँखामा चमकरोधी चस्मा लगाएँ । मैले तिनबाट पनि केही देख्न सकिनँ, म दृष्टिविहीन नै भएँ । मैले चस्मा मिल्काएँ । एउटा चम्किलो प्रकाश विमानमा फैलियो । पहिलो 'सक वेब' ले हामीलाई धक्का दियो ।"

को–पाइलट लुइसले समेत भनेका छन्, "हाम्रो विमानमा दुई पटक जोडदार झट्का लाग्यो, जसलाई हामीले शारीरिक

सूर्योदय भइसकेको र मौसम न्यानो थियो। त्यसपछि ट्रुम्यान जहाजको डेकमा आएर शीतल हावाबीच आराम गर्दै सङ्गीत सुन्न लागे। उनलाई हिरोसिमामा के भयो केही थाहा थिएन– हिरोसिमा ठाउँ त थियो तर मानव बसोबासको कुनै चिह्न त्यहाँ बाँकी थिएन।

रूपमै महसुस गर्‍यौँ। त्यसपछि हामीले नतिजा अवलोकनका लागि विमान मोड्यौँ। त्यसपछि मेरा आँखा निःसन्देह मानवले सिर्जना गरेको सबैभन्दा ठूलो विस्फोटको साक्षी भए।"


टिबेट्सका शब्दमा "जब हामी हिरोसिमा हेर्न फर्कियौँ सहर विचित्रको बादलले ढाकिएको थियो... उम्लिरहेको, च्याउ जस्तो, भयङ्कर र धेरै नै अग्लो। एक क्षण त कोही पनि बोल्न सकेनन्, त्यसपछि सबै कुरा गर्न थाले। मलाई सम्झना छ मेरो काँधमा धाप हान्दै लुइसले भने, "लौ हेर ! लौ हेर ! लौ हेर !" रेडियोधर्मिताले हामी सबैमा प्रजनन क्षमता नष्ट गरिदिने त होइन भनी टम फेरेबी चिन्तित थिए।"

उता जमिनमा बिहानको ८:१५ बजेको थियो। हिरोसिमा सहरमा चहलपहल थियो, ४५ मिनेट पहिले सबै कुरा ठिकठाक रहेको सन्देश त्यहाँका बासिन्दाले पाएका थिए। यस कारण घर बाहिर निस्कनु सुरक्षित थियो।

जब बम विस्फोट भयो हिरोसिमाका हजारौँ बासिन्दा तत्काल कुनै निसानी नछाडेर लुप्त भए। बाँचेकालाई पहिले प्रकाशको असाधारण चमक र त्यस लगत्तै मानव कानले पहिले कहिल्यै नसुनेको भयङ्कर आवाजको मात्र सम्झना छ।

त्यति बेला मात्र १३ वर्षका टोमिको मिरिमिटोले पछि भनेका थिए, "हामीले भयङ्कर आवाज सुन्यौँ, त्यसपछि सबथोक खस्न थाले। सबै भवन यताउता ढल्न सुरु भए। अनि केही भिजेको वस्तु वर्षा जस्तै झर्न थाल्यो। मैले त्यसलाई कालो पानी परेको ठानेँ। मेरो बाल दिमागले त्यसलाई तेल ठान्यो। अमेरिकीहरूले तेल खसालेर हामीलाई जलाएर मार्न तम्सेको सोचेँ र हामी दौडिरह्यौँ। हाम्रो पछाडि आगो थियो।"

हिरोसिमाको जुन स्थानमा बम पड्केको थियो त्यसको सय गजको परिधिमा बस्नेमध्ये मात्र एक जना बाँच्न सकेका थिए। उनको नाम हो गोइची ओसिमा।


एनोला गे विमान।

उनले आफूले देखेको घटना दस वर्षपछि यसरी बयान गरे, "अकस्मात्को एउटा चमक, बयान गर्न नसकिने एउटा विस्फोटको आवाज आयो र त्यसपछि सबैतिर अँध्यारो। जब म फर्किएँ मैले देखेको हिरोसिमा भग्नावशेषमा परिणत भइसकेको थियो।"

अगस्तामा राष्ट्रपति ट्रुम्यान बम विस्फोट भएपछि त्यस रात एक–दुई घण्टामा सुत्न गए। मध्यरात १ बजे (अब अगस्त ६) अगस्ताले आन्ध्र महासागरमा नयाँ 'टाइम जोन' मा प्रवेश गर्‍यो र अधिकारीहरूले घडीलाई एक घण्टा पछाडि पारे। अगस्तामा ट्रुम्यानले बिहान ओछ्यान छाडे। सूर्योदय भइसकेको र मौसम न्यानो थियो। त्यसपछि ट्रुम्यान जहाजको डेकमा आएर शीतल हावाबीच आराम गर्दै सङ्गीत सुन्न लागे। उनलाई हिरोसिमामा के भयो केही थाहा थिएन– हिरोसिमा ठाउँ त थियो तर मानव बसोबासको कुनै चिह्न त्यहाँ बाँकी थिएन।

जब ट्रुम्यान अगस्तामा दिउँसोको खाना खाँदै थिए 'एड्भान्स म्याप रुम' मा कार्यरत जल सेनाका कप्तान फ्रान्क ग्राहाम हतारिँदै त्यहाँ आए। मध्याह्न हुनै लागेको थियो। हिरोसिमामा विध्वंस मच्चिएको १६ घण्टा भइसकेको थियो र ट्रुम्यान अनभिज्ञ थिए। ग्राहमले राष्ट्रपतिलाई एउटा सन्देश दिए। जसमा लेखिएको थियो, "हिरोसिमामा '०५२३१५ ए' को दसांस मात्र समेट्ने गरी



वासिङ्टनमा सञ्चार सहायकमन्त्री एबेन आयर्सले ह्वाइट हाउस विषयमा समाचार लेखन गर्ने पत्रकार भेला गरी केही दिन पहिले परमाणु बमका बारेमा जानकारी दिएर अर्को सूचना आउन्जेल यो कुरा गोप्य राख्न चेतावनी दिएका थिए । अब समय आयो । सञ्चारमन्त्री चार्ली रोसले अगस्ताबाट भने राष्ट्रपतिको विज्ञप्ति जारी गर्ने बेला भयो ।

हेर्रै बम खसालियो । शत्रुबाट कुनै प्रतिरोध भएन र लडाइँ भएन । बम खसालेको १५ मिनेटपछि पार्सन्सले यस्तो रिपोर्ट गरे 'परिणाम स्पष्ट आयो र सबै पक्षबाट सफल भयो । कुनै पनि परीक्षणभन्दा राम्रो दृष्टि प्रभाव । बम खसालेपछि विमानको अवस्था सामान्य नै रह्यो ।"

यति पढेर ट्रुम्यान खुसीले उफ्रिए र सन्देशवाहकसँग उनले हात मिलाए । राष्ट्रपतिले भने, "क्याप्टेन यो इतिहासमा सबैभन्दा ठूलो कुरा हो । यो विदेशमन्त्रीलाई देखाउनुस् ।"

ग्राहमले बायर्न्सलाई सन्देशपत्र दिए । उनले सन्देश पढे र राम्रो, राम्रो ! शब्द उच्चारण मात्र गरे ।

केही मिनेटपछि ग्राहम अर्को सन्देश लिएर फर्किए । यो सन्देश वासिङ्टनमा रहेका युद्धमन्त्री हेनरी स्टिम्सनले पठाएका थिए ।

ट्रुम्यानले सन्देश पढे, "युद्धमन्त्रीका तर्फबाट लेख्दै छु : वासिङ्टनको समय अनुसार अगस्त ५ मा राति ७:१५ बजे ठूलो बम हिरोसिमामा पड्काइएको छ । पहिलो रिपोर्टले पूर्ण सफलताको सङ्केत मिलेको छ । जो पहिलेको परीक्षण भन्दा बढी ध्यानाकर्षी छ ।"

आफ्नो हातमा दुई वटा सन्देश समातेर ट्रुम्यान विदेशमन्त्री बायर्न्सतिर फर्किएर भने, "हामीले घर फर्किने समय भएको छ ।" त्यसपछि उनले भोजन गृहमा भेला भएकालाई शान्त हुन सङ्केत गरे । उनले फेरि भने, "हामीले भरखरै जापानमा बम खसालेका छौँ, जसमा २० हजार टिएनटीभन्दा बढी शक्ति उत्पन्न भयो । यो एक ठूलो सफलता हो ।"

वासिङ्टनमा सञ्चार सहायकमन्त्री एबेन आयर्सले ह्वाइट हाउस विषयमा समाचार लेखन गर्ने पत्रकार भेला गरी केही दिन पहिले परमाणु बमका बारेमा जानकारी दिएर अर्को सूचना आउन्जेल यो कुरा गोप्य राख्न चेतावनी दिएका थिए । अब समय आयो । सञ्चारमन्त्री चार्ली रोसले अगस्ताबाट भने राष्ट्रपतिको विज्ञप्ति जारी गर्ने बेला भयो । अनि आयर्सले पत्रकारहरूलाई बोलाएर हिरोसिमामा बम पड्काइएको कुरा विस्तृत विवरणसहित सार्वजनिक गरियो । राष्ट्रपति ट्रुम्यानले अगस्ताबाटै प्रेस विज्ञप्ति जारी गरे । त्यसपछि पानीजहाजमै पत्रकार बोलाएर पनि पत्रकार सम्मेलन गरेका थिए ।

हिरोसिमामा विनाशको खबर सार्वजनिक हुनासाथ अमेरिकी र बेलायती समाचार स्रोतहरूले जापानी रेडियो अनुगमन गर्न थाले । जापानी रेडियोहरूमा समाचार आइरहेका थिए– हिरोसिमा आउजाउ गर्ने रेल सेवा रद्ध गरिएको तथा सहरको अनुसन्धान भइरहेको छ । ■

–उमेश ओझाद्वारा हिस्ट्रीबाट अनुवादित र सम्पादन गरिएको ।

वीरङ्गना निरजा

यो कथा हो एउटी वीरङ्गनाको । उनी फ्लाइट अटेन्डेन्ट थिइन् । उनीसँग यस पेसामा लामो अनुभव थिएन तर उनले लामो होइन ठूलो जीवन जिइन् । एउटा घटनाबाट उनी इतिहासमा अमर भइन् । एभियसन संसारमा उनको योगदान अविस्मरणीय छ ।

दिन थियो सन् १९८६ सेप्टेम्बर ५ । पान अमेरिकन वर्ल्ड एयरवेजको पान एम फ्लाइट–७३ अपहरणमा पऱ्यो । अपहरण गर्ने सङ्गठन थियो प्यालेस्टाइन अतिवादी समूह अबु निडाल अर्गनाइजेसन । भारतको मुम्बईबाट अमेरिकाको न्युयोर्कका लागि उडान भरेको पान एम फ्लाइट–७३ ले पाकिस्तानको कराँचीको जिन्ना अन्तर्राष्ट्रिय विमानस्थलमा केही समयका लागि अवतरण गरेको थियो । त्यहाँबाट जर्मनीको फ्राङ्फर्ट हुँदै न्युयोर्क जाने तयारीमा रहेको विमानले स्थानीय समय अनुसार बिहानको ६ बजे पुनः उडान भर्ने तयारी गरिरहँदा विमानस्थल सुरक्षाकर्मीको पोसाक लगाएका चार आतङ्कवादीले एउटा भ्यानमा सवार भएर अचानक विमानमा प्रवेश गरे । उनीहरू गोली पड्काउँदै भित्र छिरेका थिए ।

विमानको चालक दलका १४ सदस्यमध्ये १२ जना उडानको तयारीमा जुटेका थिए । फ्लाइट अटेन्डेन्ट नुपुर एबरोलले गोली पड्काउँदै गरेका आतङ्कवादीलाई देखेर तुरुन्त ढोका बन्द गर्न सहकर्मीलाई भनिन् तर उनीहरूलाई रोक्न सकिएन । आतङ्कवादीको नजरमा नपरेकी र पर रहेकी अर्की फ्लाइट अटेन्डेन्ट सेरिन पवनले होहल्ला सुनेर इन्टरकमबाट ककपिटलाई सङ्केत दिने आपत्कालीन बटन दबाइन् । उनको दोस्रो प्रयासमा पाइलटले फोन उठाए र उनले अपहरणको कोड बोलिन् । त्यसैबेला आतङ्कवादीले अर्की फ्लाइट अटेन्डेन्ट निरजा भनोटको टाउकोमा बन्दुक ताके । एके–४७ बन्दुक र ग्रेनेड समातेका आतङ्कवादीले फ्लाइट अटेन्डेन्ट सन्साइन वेसुवालालाई पाइलट कहाँ लैजान धम्की दिए ।

तर जब आतङ्कवादी ककपिटमा पुगे, पाइलटहरू भागिसकेका थिए, ककपिट खाली थियो । अब विमान उडाउने केही पनि त्यहाँ थिएन । १६ घण्टासम्म विमानस्थलमा तनाव बनिरह्यो । सुरक्षाकर्मीले विमानलाई अपहरणकारीबाट मुक्त गराउन विशेष अपरेसन चलाउने अवसर पनि पाएनन् । अचानक यस्तो घटना भयो २२ बन्धकले ज्यान गुमाए र एक सय ५० जना घाइते भए ।

विमानमा यात्रु र चालक दलका सदस्य गरी तीन सय ७० जना थिए । पाइलटहरू भागेपछि आतङ्कवादीले विमानलाई साइप्रस लैजान पाइलटको माग गरे । उनीहरू साइप्रस गएर जेलमा रहेका आफ्ना साथीलाई छुटाउन चाहन्थे । उनीहरूले आफ्नो माग मान्न बाध्य पार्नका लागि धम्क्याउन अमेरिकी नागरिक



आतङ्कवादीको फन्दामा रहँदा उनले यात्रुलाई सहयोग गरिन्, ढाडस दिइन् । महासङ्कटका बेला यात्रुलाई विमानबाट निस्कन सहयोग गरिन् ।



राजेश कुमारको हत्यासमेत गरे तर अन्य अमेरिकी नागरिकको पहिचान गर्ने आतङ्कवादीको प्रयास फ्लाइट अटेन्डेन्टहरूले विफल बनाइदिए। उनीहरूले बाँकी अमेरिकीको पासपोर्ट लुकाइदिएका थिए। आतङ्कवादीले ग्रेनेड पड्काएर विमान ध्वस्त पारिदिने धम्कीसमेत दिए।

दिनभरि आतङ्कवादी, पान एमका स्थानीय प्रतिनिधि र पाकिस्तानी प्रहरीबीच वार्ता चलिरह्यो। राति ९ बजे विमानको आन्तरिक विद्युतीय ऊर्जा सकिन थाल्यो र बत्ती मधुरो भयो। अनि आतङ्कवादीले सबै यात्रुलाई विमानको बीच भागमा जम्मा गरे। त्यसको लगत्तै विमानभित्र पूर्णतया अँध्यारो भयो। यस अवस्थामा आतङ्कवादीले सुरक्षाकर्मीद्वारा हमला हुने आशङ्का गरी यात्रुमाथि मेसिन गन र ग्रेनेडले अन्धाधुन्ध आक्रमण सुरु गरे। २२ जना बन्धकले ज्यान गुमाए र केही चाहिँ आपत्कालीन ढोका खोलेर भाग्न सफल भए। आतङ्कवादीको गोलाबारुद सकिएपछि मात्र नरसंहार रोकिएको थियो।

भागदौड मच्चिएको मौका छोपेर चारमध्ये तीन आतङ्कवादी त्यहँबाट भाग्न सफल भएका थिए तर पछि चारैजना पाकिस्तानी प्रहरीको फन्दामा परे।

यस दुर्भाग्यपूर्ण घटनामा एक जना फ्लाइट अटेन्डेन्टको शहादतलाई विश्वले अहिलेसम्म बिर्सेको छैन। भारत सरकारले उनीलाई उच्च सम्मान दियो। ती हुन् फ्लाइट अटेन्डेन्ट निरजा भनोट। विमानका यात्रुको ज्यान जोगाउन उनले आफ्नो प्राणको वास्ता गरिनन्। आतङ्कवादीले अन्धाधुन्ध गोली चलाउँदा उनले आपत्कालीन ढोका खोलेर यात्राुई विमानबाट बाहिर निकालेकी थिइन्। गोली प्रहारबाट तीन बालबालिकालाई जोगाउन आफू ढाल बन्दा उनको ज्यान गएको थियो।

२२ वर्षको कलिलो उमेरमा ज्यान गुमाएकी निरजालाई साहस र दृढ निश्चयी महिलाका रूपमा चिनिन्छ। आफ्नो संस्कार र परिवारको प्रतिरोध हुँदा पनि उनले दुर्व्यवहार सहन गर्न नसकी आफ्ना पतिलाई छाडिदिइन्। त्यसपछि उनले आफ्नो खुट्टामा आफैं उभिने प्रयासमा मोडलिङ गरिन् र पान एममा फ्लाइट अटेन्डेन्टको जागिर खाइन् तर आकाशमा सुरु गरेको उनको नयाँ जीवन एउटा दुर्घटनाले समाप्त पारिदियो, उनी आतङ्कवादीको गोलीको सिकार भइन्। आफ्नो नयाँ नोकरी भए पनि उनले सारा संसारलाई साहस र सङ्घर्षको नयाँ सन्देश दिएर गइन्।

आतङ्कवादीको फन्दामा रहँदा उनले यात्रुलाई सहयोग गरिन्, ढाडस दिइन्। महासङ्कटका बेला यात्रुलाई विमानबाट निस्कन सहयोग गरिन्। अन्त्यमा आफ्नो शरीरलाई ढाल बनाएर उनले तीन बालबालिकाको ज्यान बचाइन्। उनको अदम्य साहस र बलिदानको कदर गर्दै भारत, पाकिस्तान र अमेरिकाले उनलाई मरणोपरान्त सम्मान दिए। साथै उनले ज्यान जोगाएका तीन बालबालिकामध्ये एक जनापछि गएर पाइलट बने र उनले त्यसको श्रेय दिए निरजालाई। ■

-युवामञ्च

स्थान बताउने जिपिएस

केही दिनअघि एउटा समाचार सञ्चार माध्यममा छायो : 'फोहोर बोक्ने गाडीमा जिपिएस, घरनजिक आइपुग्दा मोबाइल फोनमै नोटिफिकेसन आउने ।' यो समाचार थियो धनगढी उप–महानगरपालिकाको । समाचार तपाईंले पनि पक्कै पढ्नु, सुन्नु भएको होला ।




■ अजय शर्मा

विभिन्न समाचारको भिडमा यो एक सकारात्मक समाचार थियो । यसले धेरै पाठकको ध्यान तान्यो । धनगढी उप–महानगरपालिकाले फोहोर सङ्कलन गर्ने गाडीमा जिपिएस प्रणाली जडान गर्‍यो । जसबाट नगरवासीले फोहोर बोक्ने गाडी आफ्नो घरनजिक आइपुगेको आफ्नै मोबाइल फोनबाटै थाहा पाउने भए । कुरो निकै सामान्य थियो तर यो त्यहाँका मानिसको दैनिकीसँग जिपिएस प्रविधि जोडिएकाले निकै महत्त्वपूर्ण भयो ।

जिपिएसको प्रयोग आधुनिक जीवनको अभिन्न माध्यम भइसकेको छ । नौलो स्थानमा नयाँ ठाउँ खोज्न होस् वा कुनै पसल नै भेट्न



अर्डर दिनासाथ जिपिएसको सहायताले ती सवारीसाधन प्रयोगकर्ता वा सेवा प्रयोगकर्ता रहेको स्थानमा आइपुग्छन् र जाने ठाउँको अवस्थिति तय गरेर सिधैं सम्बन्धित स्थानमा पुऱ्याइदिने गरेका छन् ।



होस्, अहिले सबैले मोबाइल फोन डिभाइसमा म्याप खोलेर आफू कहाँ छु, अनि कसरी गन्तव्यमा पुग्न सक्छु भनेर हेर्न सकिन्छ । प्रविधिमा अभ्यस्त भएका पुस्तामा म्याप नहेरी हिँड्ने को होलान् र ? अझ भनौँ सहरका नयाँ ठाउँमा जान, घुम्दा घुम्दै हराएको ठाउँबाट आफू बस्ने वा थाहा भएको ठाउँमा पुग्न जिपिएस नभई नहुने माध्यम बनिसकेको छ ।

निजी तथा सार्वजनिक यातायातमा होस् वा विद्यालयको सवारीसाधनमा होस् अहिले जिपिएस प्रविधि आधुनिक समाजलाई नभई नहुने प्रविधि भएको छ । अहिले नेपालमा जिपिएसको व्यापक प्रयोग भइरहेको छ । विश्वका ठूला सहरमा यस प्रविधिको उपयोग गरेर सवारीसाधनले यात्रुलाई छिटो र छरितो सेवा दिइरहेका छन् । नेपालमा समेत निजी तथा अन्य सवारी सेवा प्रदायक निकायले काठमाडौँलगायत ठूला सहरमा यस्तो सेवा दिइरहेको देखिन्छ ।

यस्तो सेवा प्राप्त गर्न सार्वजनिक सवारी होस् वा राइड सेयरिङ सेवा प्रदायक निकाय हुन्, यिनीहरूले आफ्नो सेवाका बारेमा विभिन्न माध्यम वा एपबाट जानकारी दिने गर्छन् । साथै प्रयोगकर्ता तथा सेवा प्रदायकले विभिन्न मोबाइल फोन एपको प्रयोगले आफूलाई चाहिने सेवा सर्च गरेर तत्काल अर्डर लिन र दिन सक्ने भएका छन् । यसरी अर्डर दिनासाथ जिपिएसको सहायताले ती सवारीसाधन प्रयोगकर्ता वा सेवा प्रयोगकर्ता रहेको स्थानमा आइपुग्छन् र जाने ठाउँको अवस्थिति तय गरेर सिधैं सम्बन्धित स्थानमा पुऱ्याइदिने गरेका छन् । नेपालमा फुड डेलिभरी होस् वा राइड सेयरिङ सेवा होस् सबैलाई जोड्ने एक सशक्त माध्यम जिपिएस भएको छ ।

हाम्रो दैनिकीलाई सहज बनाउने जिपिएसले कसरी काम गर्छ ? यसले कसरी हामीलाई निश्चित ठाउँका बारेमा सही जानकारी दिन्छ ?, यस बारेमा जानौँ ।

ग्लोबल पोजिसन सिस्टम (जिपिएस) ले चौबिसै घण्टा भू-उपग्रहबाट सूचना लिएर स्थानको सङ्केत गर्दै तथ्याङ्क दिने काम



जिपिएस भएको कुनै पनि उपकरणले वास्तवमा आफ्नो स्थान निर्धारण गर्न स्याटेलाइटले पठाएको रेडियो सङ्केत निरन्तर ग्रहण गरिरहेको हुन्छ, जुन यी स्याटेलाइटबाट सधैँ एकनासले प्रसारण भइरहेको हुन्छ ।

गर्छ । अमेरिकाले आफ्नो सैन्य प्रयोगका लागि जिपिएस प्रविधिको विकास गरेको थियो । अघिल्लो नेभिगेसन प्रणालीको कमजोरी र सीमिततालाई हटाउन जिपिएस परियोजना अमेरिकामा सन् १९७३ मा सुरु गरिएको थियो ।

अमेरिकाको रक्षा विभागले यो प्रणाली विकास गरेको हो । विभागले जिपिएस पूर्ण रूपमा सन् १९९५ मा सञ्चालनमा ल्यायो र सुरुवाती चरणमा २४ वटा स्याटेलाइटको प्रयोग गरेको थियो । सन् १९८० को दशकबाट आमनागरिकलाई जिपिएस प्रयोगको अनुमति दिइयो ।

जिपिएस स्याटेलाइटले निरन्तर रेडियो सिग्नल पृथ्वीतर्फ प्रसारण गरिरहेका हुन्छन् । जिपिएस स्याटेलाइट सधैँ पृथ्वीको कक्षमा घुमिरहन्छन् । उनीहरूले निरन्तर सही लोकेसनको डाटा पृथ्वीतर्फ प्रसारण गरिरहेका हुन्छन् । पृथ्वीको कुनै पनि बिन्दुबाट आकाशमा चार वटा स्याटेलाइट देखिने गरी स्याटेलाइटलाई कक्षमा व्यवस्थित गरिएको हुन्छ ।

मोबाइल डिभाइसमा रहेको जिपिएसले कुनै पनि ठाउँको सही स्थान थाहा पाउन चार वटा स्याटेलाइट देखिनु पर्छ । यदि कुनै स्थानबाट चार वटा स्याटेलाइट देखिएन भने त्यो ठाउँको सही लोकेसन वा डाटा निकाल्न गाह्रो हुन्छ । जिपिएस भएको कुनै पनि उपकरणले वास्तवमा आफ्नो स्थान निर्धारण गर्न स्याटेलाइटले पठाएको रेडियो सङ्केत निरन्तर ग्रहण गरिरहेको हुन्छ, जुन यी स्याटेलाइटबाट सधैँ एकनासले प्रसारण भइरहेको हुन्छ । अनि मोबाइल डिभाइसको जिपिएस खोलेको एकै छिनमा तपाईंले आफ्नो स्थान देख्न सक्नु हुन्छ ।

जिपिएसले जस्तोसुकै समय र मौसममा पनि काम गर्छ । यो उपकरण जल, स्थल र हवाई यात्राका लागि उपयोगी हुन्छ । यसको अनेक प्रयोग छन् । जिपिएसमार्फत हामीले स्थान वा अवस्थिति पहिचान गर्न, नेभिगेसन अर्थात् एक स्थानबाट अर्को स्थानमा जान वा पुग्न, कुनै वस्तु वा व्यक्तिलाई अनुगमन गर्न, नक्सा तयार गर्न, वास्तविक समय मापन गर्नलगायतका कामका लागि प्रयोग गर्न सक्छौँ । ■



भाषा ज्ञान

कर्णपीडा : कान दुख्ने रोग, कानको दुखाइ
कलुष : अधर्म, पाप
कलैती : आयआर्जन गर्ने विधि
खल्लड : पातलो झोल, खल्लन
खल्पी : बेसार
खलु : मनाही, निषेध
गाइलो : अपजस
गुणाकर : धेरै गुण भएको, गुणनिधि मानिने
घाय : आफन्त, इष्ट
घायघत : हैसियत
घाबो : कुखुराको भाले बास्दा आउने स्वर
चरियो : पोते
चर्वित : चपाइएको खाना
चषण : स्वाद लिने काम
छुद्दी : उत्कट इच्छा, आतुरी
छुन्जर : बदमास
छवाँक : हात्तीको दाह्रो
जुगत : घरको परिस्थिति
जुखुरो : नबढेको, नसप्रेको
जेबरात : गहना
ज्यात्या : जो पायो त्यही

Affiliate	आबद्ध, सम्बद्ध
Mortal	नश्वर, नाशवान्
Inferior	निम्न, तुच्छ
Assurance	विश्वास, भरोसा
Slap	थप्पड, अचानक
Extremely	अत्यन्त, नितान्त
Nepotism	नातावाद
Manner	तरिका, आचरण
Generous	उदार, दयालु, महात्मा
Inferiority	हीनता, अधीनता
Paradise	स्वर्ग, आनन्दलोक
Prevent	प्रतिबन्ध गर्नु, निषेध गर्नु
Abstinence	संयम, युद्धविराम
Compassion	दया, सहानभूति
Devotion	निष्ठा, भक्ति
Gratitude	कृतज्ञता, आभार
Initative	प्रस्ताव, अवसर, पहलकदमी
Flexible	लचिलो, नरम
Terrible	भयानक, कठोर
Proper	उचित, असली
Describe	वर्णन, विवरण दिनु
Wonder	आश्चर्य, विस्मय

I	→ was
He She It	→ was
We You They	→ were

Writing Skills:
How to say thank you

Formal	Informal/semi-formal
I am writing to express my gratitude for...	I just wanted to say thanks for...
Thank you so much for...	Thanks a lot for...
Please accept my deepest gratitude.	I can't thank you enough.
Your support is greatly appreciated.	Thanks for all your help.
I would like to express my/our appreciation for...	I really appreciate...



ब्रेन गेम

यस चित्रमा भएको गल्ती पत्ता लगाउनुहोस् ।



प्रश्न

तीन कुखुराले तीन दिनमा तीन अन्डा पार्छन् भने तीन सय कुखुराले तीन सय दिनमा कति अन्डा पार्ने छन् ?

एक महिला १९९८ मा जन्मिइन् र १९९८ मै मरिन् । मर्दा उनको उमेर ७० वर्ष थियो । कसरी ?


नदीतिर जाँदै गर्दा एउटा खरायोले छ हात्ती देख्यो । हरेक हात्तीले पनि दुई बाँदरलाई नदीतिर जाादै गरेको देखेछन् । प्रत्येक बाँदरको हातमा एउटा एउटा सुगा थियो । अब भन्नुहोस् नदीतिर कुल कति पशुपन्छी जाँदै थिए ?

उत्तर यसै अङ्कमा





यस चित्रमा जिराफ लुकेको छ ।



यस चित्रमा कुकुर पत्ता लगाउनुहोस् ?

इजिप्टका प्रसिद्ध फारो तुतानखामुन



■ रतन भण्डारी



गौरवशाली इतिहास बोकेको इजिप्ट (मिश्र) विश्वको प्राचीन मुलुक पर्दछ। 'नाइल नदीको उपहार' मानिने इजिप्ट प्राचीन मानव सभ्यताको केन्द्र पनि हो। गिजा, नेक्रोपोलिस र स्फिङ्क्स जस्ता प्रतिष्ठित स्मारकका साथै मेम्फिस, थेब्स, कर्नाक र भ्याली अफ द किङ्ग्समा इजिप्टको प्राचीन इतिहास लुकेको छ।

विगतमा इजिप्टले अलेक्जेन्डर द ग्रेट (सिकन्दर) देखि हाइक्सोस, लिबियन, न्युबियन, अस्सुरियन, अचेमेनिड, पर्सियन र म्यासेडोनियनहरूको आक्रमणलाई बेहोरेको छ। अलेक्ज्यान्डरको निधनपछि ग्रिकका टोलेमाइक शासकले इजिप्टमा इसापूर्व ३० सम्म शासन गरेका थिए। वैभवशाली



इजिप्ट रानी क्लियोपेट्रा र राजा तुतानखामुन आदिका कारण उत्तिकै चर्चित छ। प्राचीन समृद्ध सांस्कृतिक सम्पदा इजिप्टको राष्ट्रिय पहिचानका रुपमा रहेका छन्।

इतिहास बोकेको इजिप्टले ४५ सय वर्षअघि निर्मित गिजाका पिरामिड र स्फिङ्क्स मन्दिर, समाधिस्थल, ममी र फारो (राजा) हरूका कारण अहिले पनि सारा विश्वको ध्यान तानिरहेको छ। इजिप्ट रानी क्लियोपेट्रा र राजा तुतानखामुन आदिका कारण उत्तिकै चर्चित छ। प्राचीन समृद्ध सांस्कृतिक सम्पदा इजिप्टको राष्ट्रिय पहिचानका रूपमा रहेका छन्।

भूमध्यसागर, मध्य पूर्वी र उत्तर अफ्रिकी क्षेत्रमा रहेका कारण इजिप्टको छुट्टै भू-रणनीतिक महत्त्व पनि छ। नाइल नदी उपत्यकामा अवस्थित इजिप्ट उत्तरपूर्वी अफ्रिकाको केन्द्र हो। प्राचीन इजिप्टको इतिहासमा राजा तुतानखामुनको विरासतले विशिष्ट स्थान ओगटेको छ।

राजा तुतानखामुन

तुतानखामुन इजिप्टमा शासन गर्ने सबैभन्दा प्रसिद्ध फारो (राजा) मध्ये एक थिए। इजिप्टका फारो शासनका १८ औँ राजा तुतानखामुनको जन्म इसापूर्व १३४१ मा इजिप्टको तत्कालीन राजधानी अखेताटोनमा भएको थियो। राजा तुतानखामुन महान फारो अमेनहोटेप तेस्रोका नाति थिए। उनकी हजुरआमाको नाम रानी तिये थियो। अमेनहोटेप तेस्रो प्राचीन इजिप्टको इतिहासमा सबैभन्दा सफल फारोमध्ये एक थिए।

तुतानखामुनका पिताको नाम राजा अखेनातेन थियो। उनकी आमाको नाम भने यकिन हुन सकेको छैन। 'भ्याली अफ दी किङ्ग्स' मा रहेका समाधिस्थलमा तीन वटा ममी भेटिएका थिए। तीमध्ये दुइटा ममी किया र रानी नेफर्टिटीको रहेको ठहर गरिएको छ भने अर्को ममीलाई 'द योङ लेडी' नाम दिइएको थियो। किया र नेफर्टिटी राजा अखेनातेनका पत्नी थिए। त्यसैले ती दुईमध्ये एक राजा तुतानखामुनकी आमा भएको अनुमान गरिएको छ। त्यसैले कतिपय अन्वेषकले रानी नेफेर्टिटी तुतानखामुनकी आमा भएको दाबी गरेका छन्।

प्राचीन इजिप्टमा भाइ-बहिनीबिच विवाह हुन्थ्यो। सोही कारण तुतानखामुनको विवाह उनकी आफ्नै सौतेनी बहिनी आन्खेसेनामुनसँग भयो। सन् २०१० मा गरिएको डिएनए परीक्षणसहितको अनुसन्धानले तुतानखामुनका मातापितासमेत दाजुबहिनी रहेको तथ्य खुलेको थियो।

तुतानखामुन सामान्यतया 'राजा टुट' का नामले चिनिन्थे।



इजिप्टका फारो शासनका १८ औँ राजा तुतानखामुनको जन्म इसापूर्व १३४१ मा इजिप्टको तत्कालीन राजधानी अखेताटोनमा भएको थियो। राजा तुतानखामुन महान फारो अमेनहोटेप तेस्रोका नाति थिए। उनकी हजुरआमाको नाम रानी तिये थियो। अमेनहोटेप तेस्रो प्राचीन इजिप्टको इतिहासमा सबैभन्दा सफल फारोमध्ये एक थिए।





तुतानखामुनका पिता अखनातेनले आफ्नो शासनकालमा इजिप्टलाई बहुदेववादी समाजबाट एकेश्वरवादी समाजमा रूपान्तरण गरेका थिए। प्राचीन इजिप्टवासीले थुप्रै देवीदेवताको पूजा गर्थे तर तुतानखामुनका पिता राजा अखेनातेनले धार्मिक पद्धतिमा परिवर्तन ल्याई सूर्यको मात्र पूजा गर्ने थिति बसाले। तुतानखामुन राजा बनेपछि उनले आफ्ना पिताले प्रचलनमा ल्याएका धार्मिक पद्धति परिवर्तन गरेका थिए।

तुतानखामुनले इजिप्टमा सूर्यको पूजा गर्ने प्रचलनको सट्टा चन्द्रमाको पूजा गर्ने थिति बसाले। पिता अखेनातेनले अमरनामामा सारेको इजिप्टको राजधानी पुनः थेब्स (हालको लक्सर) मा कायम गरे। तुतानखामुन राजा बनेपछि मात्रै उनलाई 'तुतानखामुन' भनिएको थियो, त्यसभन्दाअघि उनलाई 'तुतानखातेन' भनिन्थ्यो।

तुतानखातेनको अर्थ 'सूर्यको जीवित छवि' भन्ने हुन्थ्यो। तुतानखातेनले पछि सूर्यको पूजा गर्ने प्रचलन त्याग्दै चन्द्रमाको पूजा चलाएका थिए। त्यसपछि उनको नाम 'तुतानखामुन' अर्थात् तुतानखामेन रहन गएको हो। तुतानखामुन (तुतानखामेन) को अर्थ 'चन्द्रमाको जीवित प्रतिकृत' भन्ने हुन्थ्यो।

नौ वर्षको उमेरमै राजा

अखेनातेनको शासनकाल इसापूर्व १५५०–१२९५ बिच रहेको थियो। अखेतातेनले इजिप्टमा १७ वर्ष शासन गरेका थिए। राजा अखेनातेनले इजिप्टको राजधानी अमरनामामा सार्दै इजिप्सियन धर्ममा परिवर्तन ल्याए। अखेनातेनको राज्य धर्म परिवर्तन गर्ने निर्णय निकै विवादित बनेको थियो। पिता अखेनातेनको निधनपछि तुतानखामुन इजिप्टको फारो (राजा) बनेका थिए। नौ वर्षको उमेरमा इजिप्टको सिंहासनमा बसेका तुतानखामुनको शासनकालसमेत नौ वर्ष नै चलेको थियो।

तुतानखामुनले इसापूर्व १३३२ देखि १३२२ सम्म इजिप्टमा शासन गरेका थिए। तुतानखामुन इजिप्टको १८ औँ राजवंशका १२ औँ राजा थिए। तुतानखामुनलाई सेना प्रमुख होरेमहेबलगायतका व्यक्तिद्वारा प्रशिक्षण दिइएको थियो। तुतानखामुनले आफ्नो शासनकालमा इजिप्टको राज्य धर्मलाई विभिन्न देवताको पूजामा पुनर्स्थापित गरेका थिए।

सय वर्षअघिसम्म पनि तुतानखामुनको शासनकालबारे खासै चर्चा भएको थिएन। सन् १९२२ मा तुतानखामुनको समाधिस्थल र ममी पत्ता लागेपछि तुतानखामुन बारे नयाँ तथ्य सार्वजनिक भएको थियो।

सय वर्षअघिसम्म पनि तुतानखामुनको शासनकालबारे खासै चर्चा भएको थिएन । सन् १९२२ मा तुतानखामुनको समाधिस्थल र ममी पत्ता लागेपछि तुतानखामुन बारे नयाँ तथ्य सार्वजनिक भएको थियो । तुतानखामुनका पिता अखेनातेनको लादेका धार्मिक निर्णय इजिप्टवासीले आत्मसात् गर्न सकेका थिएनन् । त्यसैले तुतानखातेन राजा बनेपछि उनले पिताले लादेको धार्मिक निर्णयलाई उल्टाए र देवता 'अमुन' को पूजालाई पुनर्जीवित गरेका थिए ।

सय वर्षअघिसम्म तुतानखामुनको परिचय केवल इजिप्टको १८ औँ फारो (राजा) का रूपमा सीमित थियो तर १९२२ मा इजिप्टको किङ्ग्स भ्यालीमा तुतानखामुनको समाधिस्थल पत्ता लागेपछि उनीबारे थुप्रै रहस्य बाहिरिए ।



१९ वर्षमै निधन

तुतानखामुनको मृत्युको रहस्य सम्बन्धमा परस्पर विरोधी धारणा पाइन्छन् । तुतानखामुनको निधनको कारणमा रथ दुर्घटना, हिप्पोपोटामस आक्रमण, मलेरियाको घातक सङ्क्रमण र हत्यालाई मानिएको छ । १९ वर्षीय युवा राजा तुतानखामुनको मृत्यु अचानक र अप्रत्याशित थियो ।



उनको निधन सम्बन्धमा विभिन्न खाले अनुमान गरिएका छन् । कद अग्लो भए पनि उनी शारीरिक रूपमा कमजोर थिए । उहाँको बायाँ खुट्टामा हड्डीको रोग थियो र उनी अपाङ्ग थिए । धनुवाण (आर्चरी) खेल्दा उनलाई बसेको देखाइएबाट उनी शारीरिक रूपमा कमजोर रहेको अनुमान लगाउन सकिन्छ । इजिप्टको शाही परिवारमा परम्परागत प्रजननका कारण पुरुष राजाको स्वास्थ्य राम्रो हुँदैनथ्यो । इजिप्टमा आफ्नै परिवारका सदस्यबिच वैवाहिक सम्बन्ध कायम हुने परम्पराका कारण त्यसरी विवाह बन्धनमा बाँधिनेका सन्तानमा विभिन्न शारीरिक समस्या देखिने गर्थ्यो । जुन समस्याबाट तुतानखामुनसमेत पीडित थिए ।

तुतानखामुनको ममीको परीक्षणबाट उनी अग्लो कदका थिए । उनको मेरुदण्ड (स्पाइनल कर्ड) मा समस्या रहेको देखिएको छ । केही अनुसन्धानकर्ताले तुतानखामुनको निधन खुट्टाको ग्याङ्ग्रिनका कारण भएको थियो भनेका छन् । तुतानखामुनको ममी परीक्षणका क्रममा उनको टाउकाको पछाडि प्वाल भेटिएको थियो । सोही आधारमा कतिपय असुन्धानकर्ताले सेनापति होरेमहेबले सत्ता कब्जाका लागि तुतानखामुनको टाउकोमा प्रहार गरी हत्या गरेको हुन सक्ने अड्कल गरेका छन् ।

अर्काथरी अनुसन्धानकर्ता ममी बनाउने क्रममा विधि नमिल्दा उनको टाउकोको पछाडि प्वाल परेको दाबी गर्छन् । तुतानखामुनको ममीको सिटी स्क्यान गर्दा उनको भाँचिएको खुट्टा वरिपरि एम्बाल्मिङको पातलो

इजिप्टमा आफ्नै परिवारका सदस्यबीच वैवाहिक सम्बन्ध कायम हुने परम्पराका कारण त्यसरी विवाह बन्धनमा बाँधिनेका सन्तानमा विभिन्न शारीरिक समस्या देखिने गर्थ्यो ।

पत्र देखिएको थियो। जसले तुतानखामुनको मृत्युअघि उनको खुट्टा भाँचिएको र सोही समस्याले सङ्क्रमण हुँदा उनको मृत्यु भएको हुन सक्ने अनुमान पनि गरिएको छ तर पछिल्लो अध्ययनले तुतानखामुनको निधन हत्याद्वारा नभई रोगकै कारण भएको तथ्य बाहिर आएको छ। तुतानखामुनको ममीको डिएनए परीक्षणबाट उनले औंलो सङ्क्रमणका कारण ज्यान गुमाएको देखिन्छ।



उत्तराधिकारी

तुतानखामुनको निधन हुँदा राजगद्दी सम्हाल्ने उनका उत्तराधिकारी थिएनन्। भएका दुइटा छोरीको समेत निधन भइसकेको थियो। राजा तुतानखामुनलाई उनको शासनकालमा सल्लाह दिने दुई व्यक्ति ग्रैन्ड भिजियर र सेना प्रमुख होरेमहेब थिए। राजा तुतानखामुनको मृत्युपछि होरेमहेबले हित्तीविरुद्ध युद्ध लडेका थिए। तुतानखामुनको





राजा तुतानखामुनलाई उनको शासनकालमा सल्लाह दिने दुई व्यक्ति ग्रैन्ड भिजियर र सेना प्रमुख होरेमहेब थिए।

निधनपछि इजिप्टको राजसिंहासन तीन वर्षसम्म अयले सम्हाले । अयको मृत्युपछि होरेमहेब इजिप्टको फारो (राजा) बनेका थिए। होरेमहेबले लगभग ३० वर्ष इजिप्टमा शासन गरे।

खजानाले भरिपूर्ण समाधिस्थल

मृत्युपछि तुतानखामुनको शवलाई इजिप्टको धार्मिक परम्परा अनुसार ममी बनाएर सुरक्षित गरिएको थियो। इजिप्टको तत्कालीन शाही परम्परा अनुसार राज परिवारका सदस्यको शरीर पुनर्जन्मका लागि संरक्षित गरिनु पर्दथ्यो। सोही मान्यता अनुसार तुतानखामुनको शव ममीमा परिणत गरिएको थियो।

हावर्ड कार्टर नेतृत्वको ब्रिटिस पुरातत्त्वविदहरूको टोलीले सन् १९२२ नोभेम्बर ४ मा 'भ्याली अफ दी किङ्ग्स' मा रहेको राजा तुतानखामुनको समाधिस्थल पत्ता लगाएको थियो। समाधिस्थल चार कोठामा विभाजित थियो। जसलाई एन्टेचेम्बर, एनेक्स, ट्रेजरी र समाधि कक्ष नाम दिइएको छ।

सुनैसुनले भरिभराउ समाधिस्थलमा रहेको तुतानखामुनको ममी एकले अर्कोलाई बन्द गर्ने गरी तीन वटा कफिनमा राखिएको थियो। कफिनहरूको तौल १.२३ टन थियो। कफिनमा तुतानखामुनको अनुहार भने छोपिएको थियो। छोपिएको उनको अनुहारमा दाह्री थियो। सबैभन्दा माथिल्लो पहिलो र त्यसमुनिको दोस्रो कफिन काठका थिए। त्यसमुनि राखिएको तेस्रो कफिन भने सुनको थियो। सुनको कफिनको तौल एक सय १० किलो चार सय ग्राम थियो। त्यही कफिनमा तुतानखामुनको ममी थियो।

सुनको 'पोट्रेट मास्क' बनाई उनको टाउको र काँधमा राखिएको थियो। सुनको कफिनमाथि ग्रेनाइट, सार्कोफ्यागस र त्यसमाथि काठको बाकस थियो। उनको समाधिस्थल

भने तुलनात्मक रूपमा सानो थियो। तुतानखामुनको समाधिस्थलमा फर्निचर, रथ, कपडा, हतियार र टेक्नोलोजीसहित पाँच हजारभन्दा बढी सामग्री थिए।

तुतानखामुनको ममी समाधिस्थलमा राखेलगत्तै प्रवेशद्वारसँगै रहेको कोरिडोर लुटिएको तर भित्री कोठाहरू सिल गरिएका कारण जोगिएको तथ्य अनुसन्धानबाट खुल्यो।

तुतानखामुनको समाधिस्थलमा पाइएको खजानाको कुनै मूल्य नै छैन। तुतानखामुनको समाधि भ्याली अफ दी किङ्गसमा जमिनमा कैयौँ फिटभित्र छ। तुतानखामुनको ममीसँगै दुई वटा चक्कु भेटिएका थिए। तीमध्ये एउटा फलाम र अर्को सुनको थियो। फलामे चक्कु तुतानखामुनको दायाँ तिघ्रामा बाँधिएको थियो। उक्त चक्कु शुद्ध फलामबाट नभई 'मेटियोराइट' फलामबाट बनेको पाइएको छ। जुन फलाम अर्को ग्रह वा अन्तरिक्षबाट आएको पिन्डमा भेटिन्छ।

तुतानखामुनको समाधिबाट प्राप्त सबैभन्दा महँगो खजाना तुतानखामेको शाही मास्क (मुखौटो) लाई मानिएको छ। २४ क्यारेट सुनको उक्त मास्कको लम्बाइ २१ इन्च र तौल १० किलो छ। मास्कमा बहुमूल्य पत्थर (रत्न) पनि जडित छन्। मास्कमा तुतानखामुनको आँखा अप्सिडियन र कर्जजस्ता बहुमूल्य पत्थरले बनाइएको देखिन्छ। समाधिस्थलमा तुतानखामुनले खेल्ने चार वटा बोर्ड गेमको सेट पनि फेला परेका थिए। ती बोर्ड गेमका गोटी हात्तीको दाँतबाट बनाइएको छ।

समाधिस्थलको दराजमा तुतानखामुनका १२ जोर शाही पोशाक र दुई दर्जनभन्दा बढी चप्पल भेटिएका थिए। त्यहाँ तुतानखामुनको ममीलाई लगाउन २४ क्यारेट सुनको ११.६ इन्च लामा चप्पल पनि भेटिएको थियो। ती चप्पल तुमानखामुनले जीवित छँदा भने प्रयोग गरेका थिएनन्। तुतानखामुनको समाधिस्थलमा दुइटा सिंहासन भेटिएका थिए। तीमध्ये एउटा एबनी नामक काठको थियो, जुन काठमा पानीमा तैरिँदैनथ्यो र पालिस गर्दा सिसा झैँ चम्कन्थ्यो।

दोस्रो सिंहासन सुनको थियो। सुनको सिंहासनमा राजा तुतानखामुन र रानी आन्खेसेनामुनको सुन्दर तस्बिर कोरिएको छ। तस्बिरमा रानी आन्खेसेनामुनले राजा तुतानखामुनलाई अत्तर लगाइरहेको दृश्य छ। सिंहासनमा सुन र चाँदीको पत्र प्रयोग गरिएको छ। ठाउँ ठाउँमा बहुमूल्य पत्थर र सिसा पनि जडित छन्।

तुतानखामुनको समाधिमा छ वटा रथ पनि भेटिए। तीमध्ये दुई सिधा थिए। रथहरूको बायाँतिर तुतानखामुन र उनकी रानी आन्खेसेनामुनको नाम लेखिएको छ। चित्रमा तुतानखामुनले बसेर वाण ताकेका छन् भने आन्खेसेनामुन बसेकी छन्। रथमा 'सोलर फाल्कन' (बाज) को तस्बिर पनि छ। बाजलाई इजिप्टमा सूर्यको देवता 'होरस' को प्रतिनिधि मानिन्थ्यो।

समाधिस्थलमा सुनको जलप लगाइएको एउटा चाँदी र अर्को

प्राचीन इजिप्टमा स्यालझैं देखिने पुतलालाई आफ्नो देवता मान्ने चलन थियो। जुन देवतालाई 'एनुबियस' भनिन्थ्यो। जसको मूर्तिलाई राजा र रानीको ममीको सुरक्षाका लागि राखिन्थ्यो।






पित्तलको बाजा थिए। ती बाजालाई सन् १९३९ मा प्रसिद्ध सङ्गीतकार जेम्स टेपरले बजाएका थिए। प्राचीन इजिप्टमा स्यालझैँ देखिने पुतलालाई आफ्नो देवता मान्ने चलन थियो। जुन देवतालाई 'एनुबियस' भनिन्थ्यो। जसको मूर्तिलाई राजा र रानीको ममीको सुरक्षाका लागि राखिन्थ्यो। तुतानखामुनको समाधिमा काठ र सुनले बनाइएका 'एनुबियस'का मूर्ति फेला परेका थिए।

समाधिस्थलको भित्तामा कोरिएका सुन्दर तस्बिर कुनै आश्चर्यभन्दा कम थिएनन्। तीन हजार वर्षअघि कोरिएका कलात्मक ती तस्बिर सही सलामत थिए। तस्बिरहरूमा राजा तुतानखामुन ओसाइरससँग भेट गरिरहेको दृश्य देखाइएको छ। साथै त्यहाँ नौ वटा बबुन (बाँदर) का चित्र पनि भेटिएका छन्। प्राचीन इजिप्टमा बबुनका चित्रलाई पुनर्जन्मसँग जोडेर हेरिन्थ्यो।

प्राचीन इजिप्टमा 'ओसाइरस' नामका देवताको पूजा हुन्थ्यो । तुतानखामुनको १९ वर्षको उमेरमा निधन भएका कारण उनलाई तस्बिरमा ओसाइरसलाई भेटिरहेको देखाइएको बुझिन्छ। तुतानखामुन समाधिमा काठ र हात्तीको दाँतबाट बनाइएको ठूलो बाकस भेटिएको थियो। बाकस बाहिर सुन्दर चित्र कोरिएका थिए। तुतानखामुनको समाधिमा कमलको फूल आकारको सुन्दर कप पनि भेटिएको थियो। जुन कप 'एलाबास्टर' नामक ढुङ्गाबाट बनाइएको छ। कपमा 'हाइरोग्राफिक्स' को चित्र छ। जसको अर्थ तुतानखामुनलाई हजारौँ वर्ष लामो जीवन प्राप्त होस् भन्ने हुन्छ। त्यहाँ तुमानखामुनको 'एलाबास्टर' ढुङ्गाकै अर्को कस्मेटिक जार पनि भेटिएको थियो। जारको बिर्कोमाथि सिंहको सुन्दर मूर्ति छ।

यति मात्र होइन तुतानखामुनको समाधिमा काठको खाट फेला परेको

तुतानखामुनको १९ वर्षको उमेरमा निधन भएका कारण उनलाई तस्बिरमा ओसाइरसलाई भेटिरहेको देखाइएको बुझिन्छ। तुतानखामुन समाधिमा काठ र हात्तीको दाँतबाट बनाइएको ठूलो बाकस भेटिएको थियो।



थियो। जसलाई बाहिरबाट सुनको पत्रले ढाकिएको छ। खाट गाईको आकारमा छ। प्राचीन इजिप्टमा गाईलाई 'हेथोर' नामक देवतासँग जोडिन्थ्यो। त्यति बेला हेथोरलाई 'प्रेम र प्रजनन' को प्रतीक मानिन्थ्यो।

प्राचीन इजिप्टमा हिप्पोपोटामसको सिकार गरिन्थ्यो। हिप्पोपोटामसको दाँतबाट निर्मित सामग्री उपहारका रूपमा दिइन्थ्यो। तुतानखामुनको समाधिमा एउटा सानो डुङ्गामा तुतानखामुन चढेको सुनको मूर्ति भेटिएको थियो। जहाँ तुतानखामुन भालाले हिप्पोको सिकार गरिरहेको देखिन्छ। तुतानखामुनको समाधिमा १८ वटा साना डुङ्गासमेत फेला परेका थिए। ती डुङ्गा तुतानखामुनको निधनपछिको जीवन सहज होस् भन्ने मान्यता अनुसार समाधिस्थलमा राखिएको थियो।

भ्याली अफ दी किङ्ग्स

इजिप्टका अठारौँ, उन्नाइसौँ र बीसौँ राजवंशका शासक (इसापूर्व १५५०–१०६९) को समाधिस्थल इजिप्टको पुरानो सहर थेब्स (हाल लक्सर)बाट नाइल नदीपारि उजाड, सुक्खा उपत्यकामा अवस्थित छ। 'भ्याली अफ दी किङ्ग्स' इजिप्टको राजधानी काइरोदेखि चार सय पाँच किलोमिटर दक्षिणमा पर्दछ।

'भ्याली अफ दी किङ्ग्स' मा राजाहरूका अतिरिक्त शाही परिवारका अन्य सदस्यको समाधिस्थलसमेत रहेका छन्। साथै राजपरिवारइतरका केही उच्च–पदस्थ व्यक्तिको समाधिस्थल पनि 'भ्याली अफ दी किङ्ग्स' मै छ।

'भ्याली अफ दी किङ्ग्स' पूर्व र पश्चिम गरी दुइटा खण्डमा विभाजित छ। पूर्वी उपत्यका भन्दा पश्चिमी उपत्यकामा कम समाधिस्थल छन्। 'भ्याली अफ दी किङ्ग्स' मा ६० भन्दा बढी समाधिस्थल रहेका छन्। त्यहाँ २० वटा अधूरा समाधि

पनि छन् । शाही समाधिस्थलका लागि उक्त क्षेत्र सावधानीपूर्वक चयन गरिएको देखिन्छ । शक्तिशाली राजाहरूको समाधि 'भ्याली अफ दी किङ्ग्स' को वरपरका चट्टानबाट उठेको पिरामिड आकारको चुचुरोको मुनि राखिएको छ । प्राचीन इजिप्टमा पिरामिड पुनर्जन्म र अनन्त जीवनको प्रतीक मानिन्थ्यो भने प्राकृतिक पिरामिडलाई ईश्वरीय चिह्नको रूपमा लिइन्थ्यो । 'भ्याली अफ दी किङ्ग्स' मा देवी 'हाथोर' को अन्त्येष्टि गरिएका कारण पनि उक्त क्षेत्र पवित्र मानिन्थ्यो ।



इजिप्टको प्राचीन इतिहास बोकेका थुप्रै अमूल्य खजाना वैध-अवैध तरिकाले युरोप, अमेरिका पुगेका छन् । ती खजाना युरोप र अमेरिकाका विभिन्न सङ्ग्रहालय, विश्वविद्यालय र धनाढ्यहरूसँग छ । इजिप्टवासी आफ्नो भूमिमा मात्र नभई आफ्ना पुरातात्त्विक सामग्री र खजानामा समेत सार्वभौमसत्ता कायम हुनुपर्ने मान्यता राख्छन् ।

इजिप्टवासी तुतानखामुनको लगायत प्राचीन खजाना इजिप्टको पितृत्वको अंश दाबी गर्छन् । त्यसैले उनीहरू तुतानखामुनको लगायत प्राचीन इजिप्टका दुर्लभ खजाना युरोप, अमेरिकाबाट फिर्ता होऊन् भन्ने चाहन्छन् । इजिप्टवासीले तुतानखामुनलाई राष्ट्रिय नायकका रूपमा ग्रहण गरेका छन् । ■

कुनै समय अमेरिकामा अस्ट्रिच गाडा प्रचलनमा थियो । मानिसले सवारीका लागि अस्ट्रिच प्रयोग गर्दथे । अस्ट्रिच गाडाको गति सीमा पनि तोकिएको थियो । सन् १९३० को यस तस्बिरमा प्रहरीले लस एन्जल्समा तेज गतिमा अस्ट्रिच गाडा चलाउनेलाई कारबाही गरिरहेका छन् ।



आँपका अनेक परिकार



■ आरबी बुढाथोकी

अहिले आँपको सिजन छ। आँप सबैको प्रिय फल पनि हो। नेपालमा धेरैथरीका आँप उत्पादन हुन्छन्। एसिया आँपका लागि धनी मानिन्छ। अफ्रिकामा पनि यसको राम्रो उत्पादन हुन्छ।

बम्बे, सफेदा, बङपाली, पैरी, निलम, हापुस, हिमसागर देसरी, टोटपुरी, केसर, चौसा, लाङ्ग्रा, दसहरी, मालदह, तोतापरी, कृष्णभोग, फनली जातका आँप बजारमा उपलब्ध हुन्छन् तर आँप कसरी खाने भन्ने बारेमा धेरै कमलाई मात्र ज्ञान छ।

आँपका विभिन्न परिकार बनाउन सकिन्छ। जस्तो आँपको खिर, आँपको लस्सी, आँपको स्मोथी, आँपको धुलो, आँपको अचार, आँपको जुस, काँचो आँपको खट्टा जुस, काँचो र पाकेको आँपको मिक्स खट्टामिठा जुस, आँप एभोकाडो सेलरी मिक्स जुस, फ्रोजन रम र आँपको जुस, स्पाइसी म्याङ्गो सन्डी, म्याङ्गो पिच लस्सी, म्याङ्गो किवी लसी, म्याङ्गो चिल आइस, म्याङ्गो लाइम कर्ड, म्याङ्गो बेरी स्मोथी, डेजर्ट



चामल राम्ररी पाक्न थालेपछि आगो कम गर्ने । त्यसपछि चिनी हाल्ने । सुकुमेलको धुलो, कोरिएको पिस्ता र बदाम पनि हालेर पकाउने ।



म्याङ्गो कुलर, कोकोनट म्याङ्गो पाइन एप्पल सोर्बेट । यति मात्र होइन आँपका कैयौँ सलाद तथा ड्रेसिङ बनाउन मिल्छ ।

आँपका डेजर्ट्स तथा मिठाई पनि बनाउन सकिन्छ । जस्तो म्याङ्गो मिसो, म्याङ्गो चिज चक्लेट, इन्डो स्विस फेन्टासी, म्याङ्गो फिग, नेपोली तानो म्याङ्गो, आम खिरकी सङ्गम, म्याङ्गो लियर केक, म्याङ्गो मुस, म्याङ्गो मुस टार्ट, म्याङ्गो आइस क्रिम, म्याङ्गो डुनोट, म्याङ्गो चिज केकक्रिमी, म्याङ्गो फलान, म्याङ्गो कोकोनट ब्रेड, म्याङ्गो लेमन बार, म्याङ्गो जिन्जर मिन्ट पोप्सिक्ली, म्याङ्गो पाइ, म्याङ्गो मोची रोल्ल ।

आँपका केही प्रमुख परिकार

आँपको खिर

चाहिने सामग्री : पाकेको आँप दुई पिस, भिजाएको चामल दुई सय ग्राम, दुध एक लिटर, चिनी एक सय ५० ग्राम, हरियो सुकुमेल आधा चम्चा, कोरिएको बदम एक चम्चा, कोरिएको पिस्ता एक चम्चा ।

विधि : ननइस्टिक प्यानमा दुध उमाल्ने र चामललाई राम्ररी पखालेर दुधमा ओइराउने । चामल राम्ररी पाक्न थालेपछि आगो कम गर्ने । त्यसपछि चिनी हाल्ने । सुकुमेलको धुलो, कोरिएको पिस्ता र बदाम पनि हालेर पकाउने । पाकिसकेपछि अन्त्यमा एक चमचा घिउ हाल्ने ।

राम्ररी पखालेर ताछेको आँपलाई खोयाविहीन हुने गरी छोडाउने र मिक्सचरमा ब्ल्यान्ड गर्ने र खिरमा हालिदिने । हल्का चिसो भएपछि कोरिएको पिस्ता र केसर हाल्ने ।

यो खिर अत्यन्त स्वादिष्ट र स्वस्थकर मानिन्छ । आँपको पूर्ण स्वाद आउने यो खिर भारत, नेपाललगायत विश्वका अन्य देशमा पनि खाइन्छ । आँपको खिर बिनाचामल पनि बनाइन्छ । दुधलाई लामो समय उमालेर बनाएको रबरीमा पाकेको आँप काटेर मिसाई यो खिर तयार पारिन्छ ।



आँपको लस्सी (स्मुथी)

आँपको लसी बनाउँदा चाहिने सामग्री : सादा दही एक कप, ताजा दुध आधा कप, आँप ठूलो आकारको एउटा, मह या चिनी इच्छा अनुसार, बरफ ६० देखि ७० ग्राम, सुकुमेल दुई दाना ।

विधि : आँपलाई राम्ररी पखालेर खोयाविहीन गरी काट्ने। त्यसपछि बाँकी सम्पूर्ण सामग्री हालेर ब्यालेन्डरमा ब्लेन्ड गर्ने। त्यसपछि गिलासमा हालेर यो लस्सी खान सकिन्छ। यसलाई गर्मीको समयमा स्वस्थकर र शीतलता दिने पेय मानिन्छ।

आँपको केक

सामग्री : मैदा एक कप (२३० ग्राम), अन्डा छ वटा, चिनी एक कप (११० ग्राम) बेकिङ पाउडर आधा चम्चा, ताजा पाकेको आँप ठूलो आकारको दुई वटा, आँपको पिउरी एक र आधा कप, क्रिम चिज एक र आधा कप, नुन नभएको बटर एक कप, सुगर पाउडर दुई र आधा कप, भेनिला एसेन्स दुई चम्चा।

विधि : सर्वप्रथम मैदा, चिनी, अन्डा, बेकिङ पाउडर हालेर मिसाएर स्पन्च केक तयार गर्ने र एकछिन त्यत्तिकै राख्ने। अर्को भाँडामा बटर, पाउडर सुगर, क्रिम चिज र भेनिला एसेन्स हालेर मिसाउने। साथमा आँपको पिउरीलाई पनि तयारी अवस्थामा राख्ने। गोलाकार स्पन्च केकलाई बीचमा स्लाइस गरी एउटामा सेतो मिश्रण लेपन गर्ने र अर्कोलाई आँपको पिउरीले लेपन गरी चार तहसम्म खप्टाएर राख्ने। एवं तरिकाले तयार भएको केकको सम्पूर्ण भाग सेतो क्रिम चिजको मिश्रणले लेपन गरी माथिल्लो भागमा गोलाकार बुट्टा कोर्ने र ताजा आँपको स्लाइस मिलाएर एरेन्ज गर्दै जाने। अन्त्यमा सुगर सिरपले लेपन गर्ने र फिनिस गरी चिसोका लागि चिलरमा एक घण्टा भण्डारण गर्ने। केक राम्रोसँग सेट भएपछि खान सकिन्छ। ▪

गोलाकार स्पन्च केकलाई बीचमा स्लाइस गरी एउटामा सेतो मिश्रण लेपन गर्ने र अर्कोलाई आँपको पिउरीले लेपन गरी चार तहसम्म खप्टाएर राख्ने । एवं तरिकाले तयार भएको केकको सम्पूर्ण भाग सेतो क्रिम चिजको मिश्रणले लेपन गरी माथिल्लो भागमा गोलाकार बुट्टा कोर्ने र ताजा आँपको स्लाइस मिलाएर एरेन्ज गर्दै जाने ।





बोलीको यात्रा




■ यमबहादुर दुरा

मानिसले १० हजार वर्षअघिदेखि मात्र भाषिक दृष्टिले प्रस्ट र अर्थपूर्ण आवाज निकाल्न थाल्यो भन्ने भनाइ अध्येताहरूको छ । यद्यपि यसको कालक्रमबारे मतैक्य भने देखिँदैन । एउटा पक्ष चाहिँ प्रस्ट छ, मानव आवाजको अर्थपूर्ण विकास भएपछि भाषाको विकास भएको पाइन्छ ।

मानव जातिले पाएको अतुलनीय वरदानमध्ये एक हो बोली । एकैछिन कल्पना गरौँ, बोली नभएको भए मानव समाज कस्तो हुन्थ्यो होला ?, बोलीको अभावमा विचार र भावना साटासाट गर्न कति कठिन हुन्थ्यो होला ? बोलीले नै मानव अभिव्यक्ति सशक्त हुन गएको छ । बोलीले मानव अभिव्यक्तिलाई मात्र होइन मानव सभ्यता उन्नत अवस्थामा पुऱ्याएको छ । बोलीबाटै मानव सभ्यताको अकल्पनीय विकास र विस्तार हुन सम्भव भएको भन्न सकिन्छ ।

मानव अभिव्यक्ति र सभ्यतामा जीवनदायिनी भूमिका खेल्ने बोलीको उत्पत्तिको पनि आफ्नै कथा छ । मानव जातिको उत्पत्ति हुनेबित्तिकै बोलीको विकास भएको थिएन । यस धर्तीमा मानव जातिको उत्पत्ति भएको लामो कालखण्डपछि मात्र बोलीको विकास भएको विभिन्न अध्ययनले देखाउँछ ।

अमेरिकी पत्रिका 'द एटलान्टिक' (सन् २०१९ डिसेम्बर १२) मा प्रकाशित एक लेखका अनुसार मानव जातिका पुर्खाले लगभग दुई लाख वर्षअघि मात्र आवाज निकाल्न थालेका थिए । त्यो आवाज भाषिक दृष्टिले कुनै अर्थपूर्ण बोली थिएन । बोलीका आधारभूत





बोलीको सहज किसिमको विकास भएपछि त्यसलाई लामो दुरीमा कसरी यात्रा गराउन सकिन्छ भन्नेबारे पनि मानव जातिले सोचेको हुनुपर्छ ।

चरित्रको आभाव भएकाले त्यसबाट दोहोरो कुराकानी सम्भव थिएन ।

कतिपय अध्येताले बोलीको विकास दुई लाख वर्षभन्दा अझ पछि भएको निष्कर्ष निकालेका छन् । 'करेन्ट एन्थ्रोपोलोजी' जर्नल (सन् २००७) मा प्रकाशित लेखलाई आधार मान्दा ५० हजार वर्षअघि मात्र मानव जातिमा बोली विकास भएको थियो । लेखमा उल्लेख भए अनुसार नियान्डरथललगायतका आदिम मानव बोलीविहीन थिए (लिबरम्यान, २००७, पृ. ३९) । केही अध्येतको दृष्टिमा आधुनिक होमो सेपियन्स पनि सुरुमा बोलीविहीन थिए ('द एटलान्टिक', सन् २०१९ डिसेम्बर १२) ।

त्यस समयमा मानव जातिले निकाल्ने आवाज कुनै अर्थपूर्ण र परिपूर्ण भाषा थिएन भन्ने कुरा अगाडि नै आयो । त्यसबेलाको बोली केवल फगत आवाज थियो । मानिसले १० हजार वर्षअघिदेखि मात्र भाषिक दृष्टिले प्रस्ट र अर्थपूर्ण आवाज निकाल्न थाल्यो भन्ने भनाइ अध्येताहरूको छ । यद्यपि यसको कालक्रमबारे मतैक्य भने देखिँदैन । एउटा पक्ष चाहिँ प्रस्ट छ, मानव आवाजको अर्थपूर्ण विकास भएपछि भाषाको विकास भएको पाइन्छ ।

बोलीको विकास भइसकेपछि स्वाभाविक रूपमा वार्तालाप सहज भयो । बोलीको सहज किसिमको विकास भएपछि त्यसलाई लामो दुरीमा कसरी यात्रा गराउन सकिन्छ भन्नेबारे पनि मानव जातिले सोचेको हुनुपर्छ । बोलीलाई विस्तार गर्ने आधुनिक प्रविधिको विकास नहुँदासम्म चर्को आवाजमा चिच्याउँदा आवाज जति टाढा पुग्थ्यो त्यतिसम्म मात्र बोली विस्तार हुन सक्थ्यो । त्यही नै मानव बोली विस्तारको सीमा थियो ।

मानिसमा विद्यमान बेजोड कल्पनाशीलताले बोलीलाई पर परसम्म यात्रा गराउने बारे सोच–विचार गर्न थाल्यो । उसले चर्को स्वरमा चिच्याएर बोली विस्तार गर्ने कुरामा मात्र चित्त बुझाएन । नौ डाँडापारि रहेका आफन्तजन तथा सैसाथीसँग बोली मिसाउन पाए हुन्थ्यो भनेर मानिस अनेक किसिमले कल्पिन थाल्यो । यसबारे पूर्वीय साहित्यमा पनि अनेकन् प्रसङ्ग भेटिन्छन् ।

प्राचीन कवि कालिदासको बहुचर्चित काव्यकृति 'मेघदूत' मा टाढा रहेकी प्रेमिकासँग भेट्न व्यग्र रहेका प्रेमीले बादललाई सन्देश वाहकका रूपमा खबर पठाएको प्रसङ्ग पाइन्छ । नेपाली लोकगीतमा पनि यस्तै परिदृश्यको झलक भेटिन्छ । जस्तैः 'अल्को डाँडा नभए हुनिथ्यो, म बोलेको मायाले सुन्निथ्यो' ।

यी त एक ठाउँबाट अर्को ठाउँमा बोलीको यात्रा गराउने वा विस्तार गराउने मानव जातिको आकाङ्क्षाको सामान्य दृष्टान्त मात्र हुन् । प्रागऐतिहासिक कालखण्डदेखि इतिहासका अनेकन् कालखण्डमा बोलीलाई लामो दुरीमा



यात्रा गराउने बारे अनेकौँ चिन्तन–मनन र प्रयत्न भएको हुनुपर्छ ।

यद्यपि बोलीलाई वायु तरङ्गमार्फत यात्रा गराउने युगीन चाहना पूरा गर्न लामो समय लाग्यो । इस्वी संवत्को १९ औँ शताब्दीमा आएर मात्र बोली धर्तीको एउटा कुनाबाट अर्को कुनामा विस्तार हुन सम्भव भयो । पहिले टेलिफोन र त्यसपछि रेडियोको आविष्कार भएपछि मानव बोलीले लामो दुरीमा यात्रा गर्ने रोमाञ्चक वातावरण तयार भयो, जुन विभिन्न अनुसन्धानदाता र आविष्कारकहरूको अथक् खोज–अनुसन्धानको प्रतिफल हो ।

सर्वविदितै छ, अलेक्जेन्डर ग्राहमबेल टेलिफोनको आविष्कारकका रूपमा चिनिन्छन् । स्कटल्यान्डमा जन्मेका वैज्ञानिक तथा इन्जिनियर ग्राहमबेलले सन् १८७६ मा टेलिफोन आविष्कार गरेर मानव इतिहासमा एउटा युगान्तकारी घटनाको मूल नायकका रूपमा आफ्नो नाम लेखाए । मानव बोलीलाई विद्युतीय रूपमा लामो दुरीमा यात्रा गराउने नायकका रूपमा उनको नाम स्मरणीय छ ।

यद्यपि ग्राहमबेलभन्दा अघि पनि टेलिफोन आविष्कार गर्ने अनेकन् प्रयत्न भएको पाइन्छ । इटालेली एन्तोनियो मेउचीले सन् १८४९ मा पहिलो पटक आधारभूत टेलिफोन विकास गरेको र त्यसलाई फ्रान्सेली चार्ल्स बोर्सलले सन् १९५४ मा परिमार्जन गरी टेलिफोनको प्रारम्भिक विकास क्रमलाई सघाएको इतिहास भेटिन्छ । यद्यपि उनीहरूबाट के कस्ता प्रयत्न भए भन्नेबारे विस्तृत विवरण भेटिँदैन ।

स्कटल्यान्डमा जन्मेका वैज्ञानिक तथा इन्जिनियर ग्राहमबेलले सन् १८७६ मा टेलिफोन आविष्कार गरेर मानव इतिहासमा एउटा युगान्तकारी घटनाको मूल नायकका रूपमा आफ्नो नाम लेखाए ।

'अमेरिकाज लाइब्रेरी' वेबसाइटमा प्रकाशित एक सामग्रीका अनुसार सन् १८७६ मार्च १० मा ग्राहमबेलले पहिलो पटक टेलिफोनमा बोलेका थिए । यस सिलसिलामा उनले आफ्ना सहायक थोमस वाट्सनसँग कुरा गरे । पहिलो टेलिफोन संवादमा ग्राहमबेलले भनेका थिए, "मिस्टर, वाट्सन कम हेयर । आई वान्ट टु सि यु ।" अर्थात् मिस्टर वाट्सन, तिमी यता आऊ म तिमीलाई भेट्न चाहन्छु ।

टेलिफोनमा बोल्दा ग्राहमबेल अमेरिकको पूर्वी तटमा रहेको न्यु योर्कमा थिए भने उनका सहायक वाट्सन अमेरिकाकै पश्चिमी तट सान फ्रानसिस्को सहरमा थिए । यी दुई ठाउँको दुरी चार हजार किलोमिटरभन्दा बढी छ ।

टेलिफोनले बोलीको विस्तारमा महत्त्वपूर्ण योगदान दिए पनि यसका आफ्नै किसिमको गाह्रोसाह्रो र जटिलता थिए । टेलिफोन वायरलेस (ताररहित) प्रविधि थिएन । कुनै कारणले कतै तार चुँडेमा संवाद हुन सक्दैनथ्यो । यसबाट मुक्ति पाउनका लागि मानव बोलीलाई ताररहित किसिमले एउटा भूगोलबाट अर्को भूगोलमा कसरी प्रसार गर्न सकिन्छ भन्नेबारे सोच विचार गर्न थालियो । अनि टेलिफोनको परिपूरक तथा वैकल्पिक प्रविधिको रूपमा रेडियोबारे खोजी हुन थाल्यो ।

यद्यपि टेलिफोन आएपछि मात्र रेडियो प्रविधिबारे सोच विचार भएको चाहिँ होइन । टेलिफोन आविष्कार हुनुभन्दाअघि नै सैद्धान्तिक तवरमा भए पनि रेडियो प्रविधिबारे खोजीनीति र विचार विमर्श भएको पाइन्छ । बोलीलाई तारबिनै एक ठाउँबाट अर्को ठाउँमा पठाउन एउटा भरपर्दो माध्यम आवश्यक थियो । यस दिशामा स्कटल्यान्डका गणितज्ञ तथा वैज्ञानिक जेम्स क्लार्क म्याक्सवेलले गहन खोज गरी पथप्रदर्शकका रूपमा काम गरे ।


म्याक्सवेलले रेडियो प्रविधिसँग

गहिरो नाता गाँस्ने विद्युत् चुम्बकीय सिद्धान्त प्रतिपादन गरेका थिए। एडिनवर्गस्थित जेम्स क्लार्क म्याक्सवेल फाउन्डेसनले प्रकाशन गरेको न्युजलेटर (सन् २०२१) का अनुसार म्याक्सवेलले पृथ्वीको वायुमण्डलमा विद्युत् चुम्बकीय तत्त्व रहेको र त्यसलाई प्रयोग गरेर बोली वा आवाजलाई तीव्र गति (लगभग प्रकाशकै गति) मा एक ठाउँबाट अर्को ठाउँमा प्रसारण गर्न सकिन्छ भन्ने सम्भावना व्यक्त गरेका थिए।

म्याक्सवेलले अघि सारेको सिद्धान्तमाथि जर्मन भौतिकशास्त्री हेनरिक हर्जले थप अध्ययन–अनुसन्धान गरे। उनले विद्युत् चुम्बकीय तरङ्गको प्रयोग गरेर बोली वा आवाजलाई तीव्र गतिमा



आवाजलाई यात्रा गराउने विद्युत् चुम्बकीय तरङ्गको अस्तित्व पुस्टि भएपछि रेडियो प्रविधिको प्रयोग र परीक्षण हुन थाल्यो। यस दिशामा सर्भियाली–अमेरिकी निकोला टेस्ला तथा इटालीका गुग्लिल्मो मार्कोनीले दिएको योगदान स्मरणीय मानिन्छ।



प्रसार गर्न सकिन्छ भन्ने तथ्यलाई पुस्टि गरिदिए। म्याक्सवेलले वायुमण्डलमा विद्युत् चुम्बकीय तरङ्गको अस्तित्व बारे सन् १८६० को दशकमा सम्भावना दर्साएका थिए भने हर्जले त्यसलाई सन् १८८८ तिर पुस्टि गरिदिए।

हेनरिक हर्जले रेडियो प्रविधिमा प्रयोग गर्न सकिने विद्युत् चुम्बकीय तरङ्गको अस्तित्व पुस्टि गरेकाले उनको सम्मानमा रेडियोका फ्रिक्वेन्सीलाई 'हर्ज' मा मापन गर्ने चलन छ। जस्तो किलोहर्ज, मेगाहर्ज वा गिगाहर्ज।

आवाजलाई यात्रा गराउने विद्युत् चुम्बकीय तरङ्गको अस्तित्व पुस्टि भएपछि रेडियो प्रविधिको प्रयोग र परीक्षण हुन थाल्यो। यस दिशामा सर्भियाली–अमेरिकी निकोला टेस्ला तथा इटालीका गुग्लिल्मो मार्कोनीले दिएको योगदान स्मरणीय मानिन्छ। उनीहरू रेडियो प्रविधिका अग्रणी खोजकर्ता मानिन्छन् तर मार्कोनीले आफ्नो नाममा रेडियो प्रविधिको एकस्व अधिकार (पेटेन्ट राइट) दर्ता गराएपछि टेस्ला दौडमा पछि परेको देखिन्छ।

रेडियो इतिहास खोतल्दा मार्कोनी नै रेडियोका पिता मानिन्छन्। हिस्ट्री च्यानलको वेबसाइटमा प्रकाशित सामग्रीका अनुसार मार्कोनीले सन् १८९४ मा आफ्नै देश इटालीमा रेडियो परीक्षण सुरु गरेका थिए। त्यसबेला १.५ माइलसम्म मात्र मानव बोलीले यात्रा गर्न सफल भएको थियो।

सन् १८९६ मा मार्कोनी बेलायत गए। बेलायत आएपछि उनले आवाजको यात्रालाई ताररहित प्रविधिबाट अझ परसम्म पुऱ्याउने उनको प्रयत्न निरन्तर अघि बढ्यो। मार्कोनीले बोलीको यात्रा गराउने प्रयासलाई जारी राखे। यस क्रममा सन् १८९९ मा उनले मानव बोलीलाई लगभग दुई सय ४० किलोमिटर चौडाइको इङ्ग्लिस च्यानल पार गराउन सफल भएका थिए।

यसपछि पनि बोलीलाई यात्रा गराउने मार्कोनीको प्रयास अथक् जारी रह्यो। हिस्ट्री च्यानलमा प्रकाशित सामग्री अनुसार सन् १९०१ मा मार्कोनी आन्ध्रमहासागरको पूर्वी टुँडोदेखि पश्चिमी टुँडोसम्म रेडियोमार्फत सन्देश प्रवाह गर्न सफल भए (हिस्ट्री च्यानलको वेबसाइट, सन् २०१९) का थिए।

आन्ध्रमहासागरको लगभग चार हजार किलोमिटर लामो सामुद्रिक दुरी छिचोल्दै दुई ठूला महादेश युरोप र अमेरिकालाई मानव बोलीले जोड्ने काम भयो। यसबाट रेडियो प्रविधिको विकासमा लागेका मार्कोनीको मनोबल अझ बढेर गएको थियो।

त्यसबेला रेडियो प्रविधिलाई 'वायरलेस रेडियो टेलिग्राफ' नामले चिन्ने गरिन्थ्यो। त्यसबेला रेडियो प्रविधि एउटा स्टेसनबाट बोल्ने र धेरैले सुन्ने किसिमले डिजाइन

भएको थिएन। टेलिफोनमा कुरा गरिए जस्तै दुई जनाबीच अन्तरवैयक्तिक सञ्चारका लागि मात्र 'वायरलेस रेडियो टेलिग्राफ' हुने गर्दथ्यो। त्यस समयमा 'वायरलेस रेडियो टेलिग्राफ' सैनिक वृत्त तथा अन्य विशिष्ट प्राविधिक क्षेत्रले मात्र प्रयोग गर्ने गरेको पाइन्छ।

मूलतः मानव बोली प्रसारणका लागि विकास गरिएको रेडियो प्रविधि लोककल्याणकारी कार्यमा पनि हुन थाल्यो। यसको ज्वलन्त दृष्टान्तका रूपमा सन् १९१२ मा टाइटानिक पानीजहाज दुर्घटना हुँदा रेडियो प्रविधिले खेलेको लोककल्याणकारी भूमिकालाई लिन सकिन्छ। 'साइन्स म्युजियम' वेबसाइटमा प्रकाशित जानकारीका अनुसार मार्कोनीले विकास गरेका रेडियो उपकरण प्रयोग गरेर टाइटानिक दुर्घटनामा परेकाहरूको उद्धारका लागि खबर पठाइयो, जसबाट सात सय जनाको ज्यान जोगाउन सम्भव भएको थियो।

लोककल्याणकारी कार्यमा समेत प्रयोग हुन थालेको रेडियो प्रविधिको विकासले निरन्तर गति लिँदै थियो। यस्तैमा सन् १९१४ देखि १९१९ प्रथम विश्वयुद्ध चल्यो।



लोककल्याणकारी कार्यमा समेत प्रयोग हुन थालेको रेडियो प्रविधिको विकासले निरन्तर गति लिँदै थियो। यस्तैमा सन् १९१४ देखि १९१९ प्रथम विश्वयुद्ध चल्यो। यसले रेडियो विकास र विस्तारमा अनपेक्षित बाधा उत्पन्न गऱ्यो। प्रथम विश्वयुद्धले बिराम लिएपछि सन् १९२० देखि अमेरिकाको पिट्सवर्ग सहरमा केडिकेए नामक रेडियो स्टेसन स्थापना भई प्रसारण प्रारम्भ भयो। यसपछि अमेरिका, युरोप र संसारका विभिन्न भागबाट क्रमिक रूपमा रेडियो प्रसारणको लहर सुरु भएको थियो।

मानव बोलीलाई एक ठाउँबाट अर्को ठाउँमा यात्रा गराउन सक्षम भएपछि रेडियो अतिशय लोकप्रिय आमसञ्चार माध्यम हुन पुग्यो। रेडियो लोकप्रिय हुनुका पछाडि केही महत्त्वपूर्ण कारण थिए। रेडियोबाट एकातिर घरमै बसीबसी सूचना तथा मनोरञ्जन प्राप्त गर्न सकिन्थ्यो भने अर्कोतिर साक्षर र निरक्षर दुवैले रेडियोको सन्देश ग्रहण गर्न सक्थे। निरक्षर व्यक्तिका लागि पत्रपत्रिका तथा पुस्तकमा यस्तो सुन्दर अवसर थिएन।

रेडियोले बहुसङ्ख्यक निम्न मध्यम वर्गीय परिवारमा ठूलो राहत पुगेको थियो। एउटा रेडियो सेट किनेपछि घरमै बसीबसी समाचार, नाटक, गीत सुनेर सूचना र मनोरञ्जन प्राप्त गर्न सकिने गजबको अवसर जुऱ्यो। रेडियोको आगमनपछि मनोरञ्जनका लागि टिकटमा पैसा खर्च गरी सिनेमाघर तथा नाटक घरमा धाउने परिपाटी बाध्यता नभई केवल ऐच्छिक विषय मात्र बन्यो।

अमेरिकी प्राध्यापक इर्भिङ फाङले सन् १९९७ मा प्रकाशित आफ्नो पुस्तकमा 'अ हिस्ट्री अफ मास कम्युनिकेसनः सिक्स इन्फर्मेसन रेभोलेसन' मा लेखनकला, छापाखाना, आमसञ्चार माध्यम, मनोरञ्जन उद्योगको विकास, घरमै बसीबसी सबै सञ्चार प्रविधि प्रयोग गर्न पाइने अवस्था र सूचना राजमार्गको विस्तारले संसारमा 'सूचना क्रान्ति' आएको चर्चा गरेका छन्, जसमा रेडियोको योगदानको पनि चर्चा छ।

'सूचना क्रान्ति' मा रेडियोले खेलेको भूमिका शीर्षस्थानमा छ। रेडियो बोलीको सारथि मात्र बनेन संसारभरका अनेकन सभ्यतालाई जोड्ने सेतु पनि बन्यो। 'सूचना क्रान्ति' को कुरा गर्दा बोलीलाई यात्रा गराउन लागिपरेका तमाम खोजकर्तालाई प्रातःस्मरणीय व्यक्तित्वका रूपमा सम्झना गर्नैपर्ने हुन्छ। ▪



प्राडा जयराज आचार्य

प्राज्ञिक एवं कूटनीतिक व्यक्तित्व प्राडा जयराज आचार्यले अमेरिकी शिक्षक अस्टिन फेल्प्स (सन् १८२०-१८९०) को भनाइ- पुरानो कोट लगाऊ, नयाँ किताब किन को स्मरण गर्दै भने, “यसबाट पनि पुस्तकको महत्त्वबोध गर्न सकिन्छ ।”

त्यसो त अहिले अध्ययन गर्न चाहनेका लागि अनेक माध्यम छन् तर किताब पल्टाएर पढ्नु जत्तिको आनन्द अन्य माध्यममा नहुने उनी बताउँछन् । आचार्यले आफ्नो निजी पुस्तकालयमा अङ्ग्रेजी, फ्रेन्च, नेपाली, संस्कृत र हिन्दी भाषाका गरी करिब पाँच हजार पुस्तक सङ्गृहीत भएको बताए ।

आचार्य स्वयंले अङ्ग्रेजी, नेपाली र संस्कृत भाषामा लेखेका शिक्षा, नेपाली साहित्य र कूटनीतिक विषयका लेख र किताब नेपाल, भारत र अमेरिकाबाट प्रकाशित छन् । उनले भानुभक्तको जीवनी र रामायणको अङ्ग्रेजीमा अनुवाद गरेर प्रकाशित गरेका छन् । त्यसैगरी ‘यदुनाथ खनाल: विद्वान् कूटनीतिज्ञ समालोचक’ कृति पनि प्रकाशित छ । पूर्वराजदूत आचार्यलाई कूटनीतिक विज्ञका रुपमा लिइन्छ ।

२०३३ सालमा त्रिभुवन विश्वविद्यालयबाट संस्कृतमा आचार्य, अङ्ग्रेजीमा स्नातकोत्तर र २०४६ सालमा अमेरिकाको जर्जटाउन विश्वविद्यालयबाट भाषा विज्ञानमा विद्यावारिधि गरेका थिए उनले । श्रीमद्भागवत र कालिदासको शाकुन्तलले आफ्नो जीवनमा ठूलो छाप पारेको बताउँदै आचार्य आदिकवि भानुभक्त आचार्य, लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद देवकोटा र भूपि शेरचनका कविता पटक पटक पढ्ने गरेको सुनाउँछन् ।


बिपी कोइरालाका ‘नरेन्द्र दाइ’ र ‘हिटलर र यहुदी’, शेक्सपियरका नाटकहरु ‘म्याकबेथ’ र ‘ह्यामलेट’ र पर्ल बकको उपन्यास ‘गुड अर्थ’ उनका निकै मनपर्ने कृति हुन् । महाभारतले आफूलाई ज्यादै प्रभावित पारेको बताउने आचार्यले पछिल्लो समयमा पढेका पाँच किताबबारे जानकारी दिए, “पढ्न त अरु पनि पढें तर यी किताबको बारेमा केही उल्लेख गर्न चाहन्छु ।”

१. हृदय




मुटु शल्यचिकित्सक भगवान कोइरालाले लेख्नुभएको आत्मकथा हो 'हृदय'। पाल्पा जिल्लाको एक गाउँमा जन्मेका डा. कोइरालाले नेपाल, रुस, बङ्गलादेश र अमेरिकामा पढ्नुभयो र नेपाल फर्केर मुटुको शल्यक्रिया गरी हजारौँ मानिसको जीवन बचाउनुभएको छ। उहाँलाई नेपाली जनताले 'भगवान्' नै भन्छन्। उहाँले गङ्गालाल हृदयरोग अस्पताल स्थापना गर्नुभयो र त्यसबाट जनताको धेरै ठूलो सेवा भएको छ। अहिले उहाँ नेपालका सातै प्रदेशमा एक एक बाल अस्पताल बनाउने योजनामा लाग्नुभएको छ। कोशी प्रदेशमा त बाल अस्पताल चालु हुने लागेको छ। डा. कोइरालाको आत्मकथा पढेर नेपाली युवाले प्रेरणा लिनु पर्छ।

२. द इन्डिया वे




भारतका विदेशमन्त्री एस जयशङ्करको 'द इन्डिया वे' निकै महत्त्वपूर्ण पुस्तक छ। मलाई नेपालको भारत, चीन र अमेरिकासितको सम्बन्धमा ज्यादा चाख भएकाले यो किताब पढेको हुँ। नेपाल र भारतबीचको निकट सम्बन्धलाई विचार गर्दा भारतले के सोचिरहेछ भन्ने बुझ्नु नेपाली बुद्धिजीवीका लागि आवश्यक हुन्छ। उसको रणनीति बुझेर नै हामीले पनि आफ्नो नीति बनाउन सकिन्छ। यस किताबमा नेपाल-भारत सम्बन्धमा त केही पनि छैन तर भारतको परराष्ट्र नीति-निर्माताको सैद्धान्तिक अवधारणा प्रस्तुत छ, जुन हामीले बुझिराख्नुपर्छ।

३. काठमाण्डु डिलेमा




नेपालका लागि भारतका राजदूत भएर स्वदेश फर्केका रन्जित रेले लेखेको पुस्तक 'काठमाण्डु डिलेमा' मा भारतीय दृष्टिकोण बुझ्न सकिन्छ। यस किताबका १० अध्यायमा नेपाल-भारत सम्बन्धलाई भारतीय दृष्टिकोणबाट स्पष्ट पारेका छन्। अतः नेपालका नेता, प्रशासक र कूटनीतिज्ञले यो किताब पढ्नु आवश्यक छ। यसअघि मैले एम के. रसगोत्राको 'ए लाइफ इन डिप्लोमेसी' र श्याम शरणको 'हाउ इन्डिया सिज द वर्ल्डस्' पनि पढेको थिएँ। उनीहरू पनि नेपालमा राजदूत भएर फर्केका हुन्। ती किताबमा पनि नेपालबारे एक एक अध्याय छन्, जसबाट केही बुझ्न सकिन्छ।

४. ली कुआन युका विचारहरू



नेपालका नेता 'हामी नेपाललाई सिङ्गापुर बनाउँछौँ' भनेर भाषण गर्छन् तर कति मेहनत, इमानदारी र समर्पणले मात्रै सिङ्गापुर बन्छ भनेर कसैले मतलब राखेको देखिँदैन। मैले ली कुआन युको आत्मकथा पहिले नै पढेको थिएँ। यो किताब उनका भाषण र अन्तरवार्ताबाट निकालेका विचारको सङ्कलन हो। जसमा उनले भारत, चीन र अमेरिकाजस्ता देश तथा त्यहाँको समाज, संस्कृतिमाथि आफ्ना विचार राखेका छन्। वास्तवमा भावी विश्व कता जाँदैछ भन्ने बुझ्न पनि उनका विचार सहायकसिद्ध हुन सक्छन्।

५. हिमवत्खण्ड



यो ग्रन्थ सम्भवतः ३५०-४०० वर्ष जति अघि संस्कृत भाषामा नेपालमै लेखिएको हो। यसमा काठमाडौँ उपत्यका र आसपासमा रहेका चौँसट्ठी लिङ्गका बारेमा मात्रै होइन कामाख्यादेखि बद्री, केदारसम्मको हिमालय क्षेत्रका देवस्थल र तीर्थस्थलहरूको उत्पत्ति बारेमा कथा छन्। यो स्कन्दपुराणको एक खण्ड हो भनिएको छ। यसमा १८८ अध्याय र करिब १३ हजार श्लोक छन्। यसलाई २०१२-१३ सालतिर योगी नरहरिनाथले पहिलो र २०७५ सालमा परिमार्जनसहित प्राडा वेणीमाधव ढकालले दोस्रो संस्करण छपाउनुभएको थियो। यसलाई अङ्ग्रेजीमा अनुवाद गर्न मैले २०४६ सालमा नेसनल जियोग्राफिक सोसाइटी अमेरिकाबाट विद्वत्वृत्ति पाएको थिएँ। धेरै वर्षपछि अनुवाद गरी सकेर छाप्न योग्य हुन लागेपछि फेरि पढ्दै आवश्यक सम्पादनमा लागेको छु। मानिसहरू 'संस्कृत पढेर के फाइदा छ' भन्छन् तर मलाई संस्कृतसँगै अङ्ग्रेजी पनि पढ्यो भने ठिकै हुन्छजस्तो लाग्छ। ■

प्रस्तुति : तुलसीहरि कोइराला

चर्चामा टाइटानिक





■ हीराकुमारी भण्डारी

आजभन्दा एक सय ११ वर्षअघि उत्तरी आन्ध्र महासागरमा डुबेको 'टाइटानिक' पानीजहाज यतिबेला पुनः चर्चामा छ। संसारभरका सञ्चार माध्यममा टाइटानिक छाएको छ। टाइटानिकको भग्नावशेष हेर्न गएका पाँच पर्यटकको समुद्रमै डुबेर निधन भएको छ।


'टाइटन' नामक पनडुब्बीमा टाइटानिक हेर्न जानेहरूमा पाकिस्तानी मूलका बेलायती अर्बपति दाउद शाहजादा र उनका १९ वर्षीय छोरा सुलेमान, बेलायती अर्बपति हमिश हार्डिङ, पल–अन्री नार्गेओ र ओसनगेट कम्पनीका प्रमुख स्टक्टन रस थिए।

उनीहरूले आठ दिनको यात्राका लागि प्रतिव्यक्ति साढे दुई लाख अमेरिकी डलर खर्चेका थिए तर उक्त पनडुब्बी २०८० साल जेठ २८ गते पानीभित्र पसेको ४५ मिनेटमै सम्पर्कविहीन भयो।

के थियो टाइटानिक ?

टाइटानिक आयरल्यान्डको बेलफास्टमा निर्मित तत्कालीन समयको निकै सुविधासम्पन्न विशाल पानीजहाज थियो। टाइटानिकको निर्माण ह्वाइट स्टार लाइन नामक कम्पनीले गऱ्यो। टाइटानिक नाम ग्रिक पौराणिक कथाको 'टाइटन्स' बाट राखिएको थियो। टाइटानिकको पूरा नाम भने 'आरएमएस टाइटानिक' हो। आरएमएसको अर्थ 'रोयल मेल स्टिमर' थियो। सन् १९०९ मा

टाइटानिकलाई आफ्नो समयको विलासिताको प्रतीक मानिएको थियो। टाइटानिकलाई महासागरमा तैरिने एउटा सानो सहर भनियो, जहाँ सबै खाले विलासिता उपलब्ध थिए।



टाइटानिकको निर्माण कार्य सुरु भई सन् १९१२ मा पूरा भयो । २८ मिटर चौडाइ, ५३ मिटर अग्लो र २६९ मिटर लामो टाइटानिक भीमकाय पानीजहाज थियो ।

टाइटानिकको लम्बाइ तीन वटा फुटबल मैदान बराबर थियो । टाइटानिकमा आठ सय ३३ प्रथम श्रेणी, छ सय १४ दोस्रो श्रेणी र एक हजार छ तेस्रो श्रेणीका गरी कुल २४ सय ५३ यात्रुले यात्रा गर्न सक्थे । पौडी पोखरी, व्यायामशाला, धूमपान कक्ष, उच्च श्रेणीको रेस्टुरेन्ट, टर्किस बाथलगायतका सुविधाले टाइटानिक भरिपूर्ण थियो ।

टाइटानिकलाई आफ्नो समयको विलासिताको प्रतीक मानिएको थियो । टाइटानिकलाई महासागरमा तैरिने एउटा सानो सहर भनियो, जहाँ सबै खाले विलासिता उपलब्ध थिए । त्यसैले टाइटानिकलाई 'महासागरको रानी' उपनामसमेत दिइएको थियो ।

सूचना प्रसारण र रिसिभ गर्न जहाजको लम्बाइमा फैलाएर एलिभेटेड टी–एन्टेना राखिएको थियो ।



टाइटानिक निर्माणमा तत्कालीन समयका सबैभन्दा अनुभवी इन्जिनियरहरूको दक्षता तथा सबैभन्दा अत्याधुनिक प्रविधि प्रयोग भएको थियो । जहाजमा पानी नछिर्ने कक्षहरू निर्माण गरिएका थिए । अर्थात् जहाजको एउटा कोठा पानी भरिए अर्को कोठामा त्यसको असर नपर्ने बनाइएको थियो । समुद्री तुफानको पानी छतसम्म पुग्न सक्दैनथ्यो । सोही कारण सञ्चालक कम्पनी ह्वाइट स्टार लाइनले टाइटानिकलाई 'डुब्न नसक्ने जहाज'को संज्ञा दिएको थियो । अझ टाइटानिकलाई 'भगवान्‌ले पनि डुबाउन सक्दैनन्' भनियो तर दुःखको कुरा त्यति सुविधासम्पन्न टाइटानिक सुरक्षा सतर्कता नअपनाउँदा पहिलो यात्राकै क्रममा आइसवर्ग (हिमचट्टान) सँग ठोक्किएर डुब्न पुग्यो ।

ह्वाइट स्टार लाइन कम्पनीले टाइटानिकका लागि रेडियोटेलिग्राफ उपकरण (वायरलेस टेलिग्राफी) मार्कोनी इन्टरनेसनल मरिन कम्युनिकेसनबाट भाडामा लिएको थियो । त्यसमा पाँच किलोवाटको रोटरी स्पार्क–ग्याप ट्रान्समिटर, वायरलेस टेलिग्राफ कल साइन एमजिवाइ थिए । रोटरी स्पार्क–ग्याप प्रयोग गर्ने यो पहिलो ट्रान्समिटरमध्ये एक थियो । सूचना प्रसारण र रिसिभ गर्न जहाजको लम्बाइमा फैलाएर एलिभेटेड टी–एन्टेना राखिएको थियो । मार्कोनीले आफ्ना दुई कर्मचारी ज्याक फिलिप्स र ह्यारोल्ड ब्राइडलाई रेडियो टेलिग्राफ सञ्चालकका रूपमा जहाजमा पठाएका थिए ।

रेडियो टेलिग्राफले २४ सै घण्टा सेवा प्रदान गरेको थियो । उक्त रेडियोग्राफबाट जहाजको यात्रुले टेलिग्राम पठाउन र पाउन सक्थे । रेडियो टेलिग्राफले मौसम र आइसवर्गसम्बन्धी जानकारी तथा नेभिगेसन सन्देश पनि दिन्थ्यो ।

महँगो टिकट

टाइटानिकको टिकट त्यतिबेला निकै महँगोमा बिक्री भएको थियो । जहाजमा पहिलो, दोस्रो र तेस्रो श्रेणीका टिकट थिए । टाइटानिकको प्रथम श्रेणीमा सुविधासम्पन्न कक्ष थिए भने दोस्रो र तेस्रो श्रेणीका समेत छुट्टै कक्ष थिए । श्रेणी अनुसार सुविधा पनि फरक फरक थियो ।

उक्त दुर्घटनामा बच्न सफल शार्लोट ड्रेक कार्डेजाले पहिलो श्रेणीको टिकटका लागि ४५ सय ९१ डलर तिरेकी थिइन् ।

चालक दल

टाइटानिकको कमान्ड क्याप्टेन एडवर्ड स्मिथले सम्हालेका थिए। यद्यपि टाइटानिकमा अन्य जहाजमा झैं स्थायी चालक दल भने थिएन । चालक दलका अधिकांश सदस्य अनौपचारिक कामदार मात्रै थिए। ती कामदार टाइटानिकले साउथ ह्याम्प्टनबाट प्रस्थान गर्नुअघि मात्रै जहाज चढेका थिए। ह्वाइट स्टार लाइनका क्याप्टेनमध्ये सबैभन्दा वरिष्ठ एडवर्ड जोन स्मिथलाई ओलम्पिक जहाजबाट टाइटानिकमा सारिएको थियो। त्यसै गरी हेनरी टिङ्गल वाइल्ड पनि ओलम्पिक जहाजबाट टाइटानिकमा आएका थिए।



यात्रु सङ्ख्या

निर्धारित तालिका अनुसार टाइटानिक सन् १९१२ अप्रिल १० मा बेलायतको साउथ ह्याम्प्टनबाट अमेरिकाको न्युयोर्कका लागि निस्केको थियो । जहाजमा यात्रा गर्ने तेस्रो श्रेणीका यात्रुको सङ्ख्या धेरै थियो । प्रथम श्रेणीका यात्रुलाई क्याप्टेन स्मिथले स्वागत गर्दै जहाज प्रवेश गराएका थिए। जहाज चढ्नुअघि तेस्रो श्रेणीका यात्रुमा रोग नहोस् भने जाँच गरिएको थियो ।

साउथ ह्याम्प्टनमा टाइटानिकमा जम्मा नौ सय २० यात्रु चढेका थिए। तीमध्ये पहिलो श्रेणीमा एक सय ७९, दोस्रो श्रेणीमा दुई सय ४७ र तेस्रो श्रेणीमा चार सय ९४ जना थिए। साउथ ह्याम्प्टनबाट निस्केको टाइटानिकले बाटोमा फ्रान्सको चेरवर्ग र आयरल्यान्डको क्विन्स टाउनबाट थप यात्रु बोकेको थियो ।

टाइटानिकमा बेलायत, फ्रान्स र आयरल्यान्डबाट चढेका गरी कुल यात्रु २२ सय २४ जना थिए। तीमध्ये आठ सय सय ८५ त चालक दलका सदस्य नै थिए। टाइटानिकमा यात्रुका साथै तीन हजार पाँच सय बोरा चिठीपत्र र कागजात लादिएको थियो । टाइटानिक सवारमा धनाढ्य मात्र होइन बेलायत, स्क्यान्डिनेभिया र युरोपका विभिन्न मुलुकबाट अमेरिका हिँडेका सयौँ आप्रवासीसमेत थिए।

पहिलो गासमै ढुङ्गा

व्यावसायिक यात्रामा निस्कनुअघि सन् १९१२ अप्रिल २ मा टाइटानिकको समुद्री परीक्षण गरिएको थियो । त्यसपछि अप्रिल १० मा बेलायतको साउथ ह्याम्प्टनबाट बिदा भएको टाइटानिकलाई पूर्वनिर्धारित तालिका अनुसार सन् १९१२ अप्रिल १७ को बिहान न्युयोर्कको पियरमा पुग्नु थियो। आयरल्यान्डको क्विन्स टाउन छोडेपछि, टाइटानिकले आयरिस तटलाई फास्टनेट रकसम्म पछ्यायो । त्यहाँबाट आन्ध्र महासागर पार गरी ग्रेट सर्कल मार्गमा न्युफाउन्डल्यान्डको दक्षिण-पूर्व 'द कुना' भनेर चिनिने महासागरमा पुगेको थियो ।

पाँच दिनको यात्रापछि अप्रिल १४ को राति तीव्र गतिमा टाइटानिक 'द कुना' बाट 'नानटकेट शोल्स लाइट' को 'रुम्ब लाइन'बाट अघि बढ्दै थियो । त्यति नै बेला जहाजको समय अनुसार राति ११:४० बजे फ्रेडरिक फ्लिटले जहाजको अगाडि एउटा विशाल आइसवर्ग देखे। उनले चालक दललाई सतर्क गराए। त्यसपछि फस्ट अफिसर विलियम मर्डोकले जहाजलाई मोड्न आदेश दिए तर त्यतिबेला निकै ढिलो भइसकेको थियो। तीव्र गतिमा रहेको जहाजको दिशा परिवर्तनका लागि पर्याप्त समय थिएन। सोही कारण जहाजको स्टारबोर्ड साइड आइसवर्गमा ठोक्किन पुग्यो। आइसवर्गमा ठोकिएपछि जहाजमुनि ठूलो भ्वाङ पर्‍यो ।

पाँच वटा 'वाटरटाइट कम्पार्टमेन्ट' भत्किई जहाजभित्र पानी पस्यो र जहाज डुब्यो । अन्वेषकहरूले ३० सेकेन्डअघि मात्रै सतर्कता अपनाएको भए जहाज आइसवर्गसँग ठोक्किने थिएन भन्ने दाबी गर्ने गरेका छन् । अन्वेषकहरूका

अनुसार ३० सेकेन्डअघि जहाज आइसवर्गबाट १५ सय फिटको दुरीमा थियो। अर्कोतिर आइसवर्ग देख्ने जहाजका अधिकारीले तत्काल जहाज मोड्न आदेश नदिएको कुरा पनि आएको छ। यिनै कारण टाइटानिक आइसवर्गसँग ठोक्किन गई दुई घण्टाभित्रै डुबेको थियो।

अकल्पनीय क्षति

टाइटानिक दुर्घटनामा परी ठूलो मानवीय क्षति भएको थियो। दुर्घटनामा १५ सय यात्रुले ज्यान गुमाए। यसरी ज्यान गुमाउनेमा सबैभन्दा बढी पुरुष थिए। टाइटानिकमा एक सय सात बालबालिका रहेकोमा ५० जनाको जीवितै उद्धार गरिएको थियो।

टाइटानिकको प्रथम श्रेणीमा रहेका हडसन ट्रेभर एलिसन ११ महिना ८ दिनका मात्रै थिए भने तेस्रो श्रेणीमा पाँच महिने शिशु असस टन्नस थिए। दुर्घटनापछि कतिपय यात्रु समुद्रमा तैरिए। पर्याप्त लाइफबोट नहुँदा अधिकांशको मृत्यु डुबेर भएको थियो। समुद्रको पानी माइनस दुई डिग्री सेल्टिग्रेडभन्दा बढी भएकाले पनि चिसोका कारणले कतिपयको ज्यान गयो। टाइटानिकले यात्रुको जीवन रक्षाका लागि पूर्ण सुरक्षा सतर्कता अपनाएको भनिए पनि जहाजमा जम्मा १६ वटा लाइफबोट थिए।

टाइटानिक दुर्घटनामा परेर बाँच्न सफल महिला मिल्भिना डिन त्यतिबेला सानै थिइन्। डिनको सन् २००९ मा ९७ वर्षमा निधन भएको थियो। टाइटानिक दुर्घटनामा परी ज्यान गुमाएकामध्ये तीन सयको शव पानीबाट बाहिर निकालियो। ती शवलाई पहिचानका लागि क्यानडाको ह्यालिफ्याक्स (नजिकको बन्दरगाह) लगिएको थियो।

सुरक्षा कमजोरी

टाइटानिक दुर्घटना हुँदाको बखत समुद्री जहाजको सुरक्षा प्रणाली कमजोर थियो। जहाजमा राडारजस्ता उपकरण थिएनन्। क्याप्टेनले अगाडि आइसवर्ग हेरेर सतर्कता अपनाउँथे। जुन सुरक्षा व्यवस्था तीव्र गतिमा चल्ने टाइटानिकका लागि उपयुक्त थिएन। टाइटानिक आइसवर्गसँग ठोक्किनबाट जोगाउन तथा ठोकिइहाले के गर्ने भन्नेबारे पनि पूर्वसतर्कता अपनाइएको थिएन। जहाजमा भित्र पसेको पानी तीव्र गतिमा बाहिर फाल्ने उपकरण त्यहाँ थिएन। जहाज निर्माणमा प्रयोग भएका सामग्री पनि अहिलेको जस्तो बलिया थिएनन्।

टाइटानिकको मुख्य भाग धातुका



पाताबाट बनाइएको थियो। जुन सामग्रीको गुणस्तर हालको तुलनामा कमजोर थियो। सोही कारण टाइटानिक आइसवर्गसँग ठोकिँदा जहाजको मुख्य भागको आधा लम्बाइसम्मै भ्वाङ पर्न गई जहाज डुब्न पुग्यो।

कस्मेटिक विपत्

टाइटानिकका मुख्य डिजाइनर अलेक्ज्यान्डर कार्लिस्ले जहाजमा ४८ वटा लाइफबोट राख्न चाहन्थे तर टाइटानिकमा धेरै लाइफबोट राख्दा जहाजको कस्मेटिक स्वरूपमा (जहाजको सौन्दर्य) ह्रास आउने भन्दै लाइफबोटको सङ्ख्या घटाइको थियो। यदि लाइफबोटको सङ्ख्या नघटाएको भए टाइटानिक दुर्घटना हुँदा धेरैको ज्यान बच्ने थियो।

'ब्लुब्रान्ड' को प्रलोभन

टाइटानिक आइसवर्गसँग ठोक्किएर दुर्घटनामा परे पनि त्यसको वास्तविक कारण भने मानवीय त्रुटि थियो। आइसवर्गले ढाकिएको उत्तरी आन्ध्र महासागरमा जहाज लैजाँदा चालक दलले अपनाउनुपर्ने जति सतर्कता अपनाएको थिएन। त्यसमा पनि टाइटानिक सञ्चालक कम्पनीले जहाजलाई कम समयमा यात्रा पूरा गर्न चालक दललाई दबाब दिएको थियो।

टाइटानिक सञ्चालकले 'ब्लुब्रान्ड' हासिल गर्न जहाजको गति तीव्र पार्न आदेश दिएको थियो। सन् १८३९ मा सुरु भएको ब्लुब्रान्ड उपाधि सबैभन्दा छिटो आन्द्रमहासागर पार गर्ने जहाजलाई दिइने गरिन्थ्यो।

टाइटानिक सञ्चालक कम्पनी कीर्तिमान तोड्दै सो उपाधि टाइटानिकले पाओस् भन्ने चाहन्थ्यो। सोही कारण चालक दलले जहाजको गति तीव्र बनाएका थिए। उक्त दुर्घटनामा बाँचेकाहरूको भनाइ अनुसार क्याप्टेन एडवर्ड स्मिथले आइसवर्गबारे जानकारी पाउँदा पनि जहाजलाई तीव्र गतिमै राखे। फलतः जहाज आइसवर्ग नजिक पुग्दा गति नियन्त्रण हुन सकेन र जहाज आइसवर्गमा ठोक्किन पुग्यो।

जहाजभित्रै आगलागी

टाइटानिकलाई चलाउन आवश्यक ऊर्जाका लागि कोइला प्रयोग गरिएको थियो। जसका लागि जहाजमा ठूलो मात्रामा कोइला भण्डारण गरिएको थियो। जहाजमा कोइला राख्ने बङ्कर बनाइएका थिए। जहाज दुर्घटनामा परेपछि कोइला भण्डारमा आगो लाग्दा जहाजभित्रै आगो दन्किएको थियो।

कुकुरको उद्धार



टाइटानिकमा मानिस मात्र नभई १२ कुकुरसमेत सवार थिए। टाइटानिक दुर्घटनापछि पोमेरेनियन र पेकिनिज नामक दुई कुकुरलाई उनीहरूका मालिकले जीवित उद्धार गरेका थिए।

कुकुरले जोगाएको परिवार

स्कटल्यान्ड क्लार्कको टाइटानिकमा यात्रा गरी परिवारसहित अमेरिका घुम्ने सपना थियो। जसका लागि उनले दुःख गरेर पैसा जोहो गरेका थिए। सोही पैसाबाट उनले छ छोराछोरीसहित सबैका लागि टाइटानिकको टिकेट बुक गरे। यात्राको मिति नजिकिँदै जाँदा क्लार्क परिवारमा खुसी छाएको थियो तर टाइटानिकमा यात्राको सात दिनअघि क्लार्कका कान्छा छोरालाई कुकुरले टोक्यो। डाक्टरले छोरालाई रेबिज लाग्ने आशङ्का गरे। छोरालाई कुकुरले टोकेपछि क्लार्क परिवारको अमेरिका घुम्ने योजना चकनाचुर भयो। क्लार्ककी श्रीमतीले आफू छोराको हेरचाहका लागि बस्ने र बाँकी छोराछोरी लिएर अमेरिका घुम्न जान क्लार्कलाई भनिन् तर क्लार्कले छोरालाई छोडेर जान सकेनन्।

क्लार्कले जहाजको पैसा फिर्ता नहुने टिकेट किनेका थिए। यसरी एकातिर छोरालाई कुकुरले टोक्दा अमेरिका जान नपाउनु र अर्कोतिर टिकटको पैसा फिर्ता नहुँदा क्लार्क निकै दुःखी भए। उनले कुकुर र छोरालाई सरापे पनि। टाइटानिकमा यात्रा गर्ने उनको धोको अधुरो रहने भयो। तैपनि उनी टाइटानिक प्रस्थानको दृश्य हेर्न डकसम्म पुगे। टाइटानिक बिदा हुँदा उनले हात हल्लाए र आँसु बगाए।

टाइटानिकले बेलायत छोडेको पाँच दिन मात्रै के बितेको थियो एकाएक टाइटानिक आइसवर्गसँग ठोक्किँदा करिब १५ सय मानिसको ज्यान गएको समाचार विश्वव्यापी भयो। सो समाचार सुनेपछि क्लार्क छोरा र कुकुरलाई अँगालो हाल्दै रोए। दुःखद घटनाले सुखद परिणाम ल्याएकोमा कुकुर, छोरा र भगवान्लाई धन्यवाद दिए।


निरन्तर खोज

टाइटानिक दुर्घटनापछि उक्त जहाजको भग्नावशेष पत्ता लगाउन निकै प्रयास भए पनि लामो समय असफलता मात्र हात लाग्यो। दुर्घटनाको ७३ वर्षपछि सन् १९८५ मा समुद्री वैज्ञानिक डा. रोबर्ट बलार्डको टोलीले टाइटानिकको भग्नावशेष पत्ता लगाएको थियो। डा. बलार्डको टोलीले क्यानडादेखि छ सय किलोमिटरको दूरीमा टाइटानिक समुद्रको गर्भमा रहेको तथ्य सार्वजनिक गऱ्यो।

टाइटानिकबारे सोधखोज कार्य अहिले पनि जारी छ। विगतमा टाइटानिक दुर्घटनासम्बन्धी थुप्रै वृत्तचित्र र चलचित्र बनेका छन्। तीमध्ये एउटा मौन वृत्तचित्र उक्त दुर्घटनाको एक महिनामै बनाइएको थियो। पछिल्लोपटक सन् १९९७ मा टाइटानिकबारे 'टाइटानिक' नामक महँगो र सफल हलिउड चलचित्र बनाइयो। ■

स्टार्टअप

बाटो चिनाउने 'बाटो म्याप्स'




विश्वास रेग्मी

बाक्लो आवादी, साँघुरा गल्ली अनि जताततै जोडिएका सडक । काठमाडौं उपत्यकामा एकै पटकमा भनेको ठाउँमा पुग्नै अप्ठ्यारो । त्यसैमाथि यो सहरमा नयाँ मान्छेका लागि त गाडी चल्ने रुटदेखि अस्पताल, मनोरञ्जनस्थल, घुमघाम गर्ने ठाउँ पहिचान गर्नै मुस्किल ।

गुगल म्याप प्रयोग गरे पनि ठेगाना बताउने नेपालीको ठेट शैलीका कारण भनेको ठाउँमा ठ्याक्कै पुग्न पनि सकिने अवस्था छैन । अझ कहिलेकाहीं गुगल म्यापको सानो कमजोरीका कारण झन् अप्ठ्यारो अवस्था सिर्जना भइदिन्छ । यस्तै समस्यालाई सम्बोधन गर्दै काठमाडौं उपत्यकामा खोजेको ठाउँमा सजिलैसँग पुग्न सक्ने गरी नेपाली शैलीमा बनेको एप्स हो 'बाटो म्याप्स' ।

उत्साही युवाको टोलीले निर्माण गरेको बाटो म्याप्स तत्कालका लागि काठमाडौं उपत्यकाभित्र सडक, अस्पताल, रेस्टुराँ, पार्किङलगायत धेरै कुरा पत्ता लगाउन प्रयोग गर्न सकिन्छ । अनलाइन र अफलाइन दुवै अवस्थामा प्रयोग गर्न सकिने यो एप्समा नेपाली र अङ्ग्रेजी दुवै भाषाबाट ठाउँ पत्ता लगाउन सक्ने सुविधा छ ।

सञ्चालनमा आएको केही महिनामै ४० हजारभन्दा बढी पटक डाउनलोड भएको यो एप्सका अहिले १७ हजारभन्दा बढी सक्रिय प्रयोगकर्ता छन् । यसबाहेक संस्थागत प्रयोगकर्तालाई एप्लिकसन प्रोग्रामिङ इन्टरफेस (एपिआई) उपलब्ध गराएर व्यवसाय विस्तार गर्ने योजनामा यो टोली लागिरहेको छ ।

बाटो म्याप्सको कथा

बाटो म्याप्स काठमाडौं लिभिङ ल्याब्सको सहायक कम्पनी हो । डेटा र प्रविधिको प्रयोगमार्फत नक्सा र यससँग सम्बन्धित सोलुसन्स उपलब्ध गराइरहेको कम्पनीले नेपालमा म्याप्सको प्रयोगलाई सजिलो बनाउनेतर्फ बढी जोड दिएर काम गरिरहेको छ । बाटो म्याप्स काठमाडौं लिभिङ ल्याब्सको पछिल्लो परियोजना हो । अहिलेलाई काठमाडौं उपत्यकाभित्र म्याप्सको

ठाउँ पहिचानको मौलिक शैलीमा आधारित भएकाले पनि भविष्यमा बाटो म्याप्स नै उत्तम विकल्प हुने कम्पनी सञ्चालकको विश्वास छ ।

सुविधा उपलब्ध गराइरहेको बाटो म्याप्सले भविष्यमा देशैभर नै सुविधा उपलब्ध गराउने योजना बनाएको कम्पनीका व्यवसाय विकास प्रमुख पृथ्वीजङ्ग खड्का बताउँछन् । आफ्नो एपमा देशैभरको नक्सा समेट्न कम्पनीले यसमा जोकोही पनि योगदानकर्ता हुन सक्ने बनाएको छ । अर्थात् बाटो म्याप्सले नसमेटेका ठाउँलाई प्रयोगकर्ता स्वयंले नै त्यसमा योगदान दिन सक्छन् ।



नेपालमा पछिल्लो समय डिजिटल म्यापको प्रयोग बढे पनि त्यसबाट आर्जन हुन सक्ने आम्दानी भने विदेश पुगिरहेको छ । गुगल म्यापले अहिले नेपालबाट लाखौं रुपियाँ लगिरहेको छ । विकल्प नभएपछि गुगलको एपिआई प्रयोग गर्नुपर्दा धेरै पैसा तिर्नुपर्ने बाध्यता कम्पनीहरूलाई छ । बाटो म्याप्सले प्रतिस्पर्धी मूल्यमा नेपालको आवश्यकता अनुसार कम्पनीहरूलाई आफ्नो सेवा उपलब्ध गराउने उद्देश्य राखेको छ ।

ठाउँ पहिचानको मौलिक शैलीमा आधारित भएकाले पनि भविष्यमा बाटो म्याप्स नै उत्तम विकल्प हुने कम्पनी सञ्चालकको विश्वास छ । "आजको दिनमा हामीले ठेगाना दिँदा मन्दिर तल्तिर अथवा माथि, चोकबाट थोरै भित्र अथवा रुख भएको भन्दा अलि पर भनेर आफ्नै ठेट शैलीमा ठेगाना बताउँछौं । अहिले उपलब्ध म्याप्समा यस्ता कुरा समेटिएको त हुँदैन तर बाटो म्याप्सले यस्तै शैलीलाई सजिलो हुने गरी बाटो अथवा ठाउँको ठेगाना बताइदिन्छ ।"

के छ बाटो म्याप्समा ?

बाटो म्याप्सले छोटो समयमै एक दर्जनभन्दा बढी ठाउँ र रुट समेट्न सफल भएको छ । म्याप्समा हालैमा उपत्यकाभित्रका बस स्टप पनि राखिएको छ । जहाँबाट उपत्यकाभित्र कुन कुन ठाउँमा बस रोकिन्छन् र पाउन सकिन्छ भन्ने जानकारी लिन सकिन्छ । त्यस्तै रुटको पनि अपडेट गरिएको छ । जसले गर्दा आफूले जान चाहेको रुटमा कुन सवारी चल्छ, कहाँबाट चढ्न सकिन्छ र कति समय लाग्छ भन्ने जानकारी सजिलै लिन सकिन्छ ।



सार्वजनिक सवारी प्रयोग गर्नेका लागि यो झन् लाभदायक हुन सक्छ। यसबाहेक म्याप्सबाट पार्किङ क्षेत्रको जानकारी पाउन सकिन्छ। आफू रहेको ठाउँबाट नजिकै कहाँ कहाँ पार्किङ छ भनी बुझेर सजिलै त्यहाँ गएर पार्किङ गर्न सकिन्छ। पार्किङको अत्यन्त ठूलो समस्या रहेको अवस्थामा यो सुविधा सहयोगी हुन सक्छ।

त्यस्तै नजिकै रहेका अटोवर्कसप, एटिएम, फार्मेसी, चार्जिङ स्टेसन, रेस्टुराँ, पेट्रोल पम्प, अस्पताल, शौचालय, मनोरञ्जस्थल, केटाकटीका लागि खुल्ने घुम्ने ठाउँ, बैंक, नाइट लाइफ, पुलिस चौकी, हुलाक, क्लिनिकलगायत नजिक रहेका ठाउँको जानकारी र दुरी यसबाट पाउन सकिन्छ।

यसबाहेक बाटो फुड्स भनेर थपिएको फिचरमा राजधानीमा चर्चामा रहेका खानेकुरा र त्यो पाइने ठाउँ पनि राखिएको छ। यसको जानकारी पाउन भने साइन इन गर्नुपर्छ, जुन आफ्नो गुगल एकाउन्टबाट पनि सजिलै गर्न सकिन्छ। खानाको तस्बिरसहितको यो सुविधा पनि आकर्षक छ, जहाँ तपाईंले कुनै खाना मन पराएर त्यसलाई लाइक गर्नुभयो भने तपाईं त्यो खाना पाउने ठाउँको नजिकै पुग्दा एप्सले तपाईंलाई नोटिफिकेसन पठाउँछ।

योजना

बाटो म्याप्सले अरू धेरै फिचर ल्याउने योजना बनाइरहेको खड्का बताउँछन्। एप्समै पनि इभेन्ट्स भनेर राखिएको छ जहाँबाट चल्तीका इभेन्ट्सको जानकारी र त्यस ठाउँ जाने तरिका थाहा पाउन सहजै अनुमान गर्न सकिन्छ। काठमाडौं बाहिर पनि बाटो म्याप्सको प्रयोग बढाउने, धेरैभन्दा धेरै स्थान समेट्ने, संस्थाहरूलाई आबद्ध गराउँदै लैजाने योजनामा यो युवा समूह लागिरहेको छ।

तर गुगल म्यापको प्रयोगमा अभ्यस्त भइसकेको अवस्थामा बाटो म्याप्सलाई आफ्नो औचित्य साबित गरिरहनुपर्ने चुनौती भने सधैं भइरहने छ। ■

मानवले कहिलेदेखि शवको अन्त्येष्टि गर्न सुरु गरे ?

एउटा अध्ययनले के देखाएको छ भने दुई लाख ४० हजारदेखि पाँच लाख वर्ष पहिले मानव पुर्खाले आफ्ना मान्यजनको शवको नियोजित अन्त्येष्टि गर्न सुरु गरेका थिए, यद्यपि यसमा आमसहमति बन्न सकेको छैन।

माछा मार्ने, चित्रकला बनाउने तथा औजारका रूपमा पाताहरूको प्रयोगसँगै मृतकको नियोजित अन्त्येष्टिलाई 'होमो सेपियन्स' र लोप भइसकेका मानव पुर्खाबीचको भिन्नता जनाउने एक परिभाषित विशेषता मानिएको थियो तर एक शताब्दीभन्दा बढी समय भयो आरम्भिक 'होमिनिन्स' को चिहानको पुरातात्त्विक खोजले आधुनिक मानवसँग मात्र यस प्रथाको सम्बन्ध रहेको विचारलाई चुनौती दिँदै कहाँ र कहिलेदेखि मानव पुर्खामा शवको अन्त्येष्टि गर्ने प्रथा विकास भयो भन्ने बहस सुरु भएको।

शोखका लागि गुफामा खोजबिन गर्ने एक जोडीले सन् २०१३ मा दक्षिण अफ्रिकाको जोहानेसवर्गबाट ४८ किलोमिटर उत्तरपश्चिममा अवस्थित 'राइजिङ स्टार' गुफामा 'होमो नलेडी' को अवशेष फेला पार्‍यो। छोटा हात र आधुनिक मानवको भन्दा एक तिहाइ सानो दिमाग भएका 'होमो नलेडी' त्यसअघि अन्जान 'होमिनिन' थियो। दुई लाख ४० हजार वर्षदेखि पाँच लाख वर्ष पहिले 'होमो नलेडी' अस्तित्वमा रहेको अनुमान गरिन्छ। यस खोजको लगत्तै जोहानेसवर्गको विटवाटरस्यान्ड विश्वविद्यालयका पालियोएन्थ्रोपोलोजिस्ट लि बर्गरको टोलीले त्यस भूमिगत गुफामा उत्खनन सुरु गर्‍यो र त्यस क्रममा कम्तीमा २७ 'होमो नलेडी' को हाडखोरका अवशेष उनीहरूले फेला पारे।



सन् २०१५ मा जब बर्गरको टोलीले यस खोजका बारेमा जर्नल इलाइफमा विवरण प्रकाशित गराए। गुफाको गहिराइमा ती अवशेष गाडिएको अवस्थामा थिए। बर्गरको अनुमानमा 'होमो नलेडी' ले मृतकको शव त्यहाँ लिएर आई नियोजितरूपमा जमिनमा गाडेका हुन सक्छन्।

गुफाको गहिराइसम्म खोज गरी अनुसन्धान टोलीले के निष्कर्ष निकाले भने 'होमो नलेडी' ले त्यस क्षेत्रमा शव लगेर त्यत्तिकै गाड्ने काम मात्र गरेनन् चिहान जनाउन भित्तामा चित्रकलासमेत बनाए। तर डर्हम विश्वविद्यालयका पालियोलेथिक आर्कियोलोजीका प्राध्यापक तथा होमिनिनको अन्त्येष्टिसम्बन्धी विशेषज्ञ पल पेटिट जस्ता विशेषज्ञ चाहिँ बर्गरको टोलीको दाबीसँग सहमत छैनन्।

उनले भनेका छन् "म यसमा सहमत छैन 'होमो नलेडी' नियोजितरूपमा आफ्ना प्रियजनको अन्त्येष्टि गर्दथे। उथलपुथल हुने माटोमा उत्खनन गरिएको छ। कमसल माटोमा त विस्तारै माटोले शव त्यत्तिकै पनि पुरिन्छ।"

त्यसो भए मानवले कहिलेदेखि आफ्ना मान्यजनको अन्त्येष्टिका लागि शव गाड्न थाले ? यो प्रश्न महत्त्वपूर्ण छ। हजारौँ वर्षको अवधिमा जीवाष्म एक ठाउँबाट अर्को ठाउँमा स्थानान्तर हुन सक्ने वा अरूले बोकेर लैजाने सम्भावना रहने भएकाले मानवले यस कालखण्डदेखि आफ्ना मान्यजनको शव गाड्न थालेका हुन् भन्न सामान्यतया कठिन छ।

यद्यपि डेढ सय वर्षयता नियान्डरथल (होमो नियान्डरथालेन्सिस) का कैयौँ चिहान खोजिएको भए पनि नियोजितरूपमा कुन चिहान पहिले तयार पारिएको हो भन्नेमा आमसहमति छैन। तैपनि हालैका केही उत्खनन तथा पहिले खोज गरिएका जीवाष्मको पुनः परीक्षणबाट के प्रमाण जुट्छ भने फ्रान्सको ल च्यापल-ओ-सेन्ट्स, इराकको सानिडर गुफा तथा फ्रान्स कै डोरडोग्नेमा रहेको ल फरासी रकसेल्टरमा नियान्डरथलले जानीबुझी आफ्ना मान्यजनको शव गाडेका थिए।

इजरायलको काफ्जा गुफामा लगभग एक लाख वर्ष पहिले गाडिएको जुन मानव पुर्खाको शव पुरातत्वविद्ले फेला पारेका छन् त्यो नियोजितरूपमा आफ्नो मान्यजनको शवको अन्त्येष्टि गरिएको अहिलेसम्म खोजिएको सबैभन्दा पुरानो प्रमाण हो। इस्वी संवत्को सन् १९३० र १९६० को दशकमा त्यहाँ सञ्चालन गरिएको उत्खननबाट आरम्भिक होमो सेपियन्सका १५ अवशेष फेला पारिएको थियो। हालैको खोजको कुरा गर्ने हो भने सन् २०१३ मा केन्याको तटीय क्षेत्र नजिक पुरातत्वविद्ले करिब ७८ हजार वर्ष पहिलेको मानव अवशेष फेला पारेका थिए, जसको अवस्था हेर्दा त्यसलाई नियोजितरूपमा समाधिस्थ गरिएको स्पष्ट हुन्थ्यो। साढे दुईदेखि तीन वर्ष उमेरको त्यस बच्चाको अवशेष हेर्दा भ्रूणाकार देखिन्थ्यो।

यस प्रकारले आफ्ना मान्यजनलाई समाधिस्थ गर्ने अभ्यास आफ्नो कालखण्डले मात्र बहसको विषय बनेका छैनन्, बरु आजका दिनमा जुन प्रकारको परिचित रीतिरिवाज हामीले अभ्यास गरिरहेका छौँ त्यसको रोचक आरम्भिक उदाहरण पनि बनेका छन्।

'होमो नलेडी' ले आफ्ना मान्यजनको शवको नियोजितरूपमा अन्त्येष्टि गर्ने भनी बर्गरले निकालेको निष्कर्षप्रति असमति जनाउने विद्वान्हरूको तर्क के छ भने मानव पुर्खा मात्र होइन अनेक प्रकारले आफ्ना प्रियप्रति संवेदना अभिव्यक्त गर्ने पशु पनि छन्। उदाहरणका लागि पोथी चिम्पान्जीले आफ्नो मरेको बच्चालाई धेरै समयसम्म आफूसँगै राखेको देखिन्छ, हाडखोर हुँदासम्म चिम्पान्जीले त्यस्तो व्यवहार देखाउँछ। हात्तीले आफ्नो झुन्डको मृतकलाई धेरै वर्षसम्म सम्झन्छ, मरेको स्थानमा समय समयमा फर्केर आउँछ। यति मात्र होइन धमिराले समेत आफ्नो गुँडका मरेका धमिरालाई पुर्ने गर्छन्।

बरु आरम्भिक कालका मानवले मृत्युप्रति कस्तो खालको प्रतिक्रिया जनाउथे भन्ने विषय गहकिलो हुने विचार छ पेटिटको। आरम्भिक होमिनिन्सले मृतकप्रति आत्मीयता देखाउने तथा त्यससँगै अन्य गतिविधि र रीतिरिवाज अभ्यास गरी त्यसलाई सामाजिक क्रियाका रूपमा विकास गर्दै लगेको कालखण्ड वास्तवमा खोजको विषय छ। ■

-युवामञ्च



नेटोमा फिनल्यान्ड





■ रामप्रसाद आचार्य

फिनल्यान्डले उत्तर–पश्चिम युरोप र रुसलाई जोड्छ । उक्त क्षेत्रलाई सुरक्षाको दृष्टिकोणबाट संवेदनशील पनि मानिन्छ । रुसले फिनल्यान्डको सीमाक्षेत्रमा सुरक्षा फौजलाई प्राथमिकतासाथ तैनाथ गरिराखेको छ ।

रुसले युक्रेनमाथि आक्रमण गरेसँगै आफू असुरक्षित भएको महसुस गरेको फिनल्यान्ड अन्ततः उत्तर एटलान्टिक सन्धि सङ्गठन (नेटो) मा आबद्ध भएको छ । नेटोको ३१औँ सदस्य बनेको फिनल्यान्डमाथि अब रुसले आक्रमण गर्न कठिन छ। यो मुलुकको सुरक्षा अब नेटोले गर्नेछ। फिनल्यान्ड र रुसबीच एक हजार ३४० किलोमिटर सीमा रेखा छ। नेटोका सैनिकलाई रुसको सीमासम्म आउन बाटो खुलेको छ। यो रुसका लागि ठूलो भूराजनीतिक चुनौती बनेको छ।





रुसबाट असुरक्षित बनेको युक्रेनले नेटोको सदस्यता लिने घोषणा गर्‍यो । यो कुरा रुसी नेतृत्वलाई पाच्य भएन ।

फिनल्यान्डको प्रवेशसँगै नेटोमा आबद्ध मुलुकको सङ्ख्या अब ३१ पुगेको छ । अल्बानिया, बेल्जियम, बुल्गेरिया, क्यानडा, क्रोएसिया, चेक गणतन्त्र, डेनमार्क, इस्टोनिया, फ्रान्स, जर्मनी, ग्रिस यसका सदस्य छन् ।

त्यसैगरी अन्य सदस्य हङ्गेरी, आइसल्यान्ड, इटाली, लाट्भिया, लिथुवानिया, लक्जेम्बर्ग, मोन्टेनेग्रो, नेदरल्यान्ड्स, उत्तरी मेसेडोनिया, नर्वे, पोल्यान्ड, पोर्चुगल, रोमानिया, स्लोभाकिया, स्लोभेनिया, स्पेन, टर्की, बेलायत र अमेरिका हुन् ।

यसअघिसम्म फिनल्यान्ड तटस्थ मुलुक थियो । यसले सन् १९४८ मा तत्कालीन सोभियत सङ्घसँग मैत्री सम्झौता गरेको थियो तर अहिले रुसकै कारण यो सम्झौता तोडियो । यसले उत्तरपूर्वी युरोपको सुरक्षा परिदृश्यमा ठूलो परिवर्तन आएको छ । आउँदा दिनमा फिनल्यान्डलाई केही सङ्कट परेमा रुसको सीमा क्षेत्रमा अमेरिकासहित ३१ मुलुकका सेना सहयोगका लागि उभिने बाटो खुलेको छ ।

फिनल्यान्डले उत्तर-पश्चिम युरोप र रुसलाई जोड्छ । उक्त



क्षेत्रलाई सुरक्षाको दृष्टिकोणबाट संवेदनशील पनि मानिन्छ। रुसले फिनल्यान्डको सीमाक्षेत्रमा सुरक्षा फौजलाई प्राथमिकतासाथ तैनाथ गरिराखेको छ।

फिनल्यान्डमा ठूलो आधुनिक आर्टिलरी (तोप खाना) फोर्स छ। अब फिनल्यान्डले नेटोलाई मुख्य गरी जगेडा फोर्स, प्रविधिको पहुँच र आर्टिलरी फोर्समा सहयोग गर्न सक्ने छ।

अर्कोतर्फ रुसको अर्को छिमेकी युक्रेन चर्को दबाबमा छ। सन् २०१४ मा रुसले बलपूर्वक युक्रेनको प्रान्त क्रिमियामाथि कब्जा जमाएको थियो। त्यसपछि दुई मुलुकबिचको सम्बन्धमा लगातार चिसोपन आयो। रुसबाट असुरक्षित बनेको युक्रेनले नेटोको सदस्यता लिने घोषणा गऱ्यो। यो कुरा रुसी नेतृत्वलाई पाच्य भएन। सन् २०२२ को फेब्रुअरी २४ देखि रुसले युक्रेनमाथि सैन्य कारबाही सुरु गरेको छ, युद्ध जारी छ।

सन् १९४७ को अप्रिल ४ मा १२ राष्ट्र मिलेर नेटो सैन्य गठबन्धन गठन भएको थियो।



दोस्रो विश्वयुद्धपछि सन् १९४५ मा संयुक्त राष्ट्रसङ्घको स्थापना भएको थियो। युद्ध रोकिए पनि अमेरिकी नेतृत्वको पश्चिममा लोकतान्त्रिक पक्ष र सोभियत सङ्घको नेतृत्वमा कम्युनिस्ट पक्षबिच शीत युद्ध चल्यो। सन् १९९१ मा सोभियत सङ्घको विघटन भएसँगै शीत युद्ध सकियो। यो सँगै वार्साको पनि अन्त्य भयो।



नेटो गठन गर्दाका संस्थापक राष्ट्र बेल्जियम, क्यानडा, डेनमार्क, फ्रान्स, आइसल्यान्ड, इटाली, लक्जेम्बर्ग, नेदरल्यान्ड्स, नर्वे, पोर्चुगल, बेलायत र अमेरिका थिए।

दोस्रो विश्वयुद्धपछि एकातिर अमेरिका शक्तिशाली मुलुक बन्यो भने अर्कातिर सोभियत सङ्घ। सामूहिक सुरक्षाका लागि अमेरिकी पक्षधर मुलुक नेटोतिर र सोभियत सङ्घ पक्ष मुलुकहरू वार्सातिर लागे। नेटोलाई टक्कर दिन वार्सा बनाइएको थियो।

नेटोको उद्देश्य राजनीतिक र सैन्य माध्यमबाट आफ्ना सदस्य मुलुकहरूको स्वतन्त्रता र सुरक्षाको ग्यारेन्टी गर्नु हो। नेटोले प्रजातान्त्रिक मूल्य-मान्यतालाई बढावा दिने, सदस्य मुलुकलाई सुरक्षा प्रदान गर्ने, परामर्श र सहयोग गर्ने गरेको छ।

दोस्रो विश्वयुद्धपछि सन् १९४५ मा संयुक्त राष्ट्रसङ्घको स्थापना भएको थियो। युद्ध रोकिए पनि अमेरिकी नेतृत्वको पश्चिममा लोकतान्त्रिक पक्ष र सोभियत सङ्घको नेतृत्वमा कम्युनिस्ट पक्षबीच शीत युद्ध चल्यो। सन् १९९१ मा सोभियत सङ्घको विघटन भएसँगै शीत युद्ध सकियो। यो सँगै वार्साको पनि अन्त्य भयो।

एकातर्फ पूर्वी युरोपका साना मुलुकले रुसलाई आफ्नो राष्ट्रिय सुरक्षाको खतराका रूपमा प्रस्तुत गर्दै नेटोमा सहभागिता बढाइरहेका छन् भने अर्कातर्फ छिमेकी मुलुकले नेटोको सदस्यता लिँदा रुसले



सन् १९१७ मा रुसबाट फिनल्यान्ड स्वतन्त्र भएको थियो । सन् १९९५ मा फिनल्यान्ड युरोपेली सङ्घमा आबद्ध भयो ।

राष्ट्रिय सुरक्षामाथि चुनौती थपिएको महसुस गरेको छ । सुरुमा नेटोको उद्देश्य तत्कालीन जर्मनीलाई तल पार्ने, सोभियत सङ्घलाई बाहिर राख्ने र अमेरिकालाई अघि बढाउने थियो । त्यही अनुसार युरोपको राजनीति अहिले पनि अघि बढिरहेको छ ।

फिनल्यान्ड युरोपको शान्त र खुसी मुलुक हो । यहाँ राजनीतिक स्थायित्व, सामाजिक सुरक्षा, स्वतन्त्रता र प्रगति अब्बल छ । सन् १९१७ मा रुसबाट फिनल्यान्ड स्वतन्त्र भएको थियो । सन् १९९५ मा फिनल्यान्ड युरोपेली सङ्घमा आबद्ध भयो ।

नेटोमा आबद्ध नहुँदासम्म कतिबेला रुसको आक्रमणमा परिन्छ भनी फिनल्यान्डवासी चिन्तित थिए । जनताको यो चिन्ता र चासोलाई सम्बोधन गर्दै सरकारले नेटोको सदस्यता लिने निर्णय गऱ्यो र सदस्यता पायो पनि । शान्त र खुसी यो मुलुक युद्धको विरुद्धमा छ । सरकार र जनता युद्धको बाटोमा जान चाहँदैनन् । शान्तिपूर्ण सहअस्तित्वका आधारमा अगाडि बढ्न चाहन्छन् ।

रुसले युक्रेनमा गरेको आक्रमण अमानवीय भएको फिनल्यान्डको ठहर छ । एक छिमेकीले अर्को छिमेकीको आन्तरिक मामिलामा हस्तक्षेप गर्न हुँदैन । आकारमा साना ठूला भए पनि सार्वभौम हिसाबले सबै मुलुक बराबर छन् । छिमेकी एकले अर्काको मूल्य मान्यतालाई सम्मान गर्नुपर्छ तर रुसले आफ्नो मात्र स्वार्थ हेऱ्यो, जसले गर्दा छिमेकीहरू एकपछि अर्को टाढिएका छन् ।



११ हजार मिटर गहिरो प्वाल

चीनले उत्तरपश्चिम क्षेत्र सिङ्कयाङस्थित तकलामकान मरुभूमिमा ११ हजार मिटर गहिरो प्वाल बनाउन सुरु गरेको छ । यो प्वाल पृथ्वीको प्राचीनतम क्रेटासियस कालको तहसम्म पुग्ने छ । क्रेटासियसलाई एक भूगर्भीय काल मानिन्छ । जुन १४ करोड ५० लाख वर्षदेखि छ करोड ६० लाख वर्षसम्म अगाडिको समय हो ।

११ हजार मिटरभन्दा गहिरो प्वाल खन्ने यो



परियोजना चार सय ५७ दिनमा पूरा गर्ने योजना छ। यसलाई चीनमा उत्खननको सबैभन्दा ठूलो परियोजनाका रूपमा हेरिएको छ। यस परियोजनाको नेतृत्व चीनको सरकारी स्वामित्वको पेट्रोकेमिकल कर्पोरेसन सिनोप्याकले गरिरहेको छ।

चीनका राष्ट्रपति सी चिनफिङले दुई वर्षअघि देशका वैज्ञानिकलाई जमिनको सर्वाधिक गहिराइमा रहेका संसाधनको खोजी गर्ने कामलाई अघि बढाउन निर्देशन दिएका थिए। यो प्वाल बनाउनुको उद्देश्य वैज्ञानिक शोधका साथै तेल तथा ग्यासको खोजी हो।

मरुभूमिमा ११ हजार मिटर प्वाल बनाउनु निकै चुनौतीपूर्ण काम हो किनभने मरुभूमिको सतहको बनावट, अत्यधिक तापक्रम तथा उच्च दबाब जस्ता कारणले गर्दा त्यति गहिरो प्वाल खन्ने क्रममा धेरै प्राविधिक चुनौती आउन सक्ने विज्ञहरूको ठम्याइँ छ। तकलामकान मरुभूमिको तापक्रम जाडो याममा माइनस २० डिग्री सेल्सियस र गर्मी याममा ४० डिग्री सेल्सियससम्म पुग्छ।

सम्बन्ध विच्छेद मन्दिर

जापानमा एउटा अनौठो मन्दिर छ। छ सय वर्ष पुरानो यो मन्दिरको नाम मात्सुगाओका टोकिजी मन्दिर हो। जसलाई त्यहाँको सांस्कृतिक तथा ऐतिहासिक रूपमा निकै महत्त्वपूर्ण मानिन्छ। यस मन्दिरलाई जापानमा सशक्तीकरण र नवीकरणको सन्देश वाहकका रूपमा पनि लिने गरिन्छ। यो मन्दिरलाई डिभोर्स टेम्पल अर्थात् सम्बन्ध विच्छेद मन्दिरको नामले पनि चिनिन्छ।

सन् १२८५ मा बौद्धभिक्षु काकुसान सिदो नीले स्थापना गरेको यो मन्दिर एक बौद्ध मन्दिर हो। सुरुमा महिलाका लागि आध्यात्मिक मार्गदर्शन र सहयोग स्थलका रूपमा यो मन्दिर बनाइएको थियो। त्यसबेला महिलाको अवस्था नाजुक थियो। उनीहरूसँग आधारभूत अधिकार पनि थिएन। त्यसका अतिरिक्त महिलामाथि विभिन्न खाले सामाजिक प्रतिबन्ध पनि लगाइएको थियो। त्यस्तोमा महिला आफ्नो विवाहमा खुसी हुन सक्दैनथे वा घरेलु हिंसाको सिकार हुन्थे। अनि महिलाले यस मन्दिरमा गएर शरण लिने गर्दथे।

त्यसबेला वैवाहिक सम्बन्ध विच्छेद हुनुलाई निकै गम्भीर विषयका रूपमा लिइन्थ्यो। पछि टोकिजी मन्दिरले वैवाहिक सम्बन्धमा प्रताडित भएका वा आफ्नो पतिसँग छुट्टिएर त्यहाँ गएर बस्न थालेका महिलालाई आधिकारिक रूपमा सम्बन्ध विच्छेदको प्रमाणपत्र दिन सुरु गऱ्यो। त्यसलाई सुफुकु जी भनिन्थ्यो। सो प्रमाणपत्र पाएसँगै महिला वैवाहिक बन्धबाट मुक्त हुने र कानुनी स्वतन्त्रता प्राप्त गर्दथे।

महिनाको खेलाडी

आशिष चौधरी (अन्तर्राष्ट्रिय फुटबल खेलाडी)

भारतको बेङ्गलोरमा भएको साफ च्याम्पियनसिप पाकिस्तानविरूद्धको खेलमा प्रशिक्षक भिन्सेन्जो अलवर्टो एनिसले घाइते स्ट्राइकर अञ्जन विष्टको स्थानमा आभास लामिछानेलाई पहिलो रोजाइमा खेलाएका थिए तर आभासको प्रदर्शन सन्तोषजनक भएन । प्रशिक्षक एनिसले मध्यान्तरपछि आभासको स्थानमा आशिषलाई मैदानमा छिराए । आशिषले खेलको अन्त्यतिर डिबक्स बाहिरबाट दर्शनीय गोल गरेर प्रशिक्षकको निर्णय गलत हुन दिएनन् । आशिषको गोलद्वारा नेपालले १५ वर्षपछि साफ च्याम्पियनसिपमा पाकिस्तानलाई हराएको थियो ।

आशिष अहिले २३ वर्षका छन् । प्रशिक्षक भिन्सेन्जोले पनि प्रशंसा गर्दै आशिषको लामो अन्तर्राष्ट्रिय फुटबल करियर हुने छ भने । आशिषको आदर्श खेलाडी पनि अञ्जन नै हुन् ।

आशिष मोरङको हरैँचामा जन्मिएका हुन् । आशिष सानैदेखि राम्रो फुटबल खेल्थे । उनको लक्ष्य फुटबलर नै बन्ने थियो । जुन लक्ष्य पूरा पनि भयो तर यसबिच आशिषले गरेको सङ्घर्ष कुनै हिरोको भन्दा कम छैन । घरको आर्थिक अवस्था कमजोर भएपछि फुटबल खेल्दाखेल्दै आशिष हार्डवेयरमा काम गर्थे । डन्डी र सिमेन्टलगायतका सामान गाडीमा ढुवानी गर्थे । डन्डी र सिमेन्ट बोक्ने कामबाट फुर्सद पाउने बित्तिकै फुटबल खेल्न जान्थे ।

जसरी पनि फुटबलर बन्छु भन्ने थियो । उनका बुबा साउदी अरबमा थिए । आशिष भन्छन्, "बुबाको सपना घर बनाउने छ । त्यसैले मलाई धेरै पटक साउदी अरब आउन भन्नुभयो तर मलाई पलायन हुने मन छैन । त्यही डरले मैले पासपोर्ट पनि बनाइनँ । मलाई देशमा नै केही गर्न सक्छु भन्ने विश्वास छ । त्यसैले म मेहनत गरिरहेको छु ।"

आशिषको हकमा अर्को रमाइलो कुरा छ । कुवेती प्रशिक्षक अब्दुल्ला अल्मुताइरीले उनलाई राष्ट्रिय टोलीमा सामेल गर्दा उनीसँग 'ए' डिभिजन फुटबलको अनुभव पनि थिएन । चर्च ब्वाइजलाई 'बी' डिभिजन च्याम्पियन बनाउन आशिषले देखाएको खेलबाट मन्त्रमुग्ध भएर प्रशिक्षक अल्मुताइरीले उनलाई सिधै राष्ट्रिय टिमको बन्द प्रशिक्षणमा बोलाएका थिए । 'बी' डिभिजनमा आशिष 'मस्ट भ्यालुएबल प्लेअर' पनि घोषित भए । आशिष एक वर्षअघि मात्र 'सी' डिभिजनमा खेलेर प्रतिस्पर्धात्मक फुटबलमा होमिएका थिए । चर्च ब्वाइजलाई सी, बी र ए डिभिजन च्याम्पियन बनाउन उनको ठूलो योगदान छ । त्यसैले पनि अहिले आशिष नेपाली फुटबलमा एक होनाहार खेलाडी भएका छन् ।

हालै चर्च ब्वाइजलाई 'ए' डिभिजन लिग जिताउन आशिषले सात गोल गरेका थिए । सोही प्रदर्शनबाट हालका प्रशिक्षक एनिस प्रभावित भएका हुन् ।

आशिषले राष्ट्रिय टिमका लागि पदार्पण गत असोजमा बङ्गलादेशविरुद्धको मैत्री खेलबाट गरेका हुन् । अहिलेसम्म उनले चार अन्तर्राष्ट्रिय खेल खेलिसकेका छन् तर सबै खेलमा उनलाई स्थानापन्न खेलाडीकै रूपमा प्रयोग गरिएको छ । ■

-प्रजित शाक्य



तस्बिरः गोरखापत्र

रोकियो नेपाल



सोमराज पोखरेल

क्रिकेटलाई अनिश्चितताको खेल भनिन्छ। त्यही अनिश्चितताभित्र नेपालले सुनिश्चितता खोजिरहेको छ। त्यसकै प्रयासमा विश्वकप एकदिवसीय क्रिकेट प्रतियोगिता छनोटमा सिधै छानिएको नेपाल सुपर सिक्समा पुग्न भने सकेन। सुपर सिक्समा पुगेको भए शीर्ष दुईमा रहेर भारतमा यसैपालि हुने विश्वकपमा आफ्नो स्थान पक्का गर्ने थियो।

जिम्बाब्वेमा भएको विश्वकप छनोटको कठिन समूहमा परेको नेपाल समूह चरणबाटै बाहिरियो। १० टिमलाई दुई समूहमा विभाजन गरेर खेलाइएको छनोट प्रतियोगितामा नेपालको समूहमा जिम्बाब्वे, वेस्टइन्डिज, नेदरल्यान्ड्स र अमेरिका रहेका थिए।

नेपाल अमेरिकालाई हराउन सफल भयो भने बाँकी तीन टिमसँग पराजित भयो। टेस्ट खेल खेल्ने वेस्टइन्डिज र जिम्बाब्वेविरुद्ध पहिलो

नेपालले समूह चरणबाट बाहिरिँदा सातौँ स्थानको प्लेअफ खेल्ने अवसर पाएको छ।



पटक खेलेको नेपालले अनुभव बटुल्ने काम गऱ्यो भने एसोसिएट टिममा नेदरल्यान्ड्स अब्बल ठहरियो। दोस्रो समूहमा श्रीलङ्का, स्कटल्यान्ड, ओमान, आयरल्यान्ड र युएई रहेका थिए।

नेपालले समूह चरणबाट बाहिरिँदा सातौँ स्थानको प्लेअफ खेल्ने अवसर पाएको छ। जुन प्लेअफ सेमिफाइनलमा नेपालले युएईलाई हरायो भने प्लेअफ फाइनलमा आयरल्यान्डद्वारा पराजित भयो।

नेपालले पहिलो पटक सिधै विश्वकप छनोट खेल्ने अवसर पाएको थियो। विश्वकप लिग–२ मा तेस्रो स्थान ओगट्दै नेपालले विश्वकप छनोटमा खेल्न मात्र पाएन आफ्नो



विश्वकप लिग–२ मा तेस्रो स्थान ओगट्दै नेपालले विश्वकप छनोटमा खेल्न मात्र पाएन आफ्नो एकदिवसीय मान्यतालाई जोगायो भने एसिया कपमा छनोट हुनसमेत सफल भएको थियो।

एकदिवसीय मान्यतालाई जोगायो भने एसिया कपमा छनोट हुनसमेत सफल भएको थियो।

यसपालि सुपर सिक्सको शीर्ष दुई स्थानमा रहेर श्रीलङ्का र नेदरल्यान्ड्स विश्वकपमा छानिएका छन्। नेदरल्यान्ड्सले १२ वर्षपछि पुनः विश्वकपमा प्रवेश पायो तर आयोजक जिम्बाब्वे र वेस्टइन्डिज भने असफल भए।

विश्वकप एकदिवसीय प्रतियोगिताको इतिहासमा पहिलो पटक वेस्टइन्डिज विश्वकपमा देखिने छैन। एकदिवसीय विश्वकपको सुरुका दुई उपाधि सन् १९७५ र १९७९ मा वेस्टइन्डिजले नै जितेको थियो। सन् १९८३ को विश्वकपको फाइनलमा पनि पुगेर वेस्टइन्डिजले उपाधि जितमा ह्याट्रिक गर्ने सम्भावना थियो तर भारतले फाइनल खेलमा बाजी माऱ्यो। त्यसपछि ओरालो लाग्दै गएको वेस्टइन्डिज एक पटक मात्र सेमिफाइनलमा पुगेको थियो। विश्वकप टी–२० मा वेस्टइन्डिज सन् २०१२ र सन् २०१६ को च्याम्पियन हो तर पछिल्ला केही वर्षदेखि वेस्टइन्डिजको खेल खस्किँदै गएको छ।

त्यस्तै जिम्बाब्वेले घरेलु मैदानको फाइदा उठाउन सकेन। सन् १९८३ देखि निरन्तर विश्वकपमा स्थान बनाएको जिम्बाब्वेले पछिल्ला दुई संस्करणमा स्थान बनाउन सकेन। यसपालिको छनोटको अन्तिम खेलमा नेदरल्यान्ड्ससँग पराजित हुँदा जिम्बाब्वेले भारत जाने टिकट पाउन सकेन। त्यसो त अहिलेसम्मका विश्वकपमा पनि सुपर सिक्ससम्मको यात्रा मात्रै तय गरेको जिम्बाब्वे आयोजकका हिसाबले सन् २०२७ को विश्वकपमा भने छानिएको छ।

एसोसिएट टिम नेदरल्यान्ड्स विश्वकपमा छनोट हुँदा नेपालले सन् २०२७ मा दक्षिण अफ्रिका/जिम्बाब्वेमा आयोजना गरिने विश्वकपमा खेल्न पाउने ढोका खुलै छ।



नेपालले यसपालि अनुभव भने राम्रै बटुल्यो । विशेष गरी टेस्ट मान्यता प्राप्त टिमहरू वेस्टइन्डिज, जिम्बाब्वे र आयरल्यान्डविरुद्ध खेल्यो ।

फुटबलमा निराश नेपाल

नेपाली खेलकुदको बाह्रमासे खेल कुनै हो भने त्यो हो फुटबल । सबैभन्दा बढी लगानी भएको कुनै खेल हो भने त्यो पनि हो फुटबल तर नतिजाका हिसाबले सन्तोषजनक अवस्था फुटबलमा छैन ।

व्यावसायिकताको रटान दिन थालेको वर्षौं भएको छ तर यसपालि खेलमा कुवेतलाई भारतले पेनाल्टी सुटआउटमा ५–४ गोलअन्तरले पराजित गरेको थियो । त्यसअघि समूह चरणको खेलमा दुवै टोलीले १–१ गोलको बराबरी खेलेका थिए ।

यसपालि साफ च्याम्पियनसिपमा कुवेत र लेबनानलाई आमन्त्रित टिमका रूपमा सहभागी गराइएको थियो । सेमिफाइनलमा कुवेतले बङ्गलादेशलाई १–० ले तथा भारतले लेबनानलाई पेनाल्टी सुटआउटमा ४–२ गोल अन्तरले पराजित गरेका थिए ।

नेपाल प्रतियोगिताको समूह भएका छन् । जसका कारण प्रशिक्षक भिन्सेन्जो अल्बर्टो एनिसले टिम संरचना सशक्त बनाउन सकेनन् ।

प्रतियोगितामा ३८ गोल भए तर नेपालले मात्र दुई गोल गर्न सक्यो । समूह चरणबाटै बाहिरिए पनि नेपालले फेयर प्ले उपाधि भने जितेको छ ।

साफको इतिहासमा नेपालको प्रदर्शन भने सन्तोषजनक छैन । ३० वर्षअघि अर्थात् सन् १९९३ देखि नेपालबाटै सुरु भएको साफ च्याम्पियनसिपमा भारतले सबैभन्दा बढी नौ पटक उपाधि जितेको छ । माल्दिभ्सले २ तथा बङ्गलादेश,



'ए' डिभिजन लिग फुटबल फत्ते गर्न नै अखिल नेपाल फुटबल सङ्घ (एन्फा) लाई कठिन भयो । त्यति मात्र होइन साफ च्याम्पियनसिप फुटबलका लागि क्लबहरूले खेलाडी समयमा उपलब्ध नगराइदिँदा तयारी राम्रो हुन पाएन । जसका कारण नेपालले फेरि एक पटक साफ च्याम्पियनसिप फुटबलमा निराशाजनक प्रदर्शन गरेको छ ।

गत असार ६ देखि १९ गतेसम्म भारतको बेङ्गलोरमा भएको प्रतियोगिताको १४ औँ संस्करणको उपाधि भारतले जितेको छ । फाइनल चरणबाटै बाहिरियो । नेपाल समूह चरणमा कुवेतद्वारा ३–१ ले पराजित भएको थियो । त्यसपछि भारतले २–० गोलअन्तरले नेपाललाई हरायो । समूह चरणको अन्तिम खेलमा भने पाकिस्तानलाई नेपालले १–० ले पराजित गरेको थियो ।

यस नजितापछि सिङ्गो टिमको संरचना र एन्फाले खेलेको भूमिकामाथि प्रश्न उठेको छ । किनकि व्यावसायिक असुरक्षाका कारण सुरक्षित भविष्य खोज्दै केही सिनियर खेलाडी विदेश पलायन अफगानिस्तान र श्रीलङ्काले १–१ पटक उपाधि जितेका छन् ।

नेपाल, पाकिस्तान र भुटानले भने अहिलेसम्म उपाधि जितेका छैनन् । जबकि सबै संस्करणमा सहभागिता जनाउने नेपाल र भारत मात्रै हुन् । भारत चार पटकको उपविजेता हो । माल्दिभ्स ३, बङ्गलादेश र अफगानिस्तान २–२ तथा श्रीलङ्का र नेपाल १–१ पटकका उपविजेता हुन् । नेपाल एक पटक तेस्रो भएको छ भने दुई पटक चौथो भएको छ । ■



मिर्गौलाको क्यान्सर




■ प्राडा सुमनराज ताम्राकार

मिर्गौलाभित्र पिसाबको मसिना गुजुल्टिएका नलीको सतही कोषबाट मिर्गौलाको क्यान्सर सुरु हुन्छ। मिर्गौला क्यान्सरको आशङ्का पिसाबको प्रारम्भिक जाँचबाट गर्न सकिन्छ। महिलाको दाँजोमा पुरुषमा मिर्गौलाको क्यान्सर हुने सम्भावना डेढ गुणा बढी देखिएको छ। मिर्गौलाको क्यान्सर मानिस ६० वर्ष पुगेपछि बढ्ता लाग्दछ। भौगोलिक, जनसाङ्ख्यिक र वंशाणुगत आधारमा मिर्गौलाको क्यान्सर प्रत्येक दशकमा दुईदेखि तीन प्रतिशतले वृद्धि हुने क्रममा छ।

जोखिम तत्त्व

मिर्गौलाको क्यान्सर जीवनशैलीसँग सम्बन्धित छ। धूमपान, मोटोपना, उच्च रक्तचाप यसका केही जोखिम तत्त्व हुन्।

एस्बेस्टस, क्याड्मियम, सिसा (लिड), क्लोरिनयुक्त सोल्भेन्ट (घोलक), पेट्रोकेमिकल, पोलिसाइक्लिक एरोम्याटिक हाइड्रोकार्बनलगायतका रसायनसँग सम्बन्धित उद्योगमा काम गर्ने मानिसमा मिर्गौलाको क्यान्सर हुन सक्ने व्यवसायजन्य जोखिम बढ्ता छ।



यसका साथै एस्बेस्टस, क्याड्मियम, सिसा (लिड), क्लोरिनयुक्त सोल्भेन्ट (घोलक), पेट्रोकेमिकल, पोलिसाइक्लिक एरोम्याटिक हाइड्रोकार्बनलगायतका रसायनसँग सम्बन्धित उद्योगमा काम गर्ने मानिसमा मिर्गौलाको क्यान्सर हुन सक्ने व्यवसायजन्य जोखिम बढ्ता छ। त्यसै गरी ब्रुफेन, डिक्लोफेनाक, निम्स जस्ता पीडा कम गराउने औषधी लामो समय प्रयोग गर्ने व्यक्तिमा पनि मिर्गौलाको क्यान्सर देखिएको छ।

कारण स्पष्ट नभए पनि पाठेघर निकालिसकेको महिलामा पनि कालान्तरमा मिर्गौलाको क्यान्सर हुने जोखिम देखिएको छ र मिर्गौलाको क्यान्सर प्रभावित मानिसको नजिकका आफन्तमा वंशाणुगत रूपमा यो क्यान्सर हुने जोखिम दुईदेखि चार गुणासम्म बढी छ।

रक्त प्रणाली अन्तर्गत रक्तचाप बढ्ने, स्नायु प्रणाली अन्तर्गत मस्तिष्कमा रगत जम्ने, मस्तिष्काघात हुने हुन्छ। शरीरको प्रतिरोधात्मक क्षमतामा असर पुगेर सङ्क्रमणको जोखिम बढ्ने तथा आलस्य लाग्ने हुन्छ भने मूत्र प्रणाली अन्तर्गत मिर्गौलाको काममा असर पुग्दछ।



लक्षण

पिसाबमा रगत देखा पर्नु पहिलो र प्रमुख लक्षण हो। त्यसैले विशेषतः ६०–७० वर्षका पुरुषले आफ्नो पिसाबमा रगत देखा पर्ने समस्यालाई गम्भीर रूपमा लिनु पर्दछ। पिसाब रातो हुनुका साथै कम्मरदेखि तल्लो करङको किनारमा पीडा हुनु र त्यसै क्षेत्रमा मासुको डल्लो देखा पर्नु पनि यस रोगका मुख्य लक्षण हुन्।

यसका साथै शरीरको तौल घट्नु, ज्वरो आउनु, रक्तचाप बढ्न थाल्नु, राति पसिना आउनु, बिसन्चो महसुस हुनु मिर्गौलाको क्यान्सरका अन्य लक्षण हुन्। त्यसै गरी क्यान्सर मिर्गौला बाहिर लिम्फनोड (गिर्खा), फोक्सो, कलेजो, मिर्गौलामाथि हुने एड्रिनल ग्रन्थी, मस्तिष्कलगायतका अन्य अङ्गमा फैलिसकेको खण्डमा प्रभावित अङ्ग अनुसारका थप लक्षण पनि देखा पर्दछन्।




खाद्य प्रणाली अन्तर्गत खान मन नलाग्ने, वाकवाकी लाग्ने, बान्ता आउने, पखाला लाग्ने तथा श्वास प्रणाली अन्तर्गत खोकी लाग्ने, सास फेर्न गाह्रो हुने हुन्छ। त्यसै गरी रक्त प्रणाली अन्तर्गत रक्तचाप बढ्ने, स्नायु प्रणाली अन्तर्गत मस्तिष्कमा रगत जम्ने, मस्तिष्काघात हुने हुन्छ। शरीरको प्रतिरोधात्मक क्षमतामा असर पुगेर सङ्क्रमणको जोखिम बढ्ने तथा आलस्य लाग्ने हुन्छ भने मूत्र प्रणाली अन्तर्गत मिर्गौलाको काममा असर पुग्दछ।

ट्युमरप्रति शारीरिक प्रतिक्रियाका कारण ट्युमरले सिधै प्रभाव नपारेका तन्तु वा अङ्गलाई असर पुगेर शरीरमा क्याल्सियमको मात्रा बढ्ने, प्लेटलेट्सको सङ्ख्या बढ्ने एवं एमाइलोइड भनिने एक खालको प्रोटिन मिर्गौला, कलेजो र फियोमा जम्मा हुने गर्छ। त्यसै गरी मिर्गौलाको क्यान्सरका कारण इरिथ्रोपाइटिन भनिने हर्मोनको अधिक उत्पादनले रातो रक्तकणको सङ्ख्या बढाई रगत बाक्लो बनाउने वा यस हर्मोनको कम उत्पादनले रक्तअल्पता गराउने हुन्छ। यसका साथै स्नायु (नसा) झमझम हुने, हातखुट्टा कमजोर हुने, शरीरको सन्तुलन गुम्ने, शरीरका विभिन्न भागमा कम्पन छुट्ने, आँखा अस्वाभाविक ढङ्गमा यताउति चल्ने, मानसिक समस्या उत्पन्न हुने गर्छ।

निदान

विगतमा मिर्गौलाको क्यान्सर ढिलो गरी पत्ता लाग्थ्यो। अचेल नियमित स्वास्थ्य परीक्षण वा अन्य रोगको निदान गर्ने क्रममा गरिने रगत परीक्षण एवं अल्ट्रासाउन्डको व्यापक प्रयोगले तुलनात्मक रूपमा मिर्गौलाको क्यान्सर अलि आरम्भिक चरणमै पत्ता लाग्न थालेको छ। प्रभावित व्यक्तिसँग लक्षणको विवरण, गुनासो, तिनको शारीरिक परीक्षणका साथै पिसाबको सामान्य जाँचको क्रममा रातो रक्तकण, मधुमेह, प्रोटिन, ब्याक्टेरियाको परीक्षण गरी मिर्गौलाको क्यान्सरको सङ्केत पाउन सकिन्छ।

यसका साथै मिर्गौलाको काम गराई, कलेजोको काम गराई, हेमोग्लोबिन, प्लेटलेट्सको सङ्ख्या, रगत जम्ने पदार्थको परीक्षण, रगतमा लवण पदार्थको विश्लेषणका साथै अल्ट्रासाउन्ड, सिटी स्क्यान, एमआरआईको जाँचबाट मिर्गौलाको क्यान्सरको निदान गरिन्छ। विशेष खालको औषधी दिई मिर्गौलाको काम गराई, पिसाब निष्कासनको विश्लेषण, मिर्गौला एवं



रक्त प्रणाली अन्तर्गत रक्तचाप बढ्ने, स्नायु प्रणाली अन्तर्गत मस्तिष्कमा रगत जम्ने, मस्तिष्काघात हुने हुन्छ। शरीरको प्रतिरोधात्मक क्षमतामा असर पुगेर सङ्क्रमणको जोखिम बढ्ने तथा आलस्य लाग्ने हुन्छ भने मूत्र प्रणाली अन्तर्गत मिर्गौलाको काममा असर पुग्दछ।


पिसाब नलीको बनावटबाट पनि यस क्यान्सरको निदान एवं जटिलता पत्ता लगाइन्छ ।

प्रभावित मिर्गौलाको भागका कोष र तन्तुहरूको विश्लेषण गरी मिर्गौलाको क्यान्सरलाई विभिन्न स्तरमा वर्गीकरण गर्ने गरिएको छ । त्यसै गरी ट्युमरको आकार, यसको सीमितता, सँगैको तथा टाढाका अङ्गमा विस्तारको आधारमा मिर्गौलाको क्यान्सर कुन चरणमा पुग्यो भनेर निर्क्योल गरिन्छ ।

उपचार

उपचारको हकमा शल्यक्रिया नै प्रमुख उपचारात्मक उपाय हो । क्यान्सर प्रभावित मिर्गौलालाई शल्यक्रियाद्वारा आंशिक वा पूर्ण रूपमा निकालेर निको पार्न सकिन्छ । यो क्यान्सर मिर्गौला बाहिर फैलिन सकेको अवस्थामा उपचारपछि प्रभावित व्यक्ति पाँच वर्ष बाँच्ने सम्भावना ६५ देखि ९० प्रतिशतसम्म हुन्छ ।

अन्य धेरैथरीका क्यान्सरमा उपयोगसिद्ध केमोथेरापी र रेडियोथेरापी मिर्गौलाको क्यान्सरको हकमा त्यति प्रभावकारी देखिएका छैनन् । तर पछिल्लो समय इम्युनोथेरापी र टार्गेट थेरापीका माध्यमबाट फैलिसकेको मिर्गौलाको





क्यान्सरको उपचारमा केही आशा जागेको छ ।

यसरी शल्यक्रिया, इम्युनोथेरापी र टार्गेट थेरापी नै मिर्गौलाको क्यान्सरका लागि उपचारात्मक विकल्प हुन् । यस क्यान्सरको रोकथामको सवालमा शारीरिक तौल नियन्त्रणमा राख्नु बुद्धिमानी हुन्छ । यस क्यान्सरको उपचार व्यवस्थापन एवं सफलता प्रभावित व्यक्तिको उमेर, तिनको शारीरिक तन्दुरुस्ती, क्यान्सरको चरण, जीर्ण खालका अन्य चिकित्सा समस्या (उच्च रक्तचाप, मधुमेह, मुटु तथा रक्तनलीको समस्या), क्यान्सरको विस्तार, उपचार गर्ने अस्पतालको एवं चिकित्सकको दक्षतामा भर पर्दछ । ■

महिलालाई छिटो बोसो लाग्छ

पुरुषको दाँजोमा महिलाको शरीरमा चाँडै बोसो लाग्छ। मुसामा गरिएको एक अनुसन्धानले यससम्बन्धी निष्कर्ष दिएको छ। डायबिटिज जर्नलमा प्रकाशित रिसर्चमा उल्लेख गरिए अनुसार उच्च मात्रामा चिल्लो पदार्थ भएको आहाराले पोथी मुसामा रासायनिक प्रतिक्रिया भई पेटमा सजिलै बोसो लागेको थियो।

पेटमा लाग्ने खालको बोसो आन्तरिक अङ्गहरू वरिपरि पनि सञ्चय भएर क्यान्सर, मुटु रोग, मधुमेह आदिको खतरा बढ्छ। शरीरमा एन्जाइमहरूको कैयौँ भूमिका हुन्छ। त्यसमध्ये एक एन्जाइमले पेटमा बोसोका कोष सिर्जना गर्ने हर्मोनको उत्पादन उत्प्रेरित गर्छ। त्यस हर्मोनको मुख्य स्रोत हुन्छ– भिटामिन ए।

पुरुष र महिलाले उच्च मात्रामा चिल्लो पदार्थ खाएमा महिलाको शरीरमा हर्मोनको स्तर तुलनात्मक रूपमा अधिक पाइएको छ। अनुसन्धान टोलीले पोथी मुसाको शरीरमा वंशाणु परिवर्तन गरी एन्जाइम उत्पादन नहुने बनाएपछि पोथी मुसा धेरै चिल्लो खाए पनि दुब्लो नै रहेको थियो। अनुसन्धान टोलीले पोथी मुसामा बोसो सञ्चयमा भूमिका खेल्ने एन्जाइम एल्डेहाइड डिहाइड्जेनेज भएको स्पष्ट पारेको छ। मान्छेको बोसोको परीक्षण गर्दा अनुसन्धान टोलीले यो एन्जाइम महिलाको बोसोमा अधिक पाएको थियो।

कपालको सौन्दर्य

उचित पोषक तत्त्वले कपालको वृद्धिमा महत्त्वपूर्ण भूमिका खेल्छ। कपालको सौन्दर्यका लागि उत्पादित सामग्री जस्तो कि मास्क, सेम्पु तथा कन्डिसनरले कपाल स्वस्थ राखेर झर्नबाट रोक्न सक्छन्।

केही उपाय

प्रोटिनले कपाल बढाउँछ।

कपाल प्रोटिनले बनेको कारण प्रोटिनमा कमी आएमा त्यसको प्रभाव पर्छ र कपाल झर्न सक्छ। मासु र दुग्धजन्य खाद्य वस्तुमा पाइने प्रोटिन कपाल आकर्षक पार्न सहयोगी हुन्छ।

भिटामिन सी

स्वस्थ कपाल राख्न भिटामिन 'सी' एक महत्त्वपूर्ण तत्त्व हो। अमिला फलफूलहरू जस्तै सुन्तला, कागती, जुनार आदिमा भिटामिन 'सी' उच्च मात्रामा पाइन्छ। यस भिटामिनको सबैभन्दा राम्रो स्रोत अमला हो। हरियो खुर्सानीमा पनि यो भिटामिन पाइन्छ। चिकित्सकको सिफारिस अनुसार प्रतिदिन हजारदेखि तीन हजार एमजी भिटामिन 'सी' हामीलाई आवश्यक पर्छ।

भिटामिन बी

बायोटिन र बी कम्प्लेक्स भिटामिन कपाल बढाउन आवश्यक छन्। भिटामिन बी ३ ले टाउकोमा रक्तसञ्चार बढाएर पोषक तत्त्वको आपूर्ति वृद्धि गरी कपाल लहलहाउँदो पार्न सहयोग गर्दछ।

फलाम तत्त्व

फलाम तत्त्वले पनि टाउकोमा स्वस्थ रक्तसञ्चार बनाउन सहयोग गरी कपाल बढाउन सहयोगी भूमिका खेल्छ। कलेजो, किसमिस तथा पालुङ्गोमा हामी फलाम तत्त्व पाउन सक्छौँ।

हर्मोन

हर्मोनको प्रभावले कपाल वृद्धि गराउने प्रचलन पनि छ। बढ्दो उमेरसँगै हर्मोनको मात्रा घट्छ र कपालको बवद्धि पनि सुस्त हुन्छ। त्यसैले हर्मोन बढाएर कपाल वृद्धि तेज पार्न सकिन्छ।

भिटामिन ई


कपाल बवद्धिमा आवश्यक पर्ने अर्को पोषक तत्त्व भिटामिन ई हो। यसले टाउकोमा स्वस्थ रक्तसञ्चार बनाएर कपाल वृद्धिमा सहयोग गर्छ।

भिटामिन ए

भिटामिन ए ले लहलहाउँदो स्वस्थ कपाल बनाउँछ किनभने यसले कपालको जरामा बोसो संश्लेषण कार्यमा सहयोग पुऱ्याउँछ। हामी अन्डा, गाँजर, मेवा आदिमा भिटामिन ए पाउन सक्छौँ। ▪

–युवामञ्च

बौद्ध ग्रन्थ कङ्ग्युर र तेङ्ग्युर





■ मुनीन्द्ररत्न वज्राचार्य



गौतम बुद्धको महापरिनिर्वाणको २३६ वर्षपछि तेस्रो सङ्गायन भएको थियो । उक्त सङ्गायनमा मौर्य सम्राट अशोकको समय इसापूर्व २४८/४७ मा मौगलीपुत्त तिस्स महास्थविरको नेतृत्वमा विभिन्न स्थानमा पुग्यो ।

इसापूर्व छैटौं शताब्दीमा नेपालको लुम्बिनी वनमा शाक्य राजकुमार सिद्धार्थको जन्म भएको थियो । सिद्धार्थले २० वर्षको उमेरमै दुःखको कारण तथा ज्ञान प्राप्तिका लागि आफ्नो परिवार र राजदरबार नै त्यागे। पछि छ वर्षसम्म कठिन तपस्याले वैशाख पूर्णिमाको दिन बोधगयामा सम्बोधि लाभ गरी उनी बुद्ध भए।

आफूले पाएको ज्ञान ठाउँ ठाउँमा धर्म प्रचार गर्ने तथा त्यस कार्यका लागि भिक्षुहरूलाई सङ्गठित गरी सङ्घ खोले। बुद्धले बहुजन हिताय बहुजन सुखायको महत्त्वाकाङ्क्षा लिई धर्म प्रचारका लागि गाउँ, नगर र विदेशमा गई मानव जीवनमा दुःखको पहिचान गर्न धर्मदेशनामा धेरै वर्ष व्यतीत गरे। यस्तै धर्म प्रचार गर्दागर्दै बुद्धले ८० वर्षको उमेरमा कुशीनगरमा महापरिनिर्वाण प्राप्त गरेका थिए।

उनले समय समयमा दिएका उपदेश र सन्देश पवित्र बौद्ध धर्मग्रन्थका रूपमा आजसम्म अध्ययन गरिँदै आएको छ। बौद्धधर्ममा त्रिपिटकलाई धर्मग्रन्थ मानिन्छ। बौद्धहरूले मान्ने त्रिपिटकलाई विभिन्न जातजाति र राष्ट्रले थरी थरी तरिकाले अध्ययन गर्ने गरेको छ। नेपालमा पनि विभिन्न किसिमका बौद्ध मार्गीहरू थेरवाद, महायान र वज्रयान रहेकाले त्रिपिटकलाई विभिन्न नामले अध्ययन गरिन्छ।

बुद्धले बुद्धत्व प्राप्त गरेपश्चात् गाउँ, नगर तथा देशदेशान्तरमा दिएका उपदेश एकै ठाउँमा सङ्ग्रहित ग्रन्थ नै बौद्धहरूको सर्वाधिक प्रामाणिक बौद्ध वाङ्गमय र बौद्ध साहित्य त्रिपिटक हो। यसलाई हिमाली बौद्ध सम्प्रदायको अति पवित्र ग्रन्थ मानिन्छ। त्रिपिटकमा तिब्बती भाषामा तीन पवित्र सूत्रका रूपमा

डुल्भा (विनय), डो (शुत्र) र छोसोन्पा (अभिधर्म) पर्दछन् ।

गौतम बुद्धको महापरिनिर्वाणको २३६ वर्षपछि तेस्रो सङ्गायन भएको थियो । उक्त सङ्गायनमा मौर्य सम्राट अशोकको समय इसापूर्व २४८/४७ मा मौगलीपुत्त तिस्स महास्थविरको नेतृत्वमा विभिन्न स्थानमा पुग्यो । जस्तो गान्धार, काश्मिर, हिमवत्खण्ड र युनानमा धर्मदूतहरूबाट प्रचारप्रसार भयो । सम्राट अशोकले आफ्ना पुत्र महेन्द्र र छोरी सङ्घमित्रालाई धर्मदूतका रूपमा बौद्धधर्म प्रचारप्रसारका लागि श्रीलङ्का, बर्मा, थाइल्यान्ड पठाएका थिए ।

यसबाट भारतबाट अन्य क्षेत्र कम्बोडिया, तिब्बत, चीन, जापान, मङ्गोलियामा बौद्ध धर्मको प्रचारप्रसार हुन थाल्यो । इसाको प्रथम शताब्दीमा कुषाण सम्राट कनिष्कको पालामा चौथो सङ्गायन भएको थियो ।

तिब्बतमा बौद्ध धर्म :

तिब्बतमा सुरुमा बोन धर्मको बाहुल्य थियो । पछि तेत्तिसौँ राजा स्रोङचङ गम्पोले इसा संवत्को ६४० तिर नेपालकी राजकुमारी भृकुटीसँग विवाह गरे । यस विवाहमा दाइजोका रूपमा उनले नेपालबाट अक्षोभ्य, मैत्रैय तारा जस्ता अनेक चन्दन मूर्ति लगेका थिए । अर्को राजकुमारी पनि बौद्धधर्मप्रति प्रभावित थिइन् । यी दुईको मित्रताले तिब्बतमा बौद्ध धर्म प्रचारप्रसार हुन निकै मद्दत मिल्यो । पछि तिब्बतमा लिपि र तिब्बती भाषाको व्याकरणको विकास भई पछि धर्मग्रन्थहरूको लेखन कार्य हुन थाल्यो ।



तिब्बती भाषामा सक भन्ने शब्दको अर्थ हो वचन । यस्तै सत्नको अर्थ शास्त्र र कङ्ग्युरको अर्थ अनुवाद हो । सुरुमा तिब्बती भाषामा अनुवादित बुद्धवचनलाई एउटै स्थानमा राखी सक्कङ्ग्युर (कनजुर) भन्ने गरियो ।

तिब्बती भाषामा अनुवाद :

तिब्बती र संस्कृत भाषा, लिपि विशेषज्ञ तथा व्याकरण ज्ञाता मोन्मी सम्भोट पोंले संस्कृत भाषामा लेखिएका बौद्ध ग्रन्थ कारण्यब्युह, सूत्र, रत्नमेघसूत्र र कर्मशतक पहिलो पटक तिब्बती भाषामा अनुवाद गरे । यसपछि तिब्बती बौद्ध परम्पराका



ख्याति प्राप्त विद्वान् आचार्य बुस्तानले लगभग ५० वटा ग्रन्थ लेखेका थिए। उनले तिब्बती भाषामा लेखेको 'भोट देशमा बौद्ध धर्म इतिहास' नामक पुस्तकमा कङ्ग्युर र तेङ्ग्युर भनी दुई भागमा बौद्ध वचन बाँडिएको छ।



कङ्ग्युर के हो ?

तिब्बती भाषामा सक भन्ने शब्दको अर्थ हो वचन। यस्तै सत्नको अर्थ शास्त्र र कङ्ग्युरको अर्थ अनुवाद हो। सुरुमा तिब्बती भाषामा अनुवादित बुद्धवचनलाई एउटै स्थानमा राखी सक् कङ्ग्युर (कनजुर) भन्ने गरियो। भोट तिब्बती भाषामा 'क' भन्नाले बुद्धवचन जनाउँछ। 'ग्युर' भन्नाले अनुवाद भन्ने बुझाउँछ। यस्तै बुद्धवचनको अन्य आचार्यले लेखेका विभाषा, टीकाका साथै दर्शन, काव्य, वैद्यक, जोतिषी, देवसाधना, तन्त्र आदिलाई एकै ठाउँमा सङ्ग्रहित गरी राखेकोलाई नै सत्न तेङ्ग्युर भन्ने गरिन्छ।

क. कङ्ग्युर (बुद्धवचन)

१. विनय (दुल्वा)।
२. प्रज्ञापारमिता (शेर्दिन)।
३. अजतंसक (फाल्पोचे)।
४. रत्नकूट (फोल्चेग्यु)।
५. सूत्र (दोदे)।
६. तन्त्र (ग्युबुम्)।
७. प्रतन्त्र (नीङग्यू)।
८. कालचक्र।
९. धारणी।

ख. तेङ्ग्युर (शास्त्र वचन)

१. स्तोत्र।
२. तन्त्र।
३. प्रज्ञापारमिता।
४. मध्यमक।
५. सूत्र।
६. योगाचार (चित्त मात्र)।
७. अभिधर्म।
८. विनय।
९. जातक।
१०. लेख/परिकथा।
११. प्रमाण।
१२. शब्द विद्या।
१३. चिकित्साविद्या।
१४. शिल्पविद्या।
१५. नीतिशास्त्र।
१६. विश्वशास्त्र।
१७. सूचिलिपि।

भोट भाषामा 'तेन' ले निधि र 'ग्युर' ले अनुवाद भन्ने जनाउँछ। तिब्बती इतिहासमा बुसेन रिम्पोछेको कङ्ग्युर र तेङ्ग्युर तयार गर्ने कामलाई अद्वितीय मान्ने गरिएको छ। कङ्ग्युर महायानी र वज्रयानी तन्त्रहरू समावेश गरिएको सङ्ग्रह हो। यस ग्रन्थमा जम्मा नौ भाग छन् भने नौ भागमा पनि एक हजार १०८ ग्रन्थ समावेश गरिएका छन्।

तेङ्ग्युरलाई १७ भागमा विभक्त गरी त्यसमा ९२ भाग जातक शीर्षकमा आचार्यहरूको कृति पनि सङ्ग्रहित गरिएको छ।

पहिले पहिले कङ्ग्युर र तेङ्ग्युरलाई काठको फल्याकमा लेखेर पुस्तकाकार दिइन्थ्यो। उक्त काठको पुस्तक कङ्ग्युर र तेङ्ग्युर ल्हासाको नारथाङ्ग गुम्बामा सुरक्षित छ। पछि



इसं १४१० तिर चीनको पेकिङमा कङ्ग्युर र तेङ्ग्युर छापामा प्रकाशित गरियो ।

नेपालको उत्तरी हिमाली भेगको धेरैजसो गुम्बा शे गुम्बा (डोल्पा), क्यान्जिङ गुम्बा (लाङटाङ), नागे गुम्बा (बुढानीलकण्ठ) तथा काठमाडौँ, कीर्तिपुर, ललितपुर र भक्तपुरका विभिन्न स्थानमा रहेका गुम्बामा चाडपर्वका बेला कङ्ग्युर र तेङ्ग्युर वाचन हुने गर्दछ । यस्तै घर घरमा बौद्ध लामा गुरुहरूद्वारा कङ्ग्युर र तेङ्ग्युर सङ्ग्रह गर्ने चलन छ ।

हरेक वर्ष ज्येष्ठ औँसीदेखि पूर्णिमासम्म गुम्बाहरूमा तथा अन्य स्थानमा साङ्गा दावाको अवसरमा कङ्ग्युर र तेङ्ग्युर त्रिपिटक वाचन गर्ने परम्परा छ । यस अवसरमा बौद्ध तिब्बतीहरूमा पाठपूजा, दान धर्म र पञ्चशील पालन गर्ने चलन छ । ▪

(लेखक सह-प्राध्यापक हुन्)

सन् १९९० को दशकमा उत्तर कोरियाका नेता किम जोङ-इल र उनको छोरा तथा उत्तराधिकारी किम जोङ-उनले डिज्नील्यान्ड भ्रमण गर्न ब्राजिलको नक्कली पासपोर्ट प्रयोग गरेका थिए ।

यसमा प्रश्न गर्ने पनि छन्, के यो सत्य हो ? सन् १९९६ मा चेक गणतन्त्रमा रहेको ब्राजिलको दूतावासद्वारा दुवै जनाको नाममा जारी गरिएको पासपोर्ट नक्कली नभएको बताउँछन् ब्राजिलका एक सुरक्षा अधिकारी । तर अन्य सुरक्षा अधिकारीको भनाइ के छ भने पश्चिमा देशको भ्रमण गर्न भिसाका



लागि आवेदन दिन कागजात उपलब्ध गराइएका थिए तर उनीहरुका नाममा भिसा जारी भयो वा कसैको भिसा उनीहरुले प्रयोग गरे, स्पष्ट छैन ।

सन् २०११ मा जापानी सञ्चारमाध्यमले अधिकारीहरुलाई उद्धृत गर्दै भने, किम जोङ-उन र उनका भाइ जोङ-चुलले सन् १९९१ तिर टोकियो डिज्नील्यान्डको भ्रमण गर्न ब्राजिलको कागजात पेस गरेर जापान प्रवेश गरेका थिए ।

-युवामञ्च

परिणामहरू

अङ्कजाल प्रतियोगिता, साउन-२०८०

नियमहरू :

१. अङ्कजाल भर्न खाली कोठाहरूमा १ देखि ९ अङ्कसम्म भर्नुपर्नेछ।
२. प्रत्येक ठाडो लहर र तेर्सो लहरमा १ देखि ९ अङ्कसम्म भर्नुपर्नेछ।
३. अङ्कजालमा ३×३ का नौवटा वर्ग रहेका छन्। ३×३ को प्रत्येक वर्गमा पनि १ देखि ९ अङ्कसम्म नदोहोऱ्याई भर्नुपर्नेछ।
४. समाधान २०८० भदौ १५ सम्ममा 'युवामञ्च' को कार्यालयमा आइपुगिसक्नुपर्नेछ।
५. अङ्कजाल भरेर पठाउँदा यसै पत्रिकाको कटिङ पठाउनुपर्नेछ। केरमेट र अस्पष्ट समाधानलाई प्रतियोगितामा सहभागी गराइने छैन।
६. सही समाधान पठाउने दुई जनालाई सात-सात सय रुपियाँ पुरस्कारको व्यवस्था गरिएको छ। दुईभन्दा बढीले सही समाधान पठाएमा गोलाप्रथाद्वारा विजयीको छनोट गरिनेछ।
७. नतिजासम्बन्धी युवामञ्चको निर्णय नै अन्तिम निर्णय हुनेछ।

	७						१	
१			७		८			४
		४	१	९	२	७		
	४	५				३	७	
		६				१		
	१	७				८	२	
		३	६	२	१	५		
७			३		९			८
	९						३	

नाम : ....

ठेगाना : ....

सामान्यज्ञान जेठ अङ्कको उत्तर

समूह क : १. माल्दिभ्स २. श्रीलङ्का ३. सुनसरी
समूह ख : १. नेपाल २. पार्वती ३. गेब्रिएल
समूह ग : १. सल्यान २. थुम्काडाँडा (लमजुङ) ३. काठमाडौँ (तिलगङ्गा)
समूह घ : १. रसुवा २. हरिशरण सुवेदी ३. परराष्ट्र मन्त्रालयमा
समूह ङ : १. सिरिजङ्गा २. तिलोत्तमा नपा ३. सरस्वती
समूह च : १. भू-उपग्रह २. युवराज त्रैलोक्य ३. जयप्रकाश मल्ल
समूह छ : १. यार्सागुम्बा २. तिम्बुपोखरी ३. नेपाल

अङ्कजाल जेठ अङ्कको उत्तर

१	८	६	५	३	४	२	७	९
३	२	४	८	७	९	६	५	१
९	५	७	१	६	२	४	३	८
८	७	२	६	४	३	९	१	५
४	१	३	७	९	५	८	६	२
५	६	९	२	१	८	७	४	३
६	४	५	९	२	१	३	८	७
२	३	१	४	८	७	५	९	६
७	९	८	३	५	६	१	२	४

गोलाप्रथाद्वारा विजयी

धनबहादुर पौडेल, म्हैपी काठमाडौँ
बुद्धिबहादुर दुरा, मध्यनेपाल लमजुङ

सही जवाफ पठाउने सहभागी :

कृष्णचन्द्र गौतम, सुखिपुर सिरहा, मदनमोहनलाल श्रेष्ठ, घट्टेकुलो काठमाडौँ, असीम श्रेष्ठ, चिसापानी रामेछाप, शिला श्रेष्ठ, कुलेश्वर काठमाडौँ, वसन्त ताम्राकार, पनौती, काभ्रे, मिनु केसी, सूर्यविनायक, बालकोट, रत्न शाक्य पुल्चोक, ललितपुर, ज्योति न्यौपाने, काठमाडौँ, राजेन्द्र महर्जन, काठमाडौँ, निरु श्रेष्ठ, काठमाडौँ, सविन वैद्य, खुमलटार काठमाडौँ, वटुकृष्ण कसपाल, काठमाडौँ, नारायण लघु, भक्तपुर, खेमराज घिमिरे, कामनपा-९, केदारबहादुर थापा, सिन्धुली, रामप्रसाद उप्रेती, जोरपाटी काठमाडौँ, वासुदेव शर्मा, लपु सुन्धारा, पूर्णिमा शर्मा, फर्पिङ काठमाडौँ, आलोककुमार तिवारी, वीरगन्ज, शेखरबाबु थापा, सिन्धुली, मानवबाबु थापा, सिन्धुली, प्रज्ञा वज्राचार्य, खुसिँबु, कुशलबाबु थापा सिन्धुली, रोजन चालिसे, लालबन्दी सर्लाही, बुद्धिमान श्रेष्ठ, कुमारीमार्ग त्रिपुरेश्वर काठमाडौँ, दिलीप शाही, भक्तपुर, टीकाप्रसाद बराल, धनकुटा, दिवस भट्टराई, काठमाडौँ, सनिसा महर्जन, पाटन, दिनेशराज पौडेल, नुवाकोट, निर्मला निरौला, ताप्लेजुङ, करुणा घिमिरे, बत्तीसपुतली काठमाडौँ।

जेठ अङ्कको कोठेपद

गोला प्रथाद्वारा विजयी

अभियान बराल, काँडाघारी, काठमाडौँ
दिनेश श्रेष्ठ, नयाँबजार काठमाडौँ

सही उत्तर मिलाउने अन्य सहभागी

रामप्रसाद उप्रेती, जोरपाटी काठमाडौँ, रोजन चालिसे, लालबन्दी सर्लाही, खेमराज घिमिरे, कामनपा-९, निर्मला निरौला, लिङ्खिम, ताप्लेजुङ, करुणा घिमिरे, बत्तीसपुतली काठमाडौँ, वटुकृष्ण कसपाल, काठमाडौँ, सिम्रन बाहा, वागेश्वरी मावि, च्यामासिंह भक्तपुर, सिम्रिका माक, वागेश्वरी मावि, च्यामासिंह भक्तपुर, अनुप श्रेष्ठ,भक्तपुर, प्रविना वज्राचार्य, लगन काठमाडौँ, कमला श्रेष्ठ, कान्तिभैरव मावि, थली काठमाडौँ, नारायण लघु, भक्तपुर, देवी तिवारी, कोटेश्वर काठमाडौँ, प्रशान्त ताम्राकार, पनौती काभ्रे, मानवबाबु थापा, सिन्धुली, शिला श्रेष्ठ, कुलेश्वर काठमाडौँ, कमला बस्नेत, लैनचौर काठमाडौँ, मदनमोहनलाल श्रेष्ठ, घट्टेकुलो काठमाडौँ, आलय सापकोटा, नुवाकोट, रत्न शाक्य पुल्चोक, ललितपुर, ज्योति न्यौपाने, काठमाडौँ, गौरीश्वर रेग्मी, नयाँबानेश्वर काठमाडौँ, खगेन्द्र नाथ, महेन्द्रनगर, रघुवर श्रेष्ठ, काठमाडौँ, कुमारी निर्मला गिरी, कन्चनपुर, नवीन थापा, असन काठमाडौँ, उमेशकुमार मास्के, विराटनगर।

सामान्य ज्ञान प्रतियोगिता जेठको परिणाम

	नाम	ठेगाना	प्राप्त अङ्क
विजेता	मदनमोहनलाल श्रेष्ठ	घट्टेकुलो, काठमाडौँ	१००
	नारायण लघु	भक्तपुर	१००
	रोजन चालिसे	लालबन्दी, सर्लाही	१००
४	केदारबहादुर थापा	सिन्धुली	९९
५	मानवबाबु थापा	सिन्धुली	९९
६	शेखरबाबु थापा	सिन्धुली	९९
७	कुशलबाबु थापा	सिन्धुली	९९
८	बुद्धिबहादुर दुरा	लमजुङ	९७
९	गणेश रावल	कैलाली	९७
१०	प्रकाश भण्डारी	गैँडाकोट	९७

युवामञ्च कोठेपद प्रतियोगिता, साउन-२०८०

१		२	■	३		४	■	५
	■	६			■	७		
८	९		■	१०			■	
■		■	११		■	१२		
१३	■	१४		■	१५		■	
१६			■	१७		■	१८	■
	■	१९			■	२०		२१
२२			■	२३			■	
	■	२४			■	२५		

सहभागिताका नियम

१. समाधानसहितको कुपन २०८० भदौ १५ भित्र आइपुग्नुपर्नेछ।
२. समाधान माथिको कुपनमै पूरा नाम र ठेगाना भरेर पठाइएको हुनुपर्नेछ।
३. केरमेट गरिएका समाधानलाई प्रतियोगितामा समावेश गरिने छैन।
४. सही समाधान पठाउने दुई जनालाई सात-सात सय रुपियाँ पुरस्कारको व्यवस्था गरिएको छ। दुईभन्दा बढी व्यक्तिले सही समाधान पठाएमा गोलाप्रथाद्वारा विजयीको छनोट गरिनेछ।
५. नतिजासम्बन्धी युवामञ्चको निर्णय नै अन्तिम निर्णय हुनेछ।

नाम : ....

ठेगाना : ....

....

ठाडो :

१. सरदर, सालाखाला
२. पाउने काम, उपलब्धि
३. आँसुका थोपा चुहुँदाको किसिम/बेसुरको बोली
४. ठूलो समुद्र
५. सम्झन सक्ने क्षमता
९. सूर्य
११. '... न पाई छालाको टोपी लाई' उखानको खाली ठाउँमा हुनुपर्ने शब्द
१३. कुनै स्थान, वस्तु वा विषयवस्तुलाई हेर्ने काम/निरीक्षण
१४. सुधारको काममा लागेको, सुधारवादमा विश्वास गर्ने व्यक्ति
१५. अभिरुचि, चासो
१७. प्राचीन ग्रीकका प्रख्यात दार्शनिक
१८. सय लाल बराबरको तौल, ११.६६ ग्राम
२०. समाप्ति, अन्त्य
२१. एक जिल्ला

तेर्सो

१. चिन्ताले मनमा हुने जलन, छटपटी
३. भुटेर खाइने एकथरी फल, दानाविशेष
६. कुखुरा, जुरेली आदिको कल्की, सानो जुरो
७. प्रस्तुत, तम्तयार/उपस्थित
८. ठोसको विपरीतार्थक शब्द
१०. भित्र खोक्रो भएको एकथरी मिठाई
११. खुर्सानी, मसला डढ्दा नाक, घाँटीमा आउने कडा राग
१२. शिवपार्वतीको एक पुत्र
१४. घडीमा समय सङ्केत गर्ने सियो जस्तो वस्तु
१५. गन्ती गर्दा तीनपछि आउने सङ्ख्या
१६. पृथ्वी, धर्ती
१७. मनमा हुने आनन्द, हर्ष
१९. रक्षा गर्ने
२०. सकिएको, सिनित्त भएको, सफा/समाप्त
२२. बीच भागमा टुटी भएको पानीखाने एकथरी भाँडो
२३. बाढीपीडित आदिलाई दिइने आश्वासन, खाद्यसामग्री/आहतको उल्टो शब्द
२४. तन्त्रमन्त्रमा निपुण/एक थर/दीक्षा लिएको
२५. कुनै काम, कुरा गर्नबाट रोक, निषेध

कोठेपद प्रतियोगिता, जेठ अङ्कको उत्तर

अ	म	रे	■	आ	स्ति	क	■	प
न्त	■	क	ल	म	■	रे	खा	हा
रे	ख	म	■	क्ष	मो	सा	■	भि
■	ल्य	■	शो	भा	■	श्रा	बि	घो
गो	■	रु	क	■	भे	री	■	ग
सा	म	ल	■	ता	ल	■	प्र	■
ई	■	नि	धा	न	■	अ	ल	गा
कु	इ	का	■	फु	लौ	डु	■	ण
ण्ड	■	सं	हा	रा	■	ठे	ठो	क

तपाईंको प्रश्न

ज्यो. हरिप्रसाद पौडेलको उत्तर

नाम : निर्मला गिरी
ठेगाना : भीमदत्त नगरपालिका, कञ्चनपुर
जन्ममिति : २०५२ कात्तिक ९ गते बिहीबार
जन्मसमय : राति १२:१५ बजे

मेरा वर्तमान ग्रहदशा, भाग्य, भविष्य, कर्म, नोकरी तथा स्वास्थ्यको बारेमा जानकारी गराइदिनुहुन अनुरोध गर्दछु ।

तपाईंको जन्म अनुराधा नक्षत्रको दोस्रो चरण अन्तर्गत पर्न गएकाले वृश्चिक राशि पर्दछ । जन्म कुण्डलीमा भाग्य राम्रो लिएर आएकाले जीवनमा दुःख पर्दैन । लक्ष्मीको कृपा आशीर्वाद रहेकाले आर्थिक समस्या आइपर्दैन । लच्छिनका ग्रह रहेकाले सबै कुरा वृद्धि भएर जाने छन् । विद्या बुद्धि राम्रो छ । नोकरीका लागि २०८१ राम्रो देखिन्छ । अहिले अढैया शनि र सङ्कटाको दशा चलेकाले मनमा अशान्ति, शरीरमा सामान्य अस्वस्थता, व्यवहारमा झमेला, अपजश, खर्च वृद्धि जस्ता समस्या आइपर्ने देखिन्छ । शनि सङ्कटाको स्वस्तिशान्ति गराएमा दोष कम भएर जाने छ । चिनामा गजकेशरी योग पर्न गएकाले भविष्यमा उन्नति प्रगति राम्रो गर्ने पक्का छ । मिजासिलो स्वभाव र सरल स्वभावले गर्दा सबैको प्रिय पात्रसमेत बनाउने योग रहेको छ । भविष्यमा राम्रो आर्थिक व्यवस्था कायम हुने छ शारीरिक आरोग्यता मध्यम देखिन्छ । सामान्य अस्वस्थता गराउने देखिए पनि ठूला रोगव्याधि भने छैनन् । दीर्घायुको योग छ ।

नाम : दीपक घिमिरे
जन्म स्थान : चितवन
जन्म मिति : २०४७|६|१४
जन्म समय : बेलुकी ५:३० बजे

मेरो दाम्पत्य सुख, सन्तान, वर्तमान ग्रहदशाका साथै जागिर, स्वास्थ्यको बारेमा जानकाकरी गराइदिनुहुन अनुरोध गर्दछु ।

तपाईंको लग्नकुण्डलीमा रहेको माङ्गलिक योगका कारणले गर्दा विवाहमा केही विघ्नबाधा आइपर्नुका साथै दाम्पत्य सम्बन्धमा समेत सामान्य असमझदारी आउन सक्ने ग्रहयोग रहेकाले दोष निवारणका लागि अर्को विवाह शान्ति गरिदिएमा सम्बन्ध राम्रो हुने छ । सन्तानसम्बन्धी दोष छैन, दुई सन्तान ईश्वरको वरदान भन्ने उक्ति चरितार्थ हुने देखिन्छ । कर्मस्थानको चन्द्रमाले कर्मसिद्धि, सफलता, उन्नति प्रगति राम्रो हुने छ । भाग्य बलियो रहेको छ । दार्शनिक स्वभावको र ज्ञानी पनि बनाउने देखिन्छ । वर्तमान समयमा चलेको साढेसात शनि दशाका कारण जागिरमा अपजस, बाधा अड्चन, अस्वस्थता, आलस्यता जस्ता दोष देखिएकाले दोष निवारणका लागि शनि मृत्युञ्जयको पाठ, ग्रहशान्ति गराएमा राम्रो होला ।

नाम : प्रियलता पाण्डेय
जन्ममिति : २०४२ महिना ? गते ?

कृपया तपाईंले जन्ममिति महिना गते स्पष्ट उल्लेख गरेर पठाउनु होला अनि मात्र फलादेश हेर्न सकिन्छ । यहाँ महिना र गते प्राप्त नभएकाले तपाईं भाग्य फल बताउन मिलेन । अर्को पटक बताउँला । धन्यवाद ।

नाम : शिवबहादुर हमाल
जन्म स्थान : गैँडाकोट–२, नवलपरासी
जन्म मिति : २०४९ असार १२
जन्म समय : बेलुकी ५:५ बजे

मेरो विद्या, विवाह, जागिर, भविष्य, पेसा, व्यवसाय के गर्दा राम्रो होला ?

विवाहका लागि अर्को वर्ष मात्र जुर्न गएको देखिन्छ । वर्तमान समयमा साढेसात शनि दशा मध्य अवस्थामा र सङ्कटाको दशासमेत चलेकाले यस वर्ष चोटपटकको भय, अस्वस्थता, नोकरी तथा पढाइमा विघ्नबाधा आइपर्ने देखिन्छ । नोकरी तथा व्यापारबाट जीवनवृत्ति चल्ने योग रहेको छ । विद्याको योग राम्रो रहेतापनि अहिले बाधा अड्चन आइपर्ने देखिन्छ । अहिलेको समय प्रतिकूल रहेकाले धैर्य गर्नुहोस् राम्रो समय आउँदै छ । जागिरका लागि २ वर्ष उप्रान्त मात्र राम्रो देखिन्छ । स्वदेशभन्दा विदेशमा भाग्योदयको योग रहेकाले विदेश यात्रा गराउने ग्रहयोग रहेको छ । भाग्य राम्रो रहेकाले भविष्यमा दुःख छैन । सन्तान एवं परिवारको सुख सन्तोष राम्रो देखिन्छ ।

नाम : रविप्रसाद आचार्य
जन्म स्थान : गहनापोखरी, कठमाडौँ
जन्म मिति : २००१ साउन ४ गते
जन्म बार : बुधबार, पञ्चमी
जन्म समय : राति १:४५ बजे

मेरो आयु के कस्तो देखिन्छ ?

अहिलेको वर्तमान समयमा चलेको सङ्कटा दशाका कारण स्वास्थ्यमा केही कठिनाइ गराएको देखिए पनि ८४ पूजा गरेर मात्र परमधाम प्रस्थान गर्ने ग्रहयोग रहेको छ । दीर्घायुको योग रहेको छ । आगामी साउन उप्रान्तको समयमा मनले सोचेका धार्मिक कार्य सम्पन्न हुने देखिन्छन् । कुण्डलीको अष्टम् भावमा चर राशि पर्न गएकाले घर बाहिरको स्थानमा मरण हुने प्रबल सम्भावना छ ।

२०८० साल साउन महिनाको राशिफल

◆ ज्यो. हरिप्रसाद पौडेल



मेष मध्यम फलदायी महिना रहेको छ। कार्यव्यस्तता बढेर जानाले शारीरिक परिश्रमका साथै मानसिक तापसमेत बढेर जाने छ। सामान्य ज्वरो रुघाखोकी जस्ता स्वास्थ्यगत समस्याले सताउने देखिन्छ। लेनदेन या आर्थिक लगानी नगर्दा राम्रो होला। अनावश्यक विवादमा पार्ने देखिएकाले सावधानी अपनाउनुपर्ने देखिन्छ। गर्न आँटेको काममा ढिलासुस्तीका साथै अनावश्यक बाधा अड्चन समेत आइपर्ने छन्। दाम्पत्य सम्बन्धमा घरायसी विषयलाई लिएर असमझदारी बढ्ने छ। पठनपाठनमा आएका बाधा अड्चन यथावत् नै रहेका छन्। महिनाको उत्तरार्धतिर इष्टमित्रसँगको भेटघाट, धनागम, मनोरञ्जनका साथै मित्र मिलनको अवसर मिल्ने छ।

वृष उच्च मनोबलका साथ कार्यक्षमतामा समेत उल्लेख्य वृद्धि भएर जाने छ। शारीरिक आरोग्यताका साथै मानसिक प्रसन्नता अनुकूल रहने छ। प्रतिस्पर्धामा महत्त्वपूर्ण सफलता हात पर्नेछ। कर्मचारीवर्गका लागि मानसम्मानका साथै पदोन्नतिको सम्भावना छ। घरपरिवारमा हर्ष आनन्दको वातावरण छाउने छ। साथीभाइ, इष्टमित्र एवं आफन्तसँगको भेटघाटले मन रमाउने छ। खानपान भोगविलासका साथै मनोरञ्जनका अवसर मिल्नेछन्। आम्दानीका नयाँ स्रोत मिल्नाले आर्थिक पक्ष दरिलो भएर जाने छ। पठनपाठनका साथै धार्मिक एवं सामाजिक काममा समेत अभिरुचि बढेर जाने छ।

मिथुन शारीरिक आरोग्यताका साथै मानसिक प्रसन्नता अनुकूल रहने छ। आर्थिक कारोबारमा सफलता मिल्ने छ। सामान्य विवादको सम्भावना रहेकाले सोचविचारका साथ काम गर्नुपर्ला। दाजुभाइको सम्बन्धमा तितोपना बढ्नुका साथै आफन्तमा वैमनस्यताको समेत सम्भावना छ। अध्ययन अध्यापनमा अभिरुचि लाग्ने छ। प्रतिस्पर्धामा सफलताको योग छ। आर्थिक पक्ष बलियो भएर जाला। महिनाको उत्तरार्धमा भेटघाट, धनागम, मनोरञ्जनका साथै आकस्मिक यात्राको सम्भावना छ।

कर्कट अनायासै नसोचेका समस्या आइपर्नाले दिक्दारी गराउने छ। सामान्य चोटपटकको सम्भावना रहेकाले यात्रा एवं वाहन चलाउँदा सतर्कता अपनाउनुपर्ला। कार्यव्यस्तता बढेर जानाले शारीरिक तापका साथै सामान्य ज्वरोसम्बन्धी प्रकोपको सम्भावना देखिएको छ। गलत व्यक्तिको सङ्गतले पछुतो हुने देखिएकाले साथीसङ्गतमा विचार पुर्‍याउनुपर्ने छ। महिनाको उत्तरार्धमा आयस्रोत बढ्नुका साथै पारिवारिक भेटघाट, आकस्मिक यात्रा एवं मनोरञ्जनका अवसर मिल्ने छन्।

सिंह शारीरिक आरोग्यताका साथै मानसिक प्रसन्नता बढेर जाने छ। आकस्मिक यात्रा एवं स्थान परिवर्तनको सम्भावना छ। पठनपाठनमा गहिरो अभिरुचि लाग्ने छ। प्रतिस्पर्धामा सफलताको योग छ। कार्यव्यस्तता बढेर जानाले बेफुर्सदी बनाउने छ। धार्मिक एवं सामाजिक काममा अभिरुचि लाग्ने छ। महिनाको उत्तरार्धमा मनोरञ्जन, रमाइलो ठाउँको भ्रमण एवं धनागमको योग छ। पारिवारिक सुखसन्तोष अनुकूल रहने छ।

कन्या मनोबल उच्च रहनाले कार्यक्षमतामा प्रगति भएर जाने छ। प्रतिस्पर्धामा सफलता एवं विवादमा विजय तपाईंकै हुने छ। सामान्य शारीरिक एवं मानसिक अस्वस्थताको सम्भावना देखिन्छ। पठनपाठनका साथै बौद्धिक क्रियाकलापमा ह्रास आउने देखिन्छ। आर्थिक पक्षका काममा मध्यम सफलता मिल्ने छ। लेनदेनसम्बन्धी आर्थिक कारोबारमा सतर्कता अपनाउनुपर्ने देखिन्छ । घरायसी झमेला थपिनुका साथै दाम्पत्य सम्बन्धमा खटपट पर्न जाने देखिन्छ।

तुला उच्च मनोबलका साथ कार्यक्षमतामा अभिवृद्धि भएर जाने छ। स्वास्थ्यले राम्रै साथ दिने छ। काममा आएका बाधा अड्चन हटेर जानाले रोकिएका काम क्रमशः बन्दै जाने छन्। पारिवारिक सुखसन्तोष अनुकूल रहने छ। युवावर्गका लागि प्रेम तथा मनोरञ्जनका अवसर आउने छन्। दाम्पत्य सम्बन्धमा बलियो भएर जाने छ। आर्थिक पक्षका काममा सुधारको सम्भावना देखिन्छ। अध्ययन अध्यापनमा समेत राम्रो सफलता मिल्ने छ। महिनाको उत्तरार्धमा रमाइलो ठाउँको भ्रमण एवं मनोरञ्जनका अवसर मिल्ने छन्।

वृश्चिक कार्यव्यस्तता बढेर जाने छ। शारीरिक परिश्रमका साथै मानसिक तापसमेत बढ्ने छ। नयाँ आमदानीका स्रोत फेला पर्नाले आर्थिक पक्ष बलियो भएर जाने छ। रोकिएका काम क्रमशः बन्दै जाने छन्। पठनपाठनमा अनावश्यक बाधाअड्चन आइपर्नेछन्। धार्मिक एवं सामाजिक कार्यमा अभिरुचि जाग्ने छ। इष्टमित्र एवं आत्मीय जनसँगको भेटघाटले मन रमाउला। मनले सोचेका योजनामा अनावश्यक बाधाअड्चन आउनुका साथै ढिलासुस्ती समेत गराउने छ।

धनु सामान्य अस्वस्थताका साथै मानसिक अस्थिरता बढेर जाने छ। आकस्मिक यात्राको सम्भावना रहेको छ। सन्तान एवं परिवारको चिन्ताले केही पिरोल्ने देखिन्छ। घरायसी खर्चको मात्रा बढेर जाने छ। खराब व्यक्तिको सङ्गतले पश्चात्ताप पर्न सक्छ। ठूलो लगानी एवं लेनदेनसम्बन्धी कारोबार नगर्दा राम्रो होला। पठपाठनका साथै बौद्धिक क्रियाकलापमा अभिरुचि बढेर जाने छ। धार्मिक एवं सामाजिक कार्यमा सहभागी हुनुपर्ने छ। आर्थिक लेनदेन तथा ठूला लगानी नगर्दा राम्रो हुने छ। अध्ययन अध्यापनका साथै धार्मिक काममा अभिरुचि लाग्ने छ।

मकर शारीरिक परिश्रमका साथै मानसिक ताप कही ज्यादा पर्न जाने छ। धार्मिक एवं सामाजिक काममा सक्रिय सहभागिताको योग छ। पठनपाठनमा सामान्य बाधाअड्चन आइर्पे छन्। भाग्यले राम्रै साथ दिनाले आँटेताकेका काममा सफलता मिल्ने छ। आफन्त एवं साथीभाइसँगको भेटघाटले मन रमाउने छ। आर्थिक पक्ष दरिलो भएर जाने छ भने मनोरञ्जनका अवसर मिल्नेछन्। कार्यव्यस्तता बढेर जानाले शारीरिक ताप केही बढी पर्ने छ।

कुम्भ शारीरिक आरोग्यताका साथै मानसिक प्रसन्नता अनुकूल रहने छ। मनोबल उच्च रहनाले सोचेका योजनामा सफलता मिल्ने छ। प्रतिस्पर्धामा उल्लेख्य सफलता मिल्ने छ। पठनपाठनमा आइपरेका बाधा बड्चन क्रमशः हटेर जाने छन्। प्रेम सम्बन्धमा वियोगान्तको सम्भावना छ। दाम्पत्य सम्बन्धमा समेत चिसोपना बढ्न सक्छ। सन्तानको तर्फबाट सुखद समाचार सुन्न पाइने छ। महिनाको उत्तरार्धमा धनागम एवं मनोरञ्जनका अवसर मिल्ने छन्।

मीन अनावश्यक दौडधुप केही बढी नै पर्न जाला। पठनपाठनका साथै बौद्धिक क्रियाकलापमा अभिरुचि लाग्ने छ। धार्मिक एवं सामाजिक काममा अभिरुचि लाग्ने छ। साथीभाइ, इष्टमित्र एवं आफन्तको सहयोगले काम बन्ने छ। भाग्यले साथ दिनाले मनले सोचेका योजना सफल बन्नेछन्। आम्दानी बढेर जानाले आर्थिक पक्ष बलियो भएर जाने छ। सन्तान एवं पारिवारिक सुख राम्रो रहला। आर्थिक पक्षका काममा मध्यम सफलताको योग छ ।

उत्तर

१. उत्तर : ३० हजार अन्डा।

२. उत्तर : अस्पतालमा उनी जन्मिएको कोठाको नम्बर १९९८ थियो र मृत्यु सन् १९९८ मा भयो।

३. उत्तर : पाँच
एउटा खरायो+दुई बाँदर+दुई सुगा।
नदीतिर जाँदै गर्दा एउटा खरायोले छ हात्ती देख्यो। यस कारण खरायो नदीतिर जाँदै छ, हात्ती होइन। हरेक हात्तीले नदीतिर जाँदै गरेका दुई बाँदर देखे। भनेपछि बाँदर दुई मात्र थिए। बाँदरका हातमा सुगा थिए। सुगा पनि दुई मात्र भए।

तपाईंको प्रश्न, हाम्रा ज्योतिषी

नाम : ....

जन्म स्थान : .... जन्म मिति : ....

जन्म बार : ....

जन्म समय : .... ठेगाना : ....

प्रश्न : ....

जन्म समय अनिवार्य छ।

आफ्नो भविष्यबारे जिज्ञासा राख्नुहुने पाठकले कुपन भरी हरेक महिनाको १५ गतेभित्र युवामञ्चमा आइपुग्ने गरी पठाउनुहोला वा इमेल गर्नुहोला। तपाईंको जिज्ञासाको जवाफ ज्योतिषाचार्य हरिप्रसाद पौडेलले दिनुहुनेछ।

सामान्यज्ञान प्रतियोगिता साउन २०८०

एक समूहमा तीन प्रश्न रहने गरी सात समूहमा प्रश्न सोधिएको छ । यस प्रकार कुल २१ प्रश्न यस प्रतियोगितामा समावेश गरिएको छ । प्रतियोगितामा समावेश प्रत्येक समूहको अङ्क भार फरक छ । सम्बन्धित अङ्क भार समूहको अगाडि उल्लेख गरिएको छ । तर कुनै पनि समूहमा समावेश गरिएका प्रश्नको सही उत्तरमा दिइने अङ्क भने फरक–फरक छ । उदाहरणका लागि पहिलो समूहको अङ्क भार ६ हो र त्यसमा तीन प्रश्न समावेश छन । ती तिनै प्रश्नको उत्तरमा पाइने अङक फरक हुनेछ तर समूहको कुल अङ्क भारभन्दा बढी चाहिँ हुनेछैन । जस्तो समूह क मा समावेश तीन प्रश्नमा पहिलो, दोस्रो र तेस्रो प्रश्नको उत्तरमा पाइने अङ्क ३, १ वा २ हुनसक्छ ।

एवं प्रकारले सबै समूहको उत्तर दिनुपर्नेछ । सही उत्तरमा अङ्क प्राप्त हुनेछ । यस प्रकारले अङ्कका आधारमा प्रथम, द्वितीय र तृतीय हुनेलाई क्रमशः रु. १५००/–, १०००/– र ५००/– पुरस्कार दिइनेछ । अङ्क बराबर भएमा गोलाप्रथाद्वारा निर्णय लिइनेछ ।

अधिकतम अङ्क ल्याउने १० जनाको नामावली प्रकाशित गरिनेछ ।

प्रश्न

समूह (क), कुल अङ्क भार– ६

१. 'सानै छु बढ्न देऊ : बालविवाह होइन पढ्न देऊ' भन्ने अभियान सञ्चालन गर्ने प्रदेश कुन हो ? [१]

२) आइएसओ गुणस्तर चिह्न प्राप्त गर्ने पहिलो नगरपालिका कुन हो ? [३]

३) सन् २०२४ को गृष्मकालीन ओलम्पिक कुन देशमा आयोजना हुँदै छ ? [२]

समूह (ख), कुल अङ्क भार– ८

१) 'मैले देखेको नेपाल' नामक कृतिका लेखक को हुन् ? [३]

२) रानाथारू समुदायबाट विद्यावारिधि गर्ने पहिलो व्यक्ति को हुन् ? [३]

३) फ्रान्सको कान्स सहरमा आयोजित 'ला फेमे इन्डिपेन्डेन्ट फिल्म फेस्टिभल–२०२३' मा तीन वटा विधामा अवार्ड प्राप्त गर्ने नेपाली चलचित्र कुन हो ? [२]

समूह (ग), कुल अङ्क भार– १२

१) सेवा प्रवाहको दृष्टिकोणबाट स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको मूल्याङ्कनमा देशकै सर्वोत्कृष्ट अस्पताल कुन हो ? [५]

२) विश्व बैङ्कको क्षेत्रीय कार्यालय श्रीलङ्काबाट कहाँ सारिएको छ ? [३]

३) प्रस्तावित मेरापिक राष्ट्रिय निकुञ्ज कुन जिल्लामा पर्दछ ? [४]

समूह (घ), कुल अङ्क भार–त १४

१) विश्वका आठ हजार मिटरभन्दा अग्ला १४ वटै हिमाल दोहोऱ्याएर आरोहण गर्न सफल विश्वकै एक मात्र आरोही को हुन् ? [७]

२) विश्व स्वास्थ्य सङ्गठनले २०२३ मा प्रदान गरेको स्वास्थ्य पुरस्कार प्राप्त गर्ने नेपाली संस्था कुन हो ? [३]

३) सगरमाथाको चुचुरोमा पाइला टेक्ने बफाङी पहिलो आरोही को हुन् ? [४]

समूह (ङ), कुल अङ्क भार– १८

१) विश्वमा सबैभन्दा चिसो हुने ठाउँ कुन हो ? [६]

२) नेपालको पहिलो दैनिक पत्रिका ? [६]

३) 'स्पोर्ट्सम्यान सिप अवार्ड २०२३' जित्ने फुटबल खेलाडी को हुन् ? [६]

समूह (च), कुल अङ्क भार– २०

१) नेपालमा पाइने चराको गणनाका लागि प्रयोगमा ल्याइएको एप कुन हो ? [६]

२) अति कम विकसित राष्ट्र सबैभन्दा बढी कुन महादेशमा रहेका छन् ? [६]

३) वैज्ञानिकले बनाएको सबैभन्दा कालो वस्तु कुन हो ? [८]

समूह (छ), कुल अङ्क भार २२

१) नेपालको 'माउन्ड फुजी' भनेर कुन हिमाललाई चिनिन्छ ? [८]

२) आयात निर्यात कार्यलाई सहज बनाउन नेपाल सरकारद्वारा सञ्चालनमा ल्याइएको पोर्टल कुन हो ? [६]

३) कुन राष्ट्रले विश्वको पहिलो 'स्वच्छ वाणिज्य परमाणु रिएक्टर' बनाउन लागेको छ ? [८]

जेठ अङ्कको परिणाम पृष्ठ ७४ मा



उत्तर २०८० भदौ १५ गतेसम्म प्राप्त भइसक्नु पर्नेछ ।

२०८० साल साउनको सामान्यज्ञान

समूह (क), कुल अङ्क भार– ६

१) .... [१]

२) .... [३]

३) .... [२]

समूह (ख), कुल अङ्क भार– ८

१).. [३]

२) .... [३]

३) .... [२]

समूह (ग), कुल अङ्क भार– १२

१) .... [५]

२) .... [३]

३) .... [४]

समूह (घ), कुल अङ्क भार– १४

१) .... [७]

२) .... [३]

३) .... [४]

समूह (ङ), कुल अङ्क भार– १८

१) .... [६]

२) .... [६]

३) .... [६]

समूह (च), कुल अङ्क भार– २०

१) .... [६]

२) .... [६]

३) .... [८]

समूह (छ), कुल अङ्क भार २२

१) .... [८]

२) .... [६]

३) .... [८]

नाम : ....

ठेगाना : ....

२०८० जेठ १ देखि ३२ गतेसम्मका राष्ट्रिय घटना

जेठ २ गते :	सर्वोच्च अदालतद्वारा कैलालीको टीकापुरमा भएको हत्याकाण्डमा मुख्य योजनाकारका रूपमा सुरु र पुनरावेदन अदालत तहबाट दोषी ठहर भएका रेशम चौधरीको जन्मकैद सजाय सदर।
–	सरकारद्वारा २०६२/६३ को जनआन्दोलनका घाइते मुकेश कायस्थलाई राष्ट्रिय सहिद घोषणा।
जेठ ३ गते :	प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र अस्ट्रेलियाका सहायक विदेशमन्त्री टिम वाट्सबीच शिष्टाचार भेट।
–	प्रख्यात आरोही कामिरिता शेर्पाद्वारा २७ औँ पटक सगरमाथा आरोहण गरी विश्व कीर्तिमान कायम।
जेठ ४ गते :	नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाई अमेरिका पठाउने गिरोहमा संलग्न भएको आरोपमा टेकनाथ रिजाल र शमशेर मियाँ पक्राउ।
जेठ ६ गते :	बेलायती सेनामा कार्यरत रहँदा दुवै खुट्टा गुमाएका रोल्पाका हरि बुढामगरद्वारा कृत्रिम खुट्टाको सहारामा सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण गरी विश्व कीर्तिमान कायम।
जेठ ९ गते :	वीरेन्द्रप्रसाद महतो वन तथा वातावरण र प्रमिला कुमारी शिक्षा, विज्ञान तथा प्रविधि राज्यमन्त्रीमा नियुक्त।
जेठ १० गते :	नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाई अमेरिका पठाउने भन्दै ठगी गरेको आरोपमा राजनीतिज्ञसहित ३० जनाविरुद्ध मुद्दा दायर।
जेठ ११ गते :	रुकुमपश्चिमको बाँफीकोट गापा–८, दुलामा जिप दुर्घटना हुँदा पाँच जनाको मृत्यु।
जेठ १३ गते :	प्रतिनिधि सभाद्वारा सरकारको आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम बहुमतद्वारा पारित।
जेठ १४ गते :	राष्ट्रपति रामचन्द्र पौडेलद्वारा टीकापुर घटनामा जन्मकैदको सजाय पाएका पूर्वसांसद रेशमलाल चौधरीसहित चार सय ८२ जनालाई आममाफी।
जेठ १५ गते :	सरकारद्वारा आर्थिक वर्ष २०८०/८१ को कुल १७ खर्ब ५१ अर्ब ३१ करोडको बजेट प्रस्तुत।
जेठ १६ गते :	अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्वारा वीरगन्जमा कार्यरत वरिष्ठ निरीक्षक शशीभूषणकुमार यादवविरुद्ध करिब साढे चार करोड रुपियाँ बिगो कायम गरी विशेष अदालत काठमाडौँमा मुद्दा दायर।
जेठ १७ गते :	प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' चारदिने औपचारिक भ्रमणका क्रममा नयाँ दिल्ली प्रस्थान।
–	राष्ट्रपति रामचन्द्र पौडेलद्वारा नेपाल नागरिकता ऐन–२०६३ लाई संशोधन गर्न बनेको विधेयक प्रमाणीकरण।
जेठ १८ गते :	प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र भारतका राष्ट्रपति द्रौपदी मुर्मूबीच शिष्टाचार भेट।
जेठ २१ गते :	सर्वोच्च अदालतद्वारा राष्ट्रपतिबाट प्रमाणीकरण भएको नागरिकता ऐन तत्काल कार्यान्वयन नगर्न अल्पकालीन आदेश।
जेठ २४ गते :	नेपाल कम्युनिस्ट पार्टी (एमाले) ले केन्द्रीय कमिटी सदस्यको ७० वर्षे उमेर हद हटायो।
जेठ २७ गते :	ऐनसेल कर मुद्दाको फैसला नेपालका पक्षमा, मुलुकको ६५ अर्ब जोगियो।
जेठ २८ गते :	प्रस्तावित न्यायाधीश हरिकृष्ण कार्कीविरुद्ध संसदीय सुनुवाइ समितिमा २९ उजुरी दर्ता।
जेठ २९ गते :	स्वर्गद्वारी दर्शन गरी फर्किएको कार दुर्घटना हुँदा आठ जनाको मृत्यु।
जेठ ३२ गते :	नेपाल सरकारको मुख्य सचिवमा डा. वैकुण्ठ अर्याल नियुक्त। ■

– सरस्वती खत्री, क्षेत्री